# इन्द्रेणी संगालो

## वार्षिक मुखपत्र

जनवरी-डिसेम्बर, २०१२
वर्ष- १०, अंक- १०




## इन्द्रेणी समाज केन्द्र, नेपाल

## Indreni Samaj Kendra (ISK), Nepal

# सञ्चालित परियोजनासँग सम्बन्धित फोटोहरु




परिचयात्मक कार्यक्रमको प्र.जि.अ.श्री टीकाराम घिमिरे ज्यूले उद्घाटन गर्नुहुँदै ।



SPEC कार्यक्रम विस्तारको लागि अवस्था विश्लेषणको क्रममा सरोकारवालहरुसँग छलफल गर्दै ।



प्र.जि.अ.श्री जनकराज रेग्मी र स्था.वि.अ.श्री कृष्ण प्रसाद अर्यालबाट ट्रस पुलको संयुक्त उद्घाटन गर्नुहुँदै ।



समता र पहुँच कार्यक्रम अन्तर्गत सामाग्री प्रदान गर्नुहुँदै जिल्ला जनस्वास्थ्य प्रशासक श्री झलक शर्मा ।




शान्ति निर्माण खेल तथा वनभोज कार्यक्रमका सहभागीहरु



अध्यक्षका साथमा इन्द्रेणी समाज केन्द्र, नेपालका वर्तमान कर्मचारीहरु

इन्द्रेणी संगालो
बार्षिक मुखपत्र

**संरक्षक**
नविन्द्र थापा सोती

**सम्पादक**
रुद्र मस्राङ्गी

**सम्पादन सहयोगी**
बीरेन्द्र कुमार थापा
विजयी ज्ञवाली
राम बहादुर पाटा
शर्मिला पौडेल

**प्रकाशन सहयोग**
Save the Children

**कम्प्यूटर सेटिङ्, लेआउट**
अमृत गोतामे, बुटवल

**मुद्रण**
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल, रुपन्देही फोन : ०७१-५४५४६३

**पत्राचारको लागि**
इन्द्रेणी समाज केन्द्र, नेपाल
फोन : ०७५-५२००९१/०७८-५२०६८५
E-mail: iskpalpa@yahoo.com
isknawalparasi@gmail.com

## यस अंकमा


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | बालबालिकाका लागि सहयोग तथा सुरक्षित ..... | १-२ |
| २. | कफाग र भिएमएलआर सहयोग कार्यक्रम | ३ |
| ३. | कामका लागि विदेशिने कामादार तथा तिनका ... | ४-५ |
| ४. | इन्द्रेणीबाट पाल्पामा झोलुङ्गे पुल कार्यक्रम | ५ |
| ६. | समता र पहुँच कार्यक्रम | ६-८ |
| ७. | बाल विवाह र बाल यौनदुर्व्यवहार सम्बन्धी अध्ययन | ९ |
| ८. | बाल अधिकार र विद्यालय शान्ति क्षेत्र | १०-११ |
| ९. | बालसंरक्षण तथा उजुरी पेटिका कार्यनिर्देशिका | १२-१६ |
| १०. | बाल विवाह रोक्न मेरो सानो प्रयास | १६ |
| ११. | गाउँ बाल संरक्षण तथा संवर्द्धन उपसमितिहरुको .... | १७-१९ |
| १२. | बालबालिकासँग काम गर्दाको मेरो अनुभव | १९ |
| १३. | विद्यालय सेनेटरी प्याड कार्य निर्देशिका | २०-२१ |
| १४. | संस्थाका कार्यकारिणी सदस्यहरुको विवरण | २२ |
| १५. | संस्थाको हाल सञ्चालित परियोजनाहरु | २२ |
| १६. | संथामा कार्यरत कर्मचारीहरु | २३ |
| १७. | गा.वि.स स्तरीय बालक्लव सञ्जालका सदस्यहरु | २४-२६ |
| १८. | बालयौनदुर्व्यवहारबाट बच्ने व्यवहारिक उपायहरु | २७-२९ |
| १९. | म र मेरै कथा | २९ |
| २०. | बालयौनदुर्व्यवहार र संरक्षणका उपायहरु | ३०-३२ |
| २१. | बालक्लबद्वारा मञ्चित सडक नाटक | ३३-३६ |
| २२. | बालगीत | ३६ |
| २३. | पत्रपत्रिकाममा इन्द्रेणी समाज केन्द्र, नेपाल | ३७ |
| २४. | आर्थिक लेखापरीक्षण प्रतिवेदन | ३८-४० |
| २५. | वार्षिक समिक्षा गोष्ठी सम्पन्न | ४१ |
| २६. | बालविवाहलाई सामाजिक रुपमा बहिष्कार गरौं | ४२ |

# सम्पादकीय

## सामाजिक संस्था र यसको सामाजिक भूमिका

अहिले हामी र हाम्रो समुदाय वरिपरी थुप्रै संघ संस्थाहरुको नाम र थुप्रै संस्थागत गतिविधीहरु भएको देख्न र सुन्न पाउछौं । ति संस्थाहरु कुनै स्थानीय स्तरका त कुनै जिल्ला र राष्ट्रिय स्तरका संस्थाहरु रहेको देखिन्छ । यी संस्थाहरु प्रति समुदाय र व्यक्ति विशेष फरक फरक बुझाई र धारणा रहेको कुरा तिनीहरुको विभिन्न अभिव्यक्तिहरुबाट बुझ्न पाइन्छन् । मुलतः एक थरी तथा यदाकदा कुनै समुदाय र व्यक्ति विशेषले संस्थाहरुलाई नकारात्मक हेर्ने हेराईको रुपमा मौसमी संस्था, पारिवारीक एवं झोले वा कोठे संस्था, कुनै दल र व्यक्ति विशेषको संस्था, कुनै डोनर र डलरका लागि क्रियाशिल संस्था र डलरको खेती गर्ने संस्थाको रुपमा आरोप गर्ने गरिएको पाइन्छन् भने त्यस्तै गरी सकारात्मक पाटोमा स्वीकार्ने जमात वा व्यक्ति विशेषको कुरा गर्ने हो भने सहभागीतात्मक एवं समावेशीसंस्था, समुदायको माझ क्रियशिल सामाजिक विकास संस्था, अनि पादर्शीता र सुशासनका लागि क्रियशिल, समुदायमा आधारीत समुदायकै आशा र भरोसाको संस्था र जनवकालत र सशक्तिकरणका खातिर गठित एवं क्रियाशिल संस्था, राज्यको वैकल्पिक स्रोतको रुपमा स्वीकार्ने र व्याख्या गर्ने गरेको अवस्थाहरु पनि छन् ।

जे होस् यी दुवै खालका विश्लेषण र बुझाई आफ्नो ठाँउमा ठिकै तथा सान्दर्भिक होला र केही सत्यता पनि नहोला भन्न सकिदैन । विद्यमान् यी खालका विश्लेषण र व्याख्यालाई बुझेर साँच्चिकैको समुदाय, देश काल परिस्थिती अनुकूल संस्थाको रुपमा उत्कृष्ट र दिगो अनि आफ्नै मूल्य मान्यतामा स्थापित संस्थाको रुपमा विकास गर्न र पहिचान स्थापना गर्न वर्तमान् क्रियाशिल गैरसरकारी संस्थाहरुको प्रमुख चुनौतीको रुपमा लिनु पर्ने देखिन्छ । गैर सरकारी संस्थाहरु मुलतः संस्था दर्ता ऐन २०३४ अनुसार सम्बन्धीत जिल्ला प्रशासन कार्यालयमा दर्ता एवं समाज कल्याण परिषदमा आवद्धता रहदै आफ्नो संस्थाको लक्ष्य, उद्देश्य र कार्य प्रकृति अनुरुप विषयगत नेटवर्क/सञ्जाल आदिमा आवद्धता रहदै आएको देखिन्छन् । संस्थाहरुको संस्थागत विकास र यात्रा, दर्ता र आवद्धतामा मात्र टुंगिदैन यस पछिको थुप्रै चरणहरु पार गर्दै टिक्न सफल भए मात्र ति संस्थाहरुको अस्तित्व र पहिचान समुदाय स्तरमा पुग्छ र समुदायले त्यो संस्थासंगको सहकार्य र सम्बन्ध विकासले आफन्नोत्व ग्रहण गर्दै लैजान्छन् हैन भने माथि उल्लेख आरोपको शिकार एवं विल्ला भित्र सिमित नहोला भन्न सकिदैन । समुदाय स्तर एवं बाह्य विश्लेषण र बुझाईलाई चिर्दै स्थापित संस्था एवं पहिचान सहितको संस्था संचालन गर्न ठूलो चुनौति एकातिर छन् भने देख्ने र सुन्नेले फलनाले त फलना डोनरको फलना परियोजना ल्यायो रे डलरको भाउमा तलव र सेवा सुविधा लिन्छन् र परियोजनाको गतिविधी व्यक्तिगत स्वैच्छिक निर्णयमा सञ्चालन गर्छरे आफ्ना नातागोटालाई जागिर खुवाउछरे आदि आदिको आरोपलाई चिर्दै अगाडि बढ्न पनि उत्तिकै चुनौतीपुर्ण छन् । हजारौं संस्थाहरु मध्ये एकाध संस्थाहरु त्यस्तो नहोला भन्न सकिदैन ति खालका व्यवहारहरुले संस्था प्रति हेर्ने र बुझ्ने यस्ता प्रवृतिको विकास र तदनुसारको भनाई आएको कुरालाई पनि हामीले भुल्न हुदैन । यस प्रति उत्तिकै सजग र सचेत हुदैं संस्थागत मुल्यमान्यता र अस्तित्व स्थापित गर्न पनि उत्तिकै जिम्मेवार रहन जरुरी छन् । मुख्य गरि सामाजिक विकास संस्थाको रुपमा स्थापित गैरसरकारी संस्थाहरुले राज्यबाट निर्देशित नीति तथा कार्यक्रमलाई सफल कार्यन्वयनका लागि सरकारी सेवा सुविधाबाट टाढा वा पहुँचबाट विमुख वर्ग र समुदायका लागि पहुँच अभिबृद्धि गर्ने, स्थानीय स्तरका समुदाय र वर्गको आधारभूत हक अधिकार प्रति सचेत र सजग गर्दै सेवा सुविधा उपभोग र सही वितरणका लागि क्षमतावान् एवं सशक्तीकरण गर्नु, कार्यक्रम तहमा नयाँ भूमिका ( Role model) खेली कुनै नमूना योग्य कार्यहरुको प्रदर्शन,विकास र विस्तार गर्न सेवा प्रदायक तथा सेवाग्राहीलाई सहयोग गर्ने र तिनीहरुको आवश्यक क्षमता विकास र विस्तार गर्ने जस्ता महत्वपूर्ण कार्यहरुमा गैर सरकारी संस्थाहरुले भूमिका खेल्नु पर्छ यही नै एक जिम्मेवार गैरसरकारी संस्थाको प्रमुख भूमिका पनि हो । राज्यले पनि सामाजिक विकास संघसंस्थाहरुलाई उचित स्थान तथा कार्य सञ्चालनका लागि आवश्यक वातावरण निर्माणमा सहयोग गर्नु पर्छ र समन्वयत्मक एवं सहकार्यत्मक कार्य सम्बन्ध गैरसरकारी संस्थाहरुसंग पनि हुन आवश्यश्यक छ ।

– सम्पादक

# बालबालिकाका लागि सहयोगी तथा सुरक्षित वातावरण कार्यक्रम

इन्द्रेणी समाज केन्द्र नेपालले विगत एक दशक अघि देखि सेभ द चिल्ड्रेनको साझेदारीमा पाल्पा लगायत नवलपरासी जिल्लामा बालबालिका सम्बन्धी विभिन्न परियोजना संचालन गर्दै आएको छ । यसै क्रममा सन् २०१२ को प्रारम्भ देखि नवलपरासी जिल्लामा हिंसा, दुर्व्यवहार र शोषणबाट बालबालिकालाई संरक्षण दिदै



बालअधिकारको सुनिश्चितता गर्ने लक्ष्यका साथ बाल यौनदुर्व्यवहार तथा बालविवाहलाई न्युनिकरण गर्ने, बाल हिंसा, यौनदुर्व्यवहार र शोषणबाट संरक्षण तथा रोकथामका लागि बालबालिका तथा अभिभावकहरुलाई सचेत एवं सशक्तिकरण गर्ने र स्थानीय देखि जिल्ला स्तरसम्मका बालसंरक्षणसंग सम्बन्धीत सवै संयन्त्र वा निकायहरुलाई सवलीकरण एवं सक्रिय गर्ने उद्देश्य सहित बालबालिकाका लागि सहयोगी तथा सुरक्षित वातावरण (Supportive and Protective Environment for Children (SPEC) कार्यक्रम संचालन गरिएको छ । कार्यक्रमले नवलपरासी जिल्लाको भुजहवा, रमपुरवा, पाल्ही, सनई, सुनवल र दुम्कीबास गा.वि.स.लाई कार्यक्षेत्रको रुपमा निर्धारण गरी बालविवाह न्यूनिकरण र बालयौन दुर्व्यवहार केन्द्रित गर्न विधिलाई जोड दिएको छ । कार्यक्रमहरु सञ्चालनार्थ पहिलो वर्ष सन् २०१२ कूल वजेट रु. ३४,५०,०००।-आय व्यय सहित विभिन्न कार्यक्रमहरु सम्पन्न भएको छ । जस अर्न्तगत पहिलो वर्ष जिल्ला स्तरीय सरोकारवालाहरुबीच कार्यक्रम परिचयात्मक गोष्ठी, कार्य क्षेत्रका ६ गा.वि.स.को वेसलाईन अद्यावधिक, स्थानीय सरोकारवालाहरुबीच कार्यक्रम परिचयात्मक गोष्ठी,समुदाय स्तरमा जन्मदर्ता तथा विवाह दर्ता अभियान सञ्चालन, लगभग १३५० जना सदस्य सहित ५४ वटा समुदाय स्तरका बालक्लव गठन, परिचालन र सामाग्री सहयोग, ६ वटा गाउँ बालसंरक्षण समिति गठन, पुर्नगठन र नियमित बैठक सहयोग, ६ वटा गा.वि.स.स्तरीय बालक्लव नेटवर्क गठन र सहयोग, १९ वटा विद्यालय स्तरीय बालमञ्च गठन, परिचालन र सेनेटरी प्याड अक्षयकोष व्यवस्थापन र परिचालन, २५ जना शिक्षकहरुलाई वालयौन दुर्व्यवहार तथा वालविवाह सम्बन्धी सचेतनात्मक तालिम, ४७ जना गाउँ बालसंरक्षण तथा सम्बर्द्धन उपसमिती सदस्यहरुलाई बालअधिकार, बालविवाह र बालयौन दुर्व्यवहार सम्बन्धी सचेतनात्मक तालिम, जिल्ला वालकल्याण समिति सदस्य, तथा जिल्ला सरोकारवालाहरुलाई बालअधिकार, बालविवाह र बालयौन दुर्व्यवहार सम्बन्धी सचेतनात्मक तालिम, जिल्ला सरोकारवालाहरुबाट कार्यक्षेत्र अनुगमन भ्रमण, राष्ट्रिय बाल दिवस तथा अन्तराष्ट्रिय बालअधिकार दिवस, बालविवाह तथा बालयौनदुर्व्यवहार सम्बन्धी सडकनाटक तालिम तथा प्रर्दशनी, ६ वटा गाउँ बालसंरक्षण तथा सम्बर्द्धन उपसमितीहरुलाई बाकस, डराज तथा स्टेशनरी सहयोग, २५ जना बालबालिकालाई किशोरीकिशोरी अर्न्तरक्रियात्मक शिक्षण सिकाई सहजकर्ता तालिम तथा सेसन सञ्चालन, किशोरीकिशोरी अर्न्तरक्रियात्मक शिक्षण सिकाई सहजकर्ताहरुलाई प्रोत्साहन सामाग्री सहयोग, जिल्ला वालकल्याण समितिलाई फर्निचर तथा सामाग्री सहयोग एवं रणनैतिक कार्ययोजना निर्माणमा सहयोग एवं सहकार्य, महिला तथा वाल प्रहरीसेलसंगको सहकार्य र सहयोग, IEC सामाग्री उत्पादन र वितरण (भित्तेपात्रो, पोष्टर, पम्पलेट र स्टिकर), २ वटा स्थानीय मिडियाहरुसंग

सहकार्य एवं सहयोग,१५ विद्यालयमा वालसंरक्षण सम्बन्धी आचारसंहिता कार्यन्वयन र उजुरी पेटीका व्यवस्थापन,स्थानीय अभिभावक तथा धार्मिक नेतृत्वहरुसंग अन्तरक्रिया, मानव स्रोत व्यवस्थापन तालिम, संस्थागत रणनीति पुनरावलोकन तथा विकास, सामाजिक लेखापरिक्षण अभिमुखीकरण, १२ जना बालबालिकाहरुलाई छात्रबृति सहयोग, ४७ जना बालक्लवका सदस्यहरुलाई बाल यौन दुर्व्यवहार तथा बालविवाह न्युनिकरणका लागि सुरक्षित उपाय सम्बन्धी तालिम आदि सञ्चालन एवं सम्पन्न भएको छ भने स्थानीय गाउँ बालसंरक्षण तथा सम्वर्द्दन उपसमिति मार्फत अग्रसरता सहयोग अर्न्तगत जन्म तथा विवाह दर्ता शिविर सञ्चालन, बालविवाह रोकथामका लागि अभिभावक भेटघाट तथा घरदैलो अभियान, होर्डिङ्गबोर्ड स्थापना तथा व्यवस्थापन, बालयौन दुर्व्यवहार तथा बालविवाह सम्बन्धी सचेतनात्मक गोष्ठी तथा अर्न्तक्रियात्मक अभियान, बालबालिका सम्बन्धी आधारभूत तथ्याङ्क संकलन र अभिलेखन, विद्यालय शिक्षकहरुका दण्डरहित शिक्षण अभिमुखीकरण, बाल उद्धारका लागि सम्बन्धीत निकायमा प्रेषण तथा वकालत जस्ता कार्य सम्पन्न भएको छ । त्यस्तै गरी स्थानीय गा.वि.स.स्तरीय बालक्लव नेटवर्क वा सञ्जाल मार्फत अग्रसरता सहयोग अर्न्तगत गाउँ टोल सरसफाई कार्यक्रम, वालप्रतियोगितात्मक कार्यक्रम (हाजिरी जवाफ, चित्रकला बालविवाह सम्बन्धी सचेतना र्याली, वृक्षरोपण), अर्न्तरक्रियात्मक तालिम तथा अभिमुखीकरण, विद्यालय भर्ना अभियान तथा छात्रबृती सहयोग कार्यक्रम, साँस्कृति तथा खेलकुद प्रतियोगिताहरु, बालविवाह नियन्त्रणका लागि अभिभावक सचेतना कार्यक्रम संचालन एवं सम्पन्न भएको



छ। त्यस्तै गरी आगलागीबाट पीडित १ घरलाई आपतकालिन रहात सहयोग, ३ जना बालबालिकाहरुलाई पुर्नस्थापन तथा उद्धार सहयोग, गा.वि.स.स्तरीय बालक्लव नेटवर्कहरुलाई खेलकुद सामाग्री तथा बाकस सहयोग, ४२ जनालाई मनोसामाजिक मनोवमर्श सहयोग तथा उपचार र बार्षिक बुलेटीन प्रकाशन जस्ता कार्य सम्पन्न भएको छ ।

यस कार्यक्रमको केही गुणात्मक उपलव्धीहरुलाई हेर्ने हो भने आधारभूत कार्य संरचनाहरुको निर्माण र संचालन, आधारभूत सुचना तथा जानकारी सहित सचेतना प्रारम्भ, सरोकारवालाहरुसंगको समन्वय र सहकार्यको थालनी, स्थानीय तहमा बालबालिका र बालसरोकारीत निकायहरु संगठित, बालबालिका सरोकारीत बार्षिक कार्ययोजना तर्जुमा र कार्यन्वयनको शुरुवात, स्थानीय रुपमा बालबालिकाका लागि स्रोत व्यवस्थापन र परिचालन, बालविवाह रोकथाम र बालयौन दुर्व्यवहार न्युनिकरणमा बालबालिका तथा सरोकारवालाहरुको अग्रसरता आदि प्रमुख उपलब्धीको रुपमा पाइन्छन् ।

## एकछिन सोचौं नं ...!

३ जना केटाहरुले ५।५ रुपिया उठाएर भलिवल किन्न गएछ । पसलमा पुग्दा साहु नभएर कामदार मात्र रहेछ अनि एउटा वल १५ रुपियामा नै पाई किनेर केटाहरु निस्केछ । तर केही छिन पश्चात साहु आई पुगेछ र कामदार बाट केटाहरु किन आएका के गरेर गएछ सोधेछ र कामदारबाट थाहा भएछ । अनि साहुलाई टिठ लागेर विचरा केटाहरु घाटामा पर्छ त्यो मात्र नभई आफन्तीका छोराछोरी भएकोले ५ रुपियाँ फर्काइदिदा राम्रो होला भन्ठानेर १।१ को सिक्का रु ५ झिकी ल यो पैसा केटाहरुलाई फर्काउ भनि पठाएछ । कामदारले दगुर्दै गएर केटाहरुलाई रु.१।१ दिई आफुले रु२ राखेछ । यसरी हेर्दा केटाहरुले रु४ का दरले जम्मा गरी १२ रुपिया खर्चेको देखिन्छ । तर यो रु.१२ र कामदारले राखेको रु.२ गरी जम्मा १४ पुग्यो तर रु १ कता गयो ? ..............

# कफाग र भि.एम.एल.आर. सहयोग कार्यक्रम

इन्द्रेणी समाज केन्द्र, नेपालले सन् २०१२ मा सञ्चालन तथा कार्यन्वयन गरेका बिभिन्न कार्यक्रमहरु मध्ये सशस्त्र समुह तथा फौजमा आबद्ध भएका र उच्च जोखिममा रहेका बालबालिकाहरुको पुर्नएकीकरण कार्यक्रम (Reintegration of Children Associated with Armed Forces and Armed Groups-**CAAFAG** and Other Vulnerable Children-**OVC** Program) र नावलिक तथा पछि भर्ना भई बर्हिगमनमा परेका सहभागीहरुको सहयोग कार्यक्रम (Verified Minors & Late Recruits-**VMLR** Support Program) पनि एक हो । यो कार्यक्रम सेभ चिल्ड्रेन र युनिसेफको सहयोगमा नवलपरासी, पाल्पा, गुल्मी, लम्जुङ र बाग्लुङ जिल्लामा सञ्चालित छ ।

सशस्त्र समुह तथा फौजमा आबद्ध भएका र उच्च जोखिममा रहेका बालबालिकाहरुको पुर्नएकीकरण कार्यक्रम नेपालमा भएका दश बर्षे जनयुद्ध पश्चात सन् २००७ देखि शुरु भई हालसम्म निरन्तर रहेको छ । नेपालको १० वर्षे द्वन्द्धकालमा १८ बर्ष भन्दा कम उमेरका बालबाललिकाहरु युद्धमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न भएको थियो । तिनीहरु कोही आफ्नै स्वइच्छाले आवद्ध भएको पाइन्छ त कोही बिभिन्न प्रलोभन, डर र धम्कीको कारणले पनि आबद्ध भएको पाईन्छ । यसरी बालबालिकाहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा युद्धमा आवद्ध गराउनु उनीहरुको बाल अधिकारको हनन् वा बिरुद्धमा थियो । तसर्थ यस्ता उमेरका बालबालिकाहरुको परिवार, बिद्यालय र समुदायमा पुर्नएकीकरणको लागि यो कार्यक्रम कार्यन्वयन गरिएको हो । कार्यक्रमको शुरुवातदेखि हाल सम्म पहिचान भएका ४६१ (२१७ कफाग र २४४ ओभिसी नवलपरासीको मात्र) जना बालबालिकाहरु बिभिन्न औपचारीक शैक्षिक सहयोग, सीपमुलक तालिम, लघुउद्यमको लागि सहयोग, मनोसामाजिक स्याहार, औषधीउपचार सहयोग कार्यक्रमको माध्यमबाट लगभग ५० प्रतिशत बालबालिकाहरुको सफलता पुर्वक केश समापन भएको छ । यद्यपी ५० प्रतिशत केशहरु सफलतापूर्वक समापन भएता पनि अझै ५० प्रतिशत केशहरुको लागि फलोअप र सहयोगको आवश्यता निरन्तर भएको हुनाले सन २०१२ मा पनि यो कार्यक्रम निरन्तर रहेको हो । यसरी हेर्दा सन् २०१२ मा यी बालबालिकाहरुको लागि केही सामाग्री सहयोगहरु प्रदान एवं नियमित भेटघाट र फलोअप निरन्तर रहेको छ । यी बालबालिकाहरुलाई सामुदायिक तथा बिद्यालय तहमा पुर्नएकीकरणको क्रममा कुनै न कुनै बालक्लव वा यूवा क्लवमा आवद्ध भएका छन् जसका कारण उनीहरुलाई समुदायको पुर्नएकीकरण कार्यक्रममा सहयोग मिलेको छ । यस कार्यक्रम अर्न्तगत नै स्थानिय तहमा शान्ति निर्माणको लागि उनीहरुको नेतृत्वमा बिभिन्न प्रतियोगितात्मक कार्यक्रमहरु, खेलकुद कार्यक्रमहरु, सहभोज र बनभोज कार्यक्रमहरु पनि सम्पन्न भएको छ । यी कार्यक्रमहरु मार्फत समुदायमा कसरी द्वन्द्धको सृजना हुन्छ र यसलाई कसरी सकारात्मक रुपान्तरण गर्न सकिन्छ भन्ने कुरामा आधारित रहेर कार्यक्रमहरुको सञ्चालन गरेको छ । यस कार्यक्रमको लागि प्रविधिक रुपमा सर्च फर कमन ग्राउण्डले (Search For Common Ground-SFCG) सहयोग गरेको छ ।

दश बर्षे युद्धकालमा जनसेनाको रुपमा परिचालित भएका तर प्रमाणिकरणको समयमा १८ बर्ष नपुगेका र बिस्तृत शान्ति सम्झौता पश्चात भर्ना भएका लडाकुहरुको सन् २०१० मा बर्हिगमन भए पछि उनीहरुको लागि बिभिन्न सहयोग प्याकेजहरु अर्न्तगत शैक्षिक सहयोग कार्यक्रम सञ्चालित छ । नावलिक तथा पछि भर्ना भई बर्हिगमनमा परेका सहभागीहरुको सहयोग कार्यक्रम पनि सन् २०१० देखि नै निरन्तर रहेको छ । सन २०१२ को मेई १५ सम्म नवलपरासी र पाल्पा जिल्लामा कार्यक्रम् कार्यन्वयन भएता पनि सन् २०१२ को मेई १६ देखि थप लम्जुङ, गुल्मी र बाग्लङ जिल्लामा पनि कार्यक्रम बिस्तार भएको छ । यी सहयोग कार्यक्रम अर्न्तगत कार्यक्रममा सहभागीहरुको लागि आवश्यक पर्ने बिभिन्न शैक्षिक सहयोग, शिक्षाको लागि बिशेष सहयोग, लैगिक बिशेष सहयोग, बिद्यालय संरचना सहयोग, मेडिकल सहयोग रहने गरेको छ । हाल शिफारिस भई आएको केशहरु मध्ये १७ जना बिभिन्न जिल्लामा रहेर संस्था तथा परियोजनाबाट निरन्तर सहयोग लिई रहेका छन् । तिनीहरु मध्ये १० जनाले शैक्षिक सहयोग, ७ जनाले मनोसामाजिक स्याहार सहयोग र केही केशहरु थप उपचारको लागि यातना पिडित सरोकार केन्द्र (सिभिक्ट), नेपालमा प्रेषण गरेको, ३ जनाले शिक्षाको लागि बिशेष स्याहार सहयोग र ३ जनाले लैगिक बिशेष सहयोग लिईरहेका छन् । यसरी संस्थाले बिभिन्न परियोजनाहरुको माध्यमबाट दश बर्षे जनयुद्धको क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा आवद्ध भएका बालबालिकाहरुको सरल र सहज जीवनको लागि बिभिन्न खालका सहयोग पुऱ्याएको छ ।

# कामका लागी बिदेशिने कामदार तथा तिनका परिवारमा एचआईभी र एड्स कार्यक्रम

Integrated FP, HIV Prevention, Care treatment Services for Migrants & Spouse of Migrants in Palpa District.

नेपालमा एचआईभीको उच्च जोखिममा रहेका समुह मध्ये कामका लागी बिदेशिने ब्यक्ति तथा तिनका परिवार मुख्य जोखिम समुहमा पर्छन् । बिभिन्न कारणले बिदेशिने मध्ये कामका लागि भारतको बिभिन्न शहरमा जानेहरुमा एचआईभी देखिएको र उनिहरुको माध्यमबाट उनका श्रीमतीहरुमा एचआईभी देखिई रहेको छ । कामका लागि बिदेशिने मानिसहरुको जिल्ला मध्ये पाल्पा जिल्लाबाट पनि ४० हजारको संख्यामा बिदेशीने गरेको २०६८ को जनगणनाको तथ्यांकले देखाएको छ । भारतमा एचआईभीका कारण उच्च जोखिममा रहेका क्षेत्रहरु दिल्ली, मुम्बई, हरियाणा तथा पंजाबमा धेरै जसो मानिसहरु कामका लागि जाने गरेका साथै खाडी मुलुकमा पनि त्यत्तिकै संख्यामा जाने गरेको देखिएको छ । न्यु ईरा नेपालले गरेको पछिल्लो सर्बेक्षण २०१२ अनुसार पाल्पा जिल्लामा आप्रबासी कामदार २३९०५ तथा तिनका श्रीमती १७२१६ रहेको देखाएको छ । पाल्पा जिल्लामा भाद्र २०६९ सम्ममा १८५ जना एचआइभी संक्रमित पाईएका छन भने ति मध्ये सबै आप्रबासी तथा तिनका परिवार नै रहेको जिल्ला एड्स समन्वय समिति पाल्पाले जनाएको छ । इन्द्रेणी समाज केन्द्र, नेपाल मार्फत साथसाथ परियोजनाले पाल्पा जिल्लाका २३ गाबिस तथा १ नगरपालिकामा **आप्रबासी कामदार तथा तिनका परिवारलाई लक्षित गरेर आप्रबासी कामदार तथा तिनका दम्पत्तिका लागि एकीकृत एच.आई.भी. र यौन रोग रोकथाम, उपचार, स्याहार तथा परिवार नियोजन प्रवर्द्धन कार्यक्रम** लक्षित वर्गसम्मको पहुँचमा पुऱ्याउन सफल भएको छ । एकै केन्द्रबाट कम खर्चमा गुणस्तरीय ढंगले एच.आइ.भी सम्बन्धी स्वेच्छिक परामर्श, जाँच, यौनरोग परिक्षण, उपचार र परिवार नियोजन सेवा दिइएकोले अन्य जिल्लामा पनि विस्तारको लागि माग बढेको छ ।

### एचआईभी, यौन रोग रोकथाम तथा परिवार नियोजन प्रबर्द्धन कार्यक्रम

साथ-साथ परियोजनाले इन्द्रेणी समाज केन्द्र, नेपालको सहकार्यमा आप्रबासी कामदार तथा तिनका परिवारलाई लक्षित गरि एचआईभी,यौन रोग रोकथाम तथा परिवार नियोजन प्रबर्द्धन कार्यक्रम अप्रिल २०१२ देखि कार्यान्वयनमा ल्याएको छ । पाल्पा जिल्लाका २३ गाबिस तथा १ नगरपालिकामा उक्त कार्यक्रम संचालनमा रहेको छ । समुदाय सचेतिकरण, योजनाबद्ध समुह छलफल, लान्छना र भेदभाव न्यनिकरण कार्यक्रम, जोखिम समुहसंग घरभेट तथा प्रेषण, कण्डम बितरण, सम्बद्ध संस्थाहरुको सहकार्यमा राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु मार्फत सन्देश प्रवाहका



साथै यौन रोग तथा एचआईभी जांच र जांच पश्चात अन्य सेवाका लागि प्रेषण गर्ने गरेको तथा एचआईभी संक्रमित र आप्रवासी कामदार तथा तिनका परिवारलाई लक्षित गरी परिवार नियोजनका सेवा बिस्तार गरेको छ । यस कार्यक्रमद्वारा हालसम्ममा १२५४ जना लक्षित समुहलाई घरभेट गर्न सफल भएको छ भने यौन रोग तथा एचआईभी जांचका लागि त्यत्तिकै संख्यामा प्रेषण गर्नका साथै ४६९ जनालाई एचआईएभी जांच तथा परामर्श सेवा प्रदान गरेको छ । त्यस्तै गरी रेडियो कार्यक्रम **सन्चो विसन्चो** मार्फत १० गाविसमा १८३ जना आप्रबासी कामदार तथा तिनका परिवारसंग साप्ताहिक कार्यक्रम गरिरहेको छ ।

### उपलब्धी

- रेडियो समुहमा आबद्ध महिला तथा पुरुषहरु एचआईभी तथा यौन रोगको जांचका लागी जाने गरेको ।
- आफना यौन जोडिहरुसंग एचआइभीको बारेमा कुरा गर्न थालेको तथा संगै जांचका लागी ल्याउन थालेको ।
- एचआईभी संक्रमित भएको जांचबाट थाहा पाए पछि ४ जना पिएलएचआईभीले आफनो अवस्था खुलासा गरेका तथा समुदायले सहयोग गरेको ।
- एचआइभी संक्रमितलाई समुदायमै बस्ने वातावरण बन्नुका साथै समुदाय सहयोगी भएको ।
- समुदायका ब्यक्तिहरु एचआईभी सचेतिकरणका लागि




जागरुक हुने गरेका ।

- योजनाबद्ध समुह छलफलका कारण जोखिम समुहमा कण्डमको सहि प्रयोग तथा कण्डम प्रतिको लाज हटाउन सहयोगी भएको । लक्षित समुहका व्यक्तिहरुले साथी शिक्षकहरु तथा आउट रिच एजुकेटरहरुसंग कण्डम लिन आउन थालेका छन ।
- आफनो यौन जोडिहरुलाई जांचका लागिसंगै लिएर आउन थालेका छन ।
- जिल्ला एड्स समन्वय समिति तथा सम्बद्ध समुह संग सहकार्यमा कार्यक्रम गर्दा कार्यक्रमको प्रभावकारिता बढेको छ ।
- आप्रबासी कामदारका श्रीमतीलाई साथी शिक्षक बनाउंदा लक्षित समुदायमा पुग्न तथा सन्देश संप्रेषणका लागि सजिलो भएको ।

**निश्कर्ष तथा सुझाव**

- लक्षित बर्ग केन्द्रित तथा लक्षित बर्गको पहिचान गरेर कार्यक्रम संचालन गरिएको तथा सोही आधारमा परियोजना क्षेत्र छनौट गरिएको ।
- स्याटलाईट तथा स्टाटिक क्लिनिक सेवा लक्षित समुहको पायक पर्ने स्थानमा संचालन गरिएको ।
- सम्पूर्ण कर्मचारीहरुलाई तालिम पश्चात राष्ट्रिय निर्देशिकाको प्रयोग गर्दै परिचालन गरिएको ।
- कार्यक्रम संचालनका सम्पूर्ण रिपोर्ट अध्ययन गर्न सकिने यसका लागि इन्द्रेणी समाज केन्द्र, नेपालमा सम्पर्क गर्न सकिने ।
- साथ साथ परियोजनाले परिवार नियोजन तथा एचआईभी एकिकृत कार्यक्रम संचालनमा ल्याएको छ ।
- एचआईभी संक्रमितहरुका लागि सिएचबिसी कार्यक्रम पनि यसै कार्यक्रमसंगै कार्यान्वयनमा ल्याउन सकिएमा कार्यक्रम अझ प्रभावकारी हुने ।

# इन्द्रेणीबाट पाल्पामा झोलुङ्गे पुल कार्यक्रम

नेपाल सरकार तथा स्वीस सरकारको Trail Bridge Support Unit वीच भएको सम्झौता अन्तर्गत सामूदायिक झोलुङ्गे पुल निर्माण एवं मर्मत एक मुख्य कार्यक्रमको रुपमा रहेको छ । नेपाल सरकारको तर्फबाट स्थानीय विकास मन्त्रालय अन्तर्गतका DoLIDAR, झोलुङ्गे पुल शाखा तथा स्वीस सरकार विकास सहयोगका तर्फबाट Helvetas को TBSU/BBLL कार्यक्रमको संचालन एवं समन्वय गर्ने निकायको रुपमा रहेको छ। सामूदायिक झोलुङ्गे पुल कार्यक्रमको थालनी नेपालमा वि.सं.२०४५ सालमा भएको थियो । उपभोक्ताहरुको सक्रिय सहभागितामा स्थानीय समूदाय र संस्थाहरुमार्फत झोलुङ्गे पुलहरुको निर्माण तथा मर्मत गरि पहाडी भेगका जनसाधारणलाई नदी, खोला वारपार गर्ने सुरक्षित साधन एवं सुविधा निशुल्क उपलब्ध गराउन तथा स्थानीय स्तरमा क्षमता अभिवृद्धि गरि कार्यक्रमलाई दिगो वनाउनु यसको मुख्य उद्देश्यको रुपमा रहेको छ। कार्यक्रमको निरन्तरता एवं दिगोपनाको लागी स्थानीय स्तरमा सामूदायिक झोलुङ्गे पुल निर्माण तथा बृहत मर्मत कार्य साथै क्षमता अभिवृद्धि गर्ने कार्यमा समेत गैर सरकारी संस्थाको महत्वपुर्ण योगदान रहने गर्दछ। यस कुरालाई मध्यनजर गरि विगत २०५६ सालमा स्थानीय पुल कार्यक्रम र जिल्ला विकास समिति पाल्पाको संयुक्त निर्णयबाट इन्द्रेणी समाज केन्द्र, नेपाललाई विधिवत रुपबाट झोलुङ्गे पुल निर्माणको लागि सामाजिक परिचालन तथा प्राविधिक सहयोग कार्यमा कार्य थालनी गरिएको हो। सामाजिक परिचालन तथा प्राविधिक सहयोग अन्तर्गत यस संस्थाले ३२ वटा नयाँ निर्माण सम्पन्न र १० वटा बृहत मर्मत सम्भार सम्पन्न गरिएको छ। हाल ५ वटा झोलुङ्गे पुल निर्माणाधिन अवस्था र बाँकी ५ वटा सर्भे सम्पन्न भई कार्यन्वयनको अवस्थामा रहेको छ। भने यसै अवधीमा पाल्पा जिल्लाका लागि ११२ वटा झोलुङ्गे पुलको Long List तयार र ११४ वटा पुलको जिल्ला पुल रेकर्ड (DBR) पनि तयार गरिएको छ।



# मातृत्व तथा नवजात शिशु स्याहारमा समता र पहुँच कार्यक्रम

इन्द्रेणी समाज केन्द्र, जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको साझेदारी र पाल्पा जिल्लाका सरोकारीत सरकारी तथा गैरसरकारी संघ संस्था र निकायहरुको समन्वयमा मातृशिशु स्याहार तथा प्रजनन स्वास्थ्य सेवाका लागि कार्यरत रहेको छ । यसै क्रममा वि.सं. २०६८ चैत्र देखि २०६९ जम्मा ४ महिनाको लागि रामपुर बर्थिङ्ग सेन्टर अन्तर्गत रामपुर, सिलुवा, झिरुवास र मित्याल तथा झडेवा वर्थिङ्ग सेन्टर अन्तर्गत झडेवा,गोठादी, रहबास र बहादुर गा.वि.स.मा सुरक्षित मातृत्व तथा नवजात शिशु स्याहारमा समता पहुँच कार्यक्रम अर्न्तगत मातृशिशु स्वास्थ्य क्षेत्रमा क्रियाशिल रहदै आएको छ । यस परियोजना अर्न्तगत गरिएका कार्यक्रमहरुको बिबरणात्मक प्रगतिप्रतिबेदन यस प्रकार रहेको छ ।

| क्र.सं. | क्रियाकलाप | लक्ष्य | गुणात्मक तथा परिमाणात्मक उपलब्धी |
|---|---|---|---|
| उद्धेश्य १ समुदायका सरोकारित सदस्य तथा प्रतिनिधिहरुको सुरक्षित मातृत्व तथा शिशु स्वास्थ्य स्याहार एवं परिवार नियोजन सम्बन्धि ज्ञानको वृद्धि गर्ने । | | | |
| १ | जिल्ला तथा स्थानीय तहमा कार्यक्रम अभिमूखिकरण र जानकारी | १६२ | ८ गा.बि.स.का १४४ जना सरोकारवालाहरुले कार्यक्रमको जानकारी भई कार्यक्रम गर्नको लागि सहयोग गरेको |
| २ | गा.वि.स. स्तरीय महिला समूह गठन तथा कार्यक्रमको जानकारी | १२८ | |
| ३ | गर्भवती महिला र सासुहरु बीच अर्न्तकृया | १२० | ८ गा.वि.स.का २५३ जना गर्भवती महिला, सासु तथा अभिभावकहरुबीच गर्भवती स्याहार सम्बन्धि अर्न्तकृया भई रेखदेखको लागि प्रतिवद्धता भएको |
| ४ | मा.वि. तहमा अध्ययनरत किशोर किशोरीहरुको लागि प्रजनन् स्वास्थ्य सम्बन्धि अभिमूखिकरण | ८० | ८ वटा विद्यालयका ८६ जना किशोर किशोरीहरुले प्रजनन् स्वास्थ्य सम्बन्धि थप ज्ञान हासील गरेको । |
| ५ | परिवार नियोजन सम्बन्धि अभिमूखिकरण | ४० | २ जना भन्दा बढि सन्तान हुने महिला तथा पुरुष गरी ३९ जनाले परिवार नियोजन बारे ज्ञान प्राप्त भएको |
| ६ | नवजात शिशु स्वास्थ्य प्रतियोगिता | ० | ५ जना शिशुहरुको प्रतियोगिता र स्वास्थ्य अवस्थाको परीक्षण भएको |
| ७ | महिला स्वास्थ्य स्वयंसेवीकाहरु बीच सुरक्षित मातृत्व सम्बन्धि अर्न्तकृया | ७२ | ६८ जना महिला स्वयं सेवीकाहरु बीच अर्न्तकृया गरि भोगेको समस्या र अबलम्बन गर्नुपर्ने थप कुराहरु गर्न सफल भएको |
| उद्देश्य २ उपेक्षित महिला तथा परिवारहरुको सामाजिक साँस्कृतिक, आर्थिक शारीरिक वाधाहरुको उचित सम्बोधनका लागि उपयूक्त वातावरण तयार गर्ने । | | | |
| १ | स्थानीय सेवा प्रदायकहरुसँग अर्न्तकृया तथा अभिमूखिकरण | | २ वटा गा.वि.स.का ४२ जना प्राइवेट स्वास्थ्य सेवा प्रदायकहरुसँग अर्न्तकृया गरि सुत्केरी |

| क्र.सं. | क्रियाकलाप | लक्ष्य | गुणात्मक तथा परिमाणात्मक उपलब्धी |
|---|---|---|---|
| | | २४ | स्याहार सम्बन्धि सरकारी स्वास्थ्य संस्थाले गर्ने उपलब्धताको बारेमा जानकारी भएको |
| २ | विपन्न सुत्केरी स्याहारको लागि आयआर्जन सहयोग कार्यक्रम | १६ | ८ गा.वि.स.का १६ जना अति विपन्न गर्भवती हरुले सुत्केरी हुने बेलामा पौष्टिक आहार खरिद गर्न सक्ने गरि एक एक वटा बाख्राको पाठी प्रदान गर्न सफल |
| ३ | आपत्कालीन सुत्केरी उपचार कोष प्रवर्द्धन तथा परिचालन सम्बन्धि तालिम | २४ | ८ गा.वि.स.का २० जना महिलाहरुले कोष परिचालन सम्बन्धि तालिम प्राप्त गरेको छ। |
| ४ | स्टेचर तथा लाइट सहयोग कार्यक्रम | ६४ | ८ वटा गा.वि.स.बाट ८ टोलले एक एक वटा स्टेचर तथा लाईट प्राप्त गरेको छ |
| ५ | जिल्ला स्तरीय सरोकारवालाहरुसँग अर्न्तकृया कार्यक्रम | २४ | जिल्ला तहका सरोकारवालाहरुलाई समेत यो कार्यक्रमको जानकारी भई सकेपछि आगामी दिनहरुमा कार्यक्रम कार्यान्वयनको लागि केहि मार्ग निर्देशहरु प्राप्त भएको छ। |
| ६ | स्टाफ र सम्बधित सेवाप्रदायकहरुलाई समता र पहुँच कार्यक्रम सम्बन्धि तालिम | २२ | कार्यक्रम अगाडि बढाउनको लागि बाटो तयार भएको र सोही अनुसार कार्यक्रम अगाडि बढेको। |
| उद्धेश्य ३ स्थानीय स्तरका स्वास्थ्य प्रदायक व्यक्ति तथा निकायहरुको सुरक्षित मातृत्व तथा नवजातशिशु स्वास्थ्य सम्बन्धि ज्ञान र क्षमता विकास गर्ने । | | | |
| १ | गा.वि.स. स्तरीय महिला समूह नियमित बैठक खर्च सहयोग | १०४ | गा.वि.स. स्तरीय महिला समूहका सदस्यहरुको बैठक बसी कार्यक्रम अनुसारको सहयोग प्रदान गर्नको लागि सहजता भएको । |
| २ | रेडियोबाट गर्भवती महिलाहरुको सुरक्षितको लागि सन्देशमूलक कार्यक्रम प्रस्तुती | २ | कार्यक्रमलाई प्रभावकारिता ल्याउन मद्दत पुगेको । |

### उपलब्धिहरु

- सासु बुहारी बीचको गर्भवती, नवजात शिशु स्वास्थ्य र सुत्केरी स्याहार सम्बन्धि बुझाई स्तर राम्रो र सासुहरु समेत प्रतिवद्धता जाहेर गर्दै ।
- महिला समूहका प्रतिनिधिहरुलाई कार्यक्रमको जानकारी गराई गा.वि.स. स्तरीय महिला समूहसँग साझेदारी गरि कार्यक्रम सम्पन्न गर्न सफल भएको
- किशोर किशोरीहरुको संलग्नता बढेको छ।
- नवजात शिशु स्याहार र गर्भ र गर्भ जाँच गर्ने र स्वास्थ्य सुविधा बारे बुझाई राम्रो छ।
- गर्भवती शिशु एक सुत्केरी स्याहार बारे महिलाहरुको संलग्नता बढेको छ।
- सेवा प्रदायक निकायलाई गम्भिर बनाउन थालेको छ।
- ११३ जना गर्भवती महिलाहरु र ८३ जना सासु तथा ३४ जना श्रीमानहरु सँग गर्भवती अवस्थामा ध्यान दिनुपर्ने कुराहरुको बारेमा विस्तृत छलफल भएको ।

**स्टेचर तथा लाईट प्रदान भएको टोल**

- सिलुवा : वडा नं २
- झिरुवास : वडा नं. ९ डाबरा
- मित्याल : वडा नं. ३ मुढाबास
- झडेवा : वडा नं. ३ मौहाडाँडा
- बहादुरपुर : वडा नं.३ चरङ्गे
- रहबास : वडा नं. ५ खोप्यालुङ्ग
- गोठादी : वडा नं. ८ र ९

### कार्यक्रमको सिकाई

- समुदाय स्तरको बेस लाइन तयार गरेर मात्र फिल्डमा गए कार्यक्रम कार्यान्वयन गर्न र उपलब्धि मापनको लागि सजिलो हुने ।

- सरोकारित सबै निकायसँग समन्वय गरि कार्यक्षेत्र निर्धारण गर्नुपर्ने।
- सत प्रतिशत गर्भवतीलाई समेट्नु पर्ने वा चौमासिक रुपमा गर्नुपर्ने
- कोषको परिचालन र प्रभावकारीतालाई नियमित अनुगमन गर्नुपर्ने।

### चुनौती

- सरकारी निकायसँग तालमेल गरि कार्य गर्न गाह्रो।
- कुनाकाप्चामा सांस्कृतिक परम्परा
- महिला स्वयं सेवीकाहरुको परिवर्तन
- थोरै समयमा कार्यक्षेत्र धेरै भएकोले कार्यभार बढी

### आगामी मार्गनिर्देश

- स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई पनि आफ्नो काम सम्झी जिम्मेवारीपूर्ण ढंगले प्रस्तुत हुन आग्रह वा आदेशको लागि सम्बन्धित निकायबाट पहल गर्नुपर्ने।
- आगामी दिनहरुमा यस कार्यक्रमलाई नियमित गर्दा समयमै सम्झौता गरि समय देखि नै कार्यक्रम सम्पन्न भए अन्तिममा मात्र हतार नहुने थियो।
- स्वयं सेवीकाहरुलाई प्रभावकारी परिचालन गर्नुपर्ने
- स्वास्थ्य क्षेत्रमा महिला समूहलाई परिचालन गर्नुपर्ने।
- गाउघर क्लिनीकलाई नियमित र प्रभावकारी गर्नुपर्ने
- स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी कर्मचारीहरुलाई परिचालनमा जोड दिनुपर्ने।


"सहि संस्था छनोट गरि, गर्नु पर्ने गा.वि.स.मा कार्यक्रम गरेको हुनाले यो कार्यक्रम प्रभावकारी भएको छ र निरन्तर हुनुपर्दछ।"

भगवान भण्डारी, सभापति
पत्रकार महासंघ पाल्पा शाखा

**विपन्न सुत्केरी स्याहारको लागि आयआर्जन सहयोग**

१. स्यानी कुमारी श्रेष्ठ, सिलुवा ५ दारसीं भञ्ज्याङ्ग
२. थनीसरा गेलाङ्ग, सिलुवा ५ रेलडाँडा
३. यानीसरा खन्डलुक, झिरुवास १ क्यारुङ्ग
४. कृष्णा सोती, झिरुवास ३ अधमरा
५. यानी सरा खाम्चा, मित्याल ३ मुढाबास
६. शान्ती खन्गाहा, मित्याल १ दमार
७. शान्ता लम्काहा, रहबास ७ अखरीगौडा
८. शान्ता आले, रहबास ६ मटेरी
९. खिमी सरा ढेंगा, बहादुरपुर ९ सपाङ्गदी
१०. भुमीसरा लामिछाने, बहादुरपुर ४ टोकोलोक्दी
११. भुमीसरा घर्ती, गोठादी ३ भुटुके
१२. जिनीसरा दर्लामी, गोठादी ८ ढाडकुन
१३. सिता पोखेल, झडेवा ७ चित्रेछाप
१४. माया वि.क, झडेवा २ चन्डेनी
१५. सुन्दरी भट्टराई, रामपुर २
१६. अनुजा घर्ती, रामपुर १ विजपुर

## बालसिर्जना



# बालविवाह र बालयौन दुर्व्यवहार सम्बन्धी एक अध्ययन

नवलपरासी जिल्लामा सेभ द चिल्ड्रेन र इन्द्रेणी समाज केन्द्र, नेपालबाट बालविवाह र बालयौन दुर्व्यवहार सम्बन्धी एक अध्धयन सम्पन्न भएको छ । अध्ययन नमूना अध्ययन विधीबाट भएको थियो भने विशेष गरी समुह केन्द्रित छलफल विधी अर्न्तगत सरोकारवाला, शिक्षकहरुको समुह, महिला समुहका सदस्यहरुको समुह, गाँउबालसंरक्षण समितिका सदस्यहरुको समुह, बालबालिकाहरुको समूह, महिला स्वास्थ्य स्वयंसेवीका, स्थानीय प्रहरी चौकीका प्रहरीहरुसंग, स्थानीय राजनितिक दलका तथा समाजसेवी प्रतिनिधीहरुसंग र केही व्यक्तिगत मुख्य जानकारहरुसंग केन्द्रित छलफल र अर्न्तरक्रियाको माध्यमबाट भएको थियो । अध्ययन हाल इन्द्रेणी समाज केन्द्रको बालबालिकाको लागि सहयोगी तथा सुरक्षित वातावरण कार्यक्रम लागु भएका र आसपासका क्षेत्र केन्द्रित गरी भौगोलिक परिवेश, जातिगत बसोबास र संस्कृतिक परिवेश तथा पेशा व्यवसाय र आर्थिक क्रियकलापलाई समेत केन्द्रित गरी गरिएको थियो । यस अध्ययनले मुख्यतया समुदाय स्तरमा केही परम्परागत तथा आधुनिक रुपमा वैवाहिक प्रचलनको प्रभाव ( जस्तै विवाह, गौना र प्रेम विवाह) रहेको, मोवाइलको कारण बालविवाह र यौन दुर्व्यहारलाई प्रशय दिएको,प्राय बालक भन्दा बालिका बढी बालविवाह र यौन दुर्व्यवहारमा परेको,शहर उन्मुख क्षेत्रमा यौन क्रियाकलापहरु धेरै मात्रमा बढ्दो क्रममा रहेको, किशोर किशोरीहरु दुर्व्यसनीको जोखिमतामा रहेको, विवाह भएर पनि वैधानिक दर्ता धेरै ढिलो र कम भएको, प्राय किशोर अवस्थाका केटा केटीहरुले कुनै न कुनै खालको अश्लिल भिडियो हेरेको, प्राय गाडी, व्युटीपार्लर, फोटो स्टुडियो कपडा सिलाउने ठाँउ, विद्यालय तथा सार्वजनिक थलो आदिमा बालयौन दुर्व्यवहार हुने गरेको, खुल्ला सिमानाका कारण यौन क्रियाकलापहरु वढेको र त्यसमा नेपालीहरु सलग्न पाइएको, होटलहरुको अनुगमन आदि सुरक्षा निकायबाट खासै नभएको, दुर्व्यवहारका घटनाहरु घटेको तर समाज भित्रै लुकाएर राखेको,स्थानीय तहमा कुनै पनि जिम्मेवार निकाय नभई उजुरी आदि नआएको र प्राय एकान्त ठाउँ, गौचरण, वा नजिकैको जंगलमा दुर्व्यवहार हुने गरेको आदि तथ्य प्राप्त भएको थियो । यस्तै गरी अध्ययनको क्रममा बालविवाह न्यूनिकरणका लागि अभिभावक लगायत बालबालिकालाई नै सचेत गर्नु पर्ने, धार्मिक तथा सामाजिक नेतृत्वकर्ताहरुलाई आवश्यक सचेतना र गम्भिर वनाउनु पर्ने, निश्चित उमेरसम्म मोवाइल लिन नपाउने नीतिगत प्रावधान हुनु पर्ने, बृहत रुपमा बालअधिकार र बालविवाह बारे सचेतना गर्नुपर्ने, स्थानीय तहमा क्रियाशिल हुने खालको कानुनी प्रावधान र निकाय सक्रिय हुनु पर्ने, लक्षित समुदायमा आर्थिक उपार्जनलाई महत्व दिनु पर्ने, बालिकाहरुको शैक्षिक स्तरलाई व्यापक गर्नु पर्ने, बालक्लव आदिको माध्यमबाट बालविवाह तथा दाइजोको विकृति बारे सचेतनात्मक गतिविधी प्रभावकारी गर्नु पर्ने आदि कुरामा जोड दिइएको छ । त्यस्तै गरी बालयौन दुर्व्यवहार न्यूनिकरणका लागि विद्यालयमा उजुरी पेटीका सहित छानविन गर्ने वा सुनुवाई गर्ने जिम्मेवार निकाय तयार भई क्रियाशिल हुनु पर्ने,बालबालिका तथा अभिभावकहरुलाई दुर्व्यवहार बारे सचेतना र सशक्त गर्नु पर्ने, राज्यको जिम्मेवार निकायलाई उत्तरदायी बनाउनु पर्ने,प्रभावकारी नीतिको तर्जुमा सहित स्थानीय स्तरसम्म उचित कार्यन्वयन हुनु पर्ने,बालयौन दुर्व्यवहारका घटनालाई नलुकाई मिडियामा ल्याई दोषीलाई कावार्ही गर्ने वातावरण बनाउनु पर्ने, स्थानीय देखि जिल्ला स्तरीय प्रेषण संरचना प्रभावकारी गर्नु पर्ने, बेला बखत प्रहरी तथा पत्रकारहरुको भूमिकालाई पनि अघि सार्नु पर्ने आदि कुरामा छलफलका सहभागीहरुले वताएका थिए ।



# बालअधिकार र विद्यालय शान्ति क्षेत्र



**रुद्र मस्राङ्गी– कार्यक्रम व्यवस्थापक**
इन्द्रेणी समाज केन्द्र, नेपाल

नेपाल सयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र हो । यसले सयुंक्त राष्ट्रसंघबाट पारित विभिन्न अन्तराष्ट्रिय स्तरका सन्धी तथा महासन्धी प्रति सहमती एवं प्रतिवद्धता जनाउदै अनुमोदन गरिएको अवस्था छन् । विश्व स्तरका ति थुप्रै सन्धी तथा महासन्धीमा उल्लेख विविध प्राव्धान एवं व्यवस्था अनुरुप नेपालको तर्फबाट व्यवहारिक कार्यन्वयनका लागि पनि उत्तिकै जिम्मेवार छन् । नेपालले अन्तराष्ट्रिय स्तरमा व्यक्त प्रतिवद्धता र अनुमोदित सन्धी महासन्धी लगायत अभियानका पक्ष राष्ट्रको रुपमा आफुलाई प्रस्तुत गर्दै कछुवा गतिमा भए पनि आफना प्रतिवद्धता पुरा गर्न प्रयासरत देखिन्छ ।

यसरी विश्व स्तरमा व्यक्त राज्यको वैधानिक प्रतिवद्धताहरु मध्ये बालबालिकाको क्षेत्रमा सयुंक्त राष्ट्रसंघले सन् १९८९ नोभेम्वर २० मा पारित बालअधिकार महासन्धीलाई पनि सन् १९९० को सेप्टेम्वर १४ का दिन निशर्त अनुमोदन गरिएको छ । नेपाल सरकारले यस महासन्धीको अनुमोदन पश्चात झण्डै आधा जनसंख्या ओगटेका बालबालिका (१८ वर्ष मुनि) लाई आफनो नीति तथा कार्यक्रमको मुलधारमा ल्याउने कार्यको थालनी भएको देखिन्छ । यस महासन्धीको अनुमोदन पश्चात नेपालको आन्तरीम संविधान २०६३ सम्म आइपुग्दा संविधानको भाग एक (१) मा नागरिकता, भाग तीन ( ३) मा मौलिक हक, भाग चार (४) मा राज्यको दायित्व तथा निर्देशक सिद्धान्त र नीतिहरु अर्न्तगत धारा आठ ( ८) मा नागरिकता, धारा १२ मा स्वतन्त्रता, धारा १३ मा समान्ता, धारा १६ मा वातावरण तथा स्वास्थ्य, धारा १७ मा शिक्षा तथा संस्कृति, धारा २० मा महिला हक, धारा २२ मा बालबालिकाहरुको हक, धारा २९ मा बालशोषण विरुद्धको हक, धारा ३० मा श्रम सम्बन्धी हक र धारा ३३ र ३५ मा राज्यको दायित्व र राज्यको नीति सम्बन्धी व्यवस्थालाई बालबालिकासंग सम्बन्धीत गरी बालबालिका र बालअधिकार प्रति उद्धारता देखाएको छ । बालअधिकार र यसको व्यवहारीक कार्यन्वयनका लागि बालबालिका ऐन २०४८ र यस अर्न्तगत बालबालिका सम्बन्धी नियमावली २०५१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ बालन्याय (कार्यविधी) नियमावली २०६३, नेपाली बालबालिका विदेशी नागरीकलाई धर्मपुत्र धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रकिया २०६५ जस्ता ऐन, नियमावली तथा निर्देशिकाहरुको स्पष्ट व्यवस्था गरी सकारात्मक प्रयासको लागि अघि सरेको देखिन्छ ।

यसका अलवा दक्षिण एशियाली क्षेत्रिय कानुनी व्यवस्था अर्न्तगत वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धी व्यवस्था भएका सार्क महासन्धी सन् २००२ र दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनका लागि क्षेत्रिय व्यवस्था सम्बन्धी सार्क महासन्धी सन् २००२ लाई अनुमोदन एवं समर्थन गरिएको छ । त्यस्तै गरी अन्तराष्ट्रिय स्तरका दस्तावेज र यस प्रतिको प्रतिवद्धतालाई हेर्ने हो भने बालअधिकार महासन्धी सन् १९८९, सशस्त्र द्वन्द्धमा बालबालिकाको प्रयोग विरुद्ध बालअधिकार सम्बन्धी महासन्धीको ऐच्छिक प्रलेख २०००, बालबालिकाको वेचविखन, बाल वेश्यावृत्ति र अश्लिल चित्रण विरुद्ध बालअधिकार सम्बन्धी महासन्धीको ऐच्छिक प्रलेख २०००, स्वतन्त्रताबाट बञ्चित अल्पवयस्कको संरक्षण सम्बन्धी सयुक्त राष्ट्रसंघीय नियमावली, अल्पवयस्क न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्युनतम मापदण्डको नियमावली (बेइजिङ्ग नियमावली), अल्पवयस्क विज्याँई रोकथामका लागि सयुक्त राष्ट्रसंघीय मार्गदर्शन (रियाद मार्ग दर्शन) र गैर हिरासतीय उपाय सम्बन्धी सयुक्त राष्ट्रसंघीय न्युनतम मापदण्डको नियमावली (टोकियो नियमावली) लगाएत अन्तराष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धीहरु (बालबालिका सम्बन्धी) महासन्धी संख्या १३८८ र बालश्रम निकृष्ट स्वरुप सम्बन्धी महासन्धी १९९९ प्रति प्रतिवद्धता र अनुमोदन गरिएको अवस्था छ ।

यसरी बालअधिकारको क्षेत्रमा नेपालले गरेका थुप्रै प्रतिवद्धतालाई हेर्दा त्यसको व्यवहारीक कार्यन्वयनलाई हेर्न जरुरी छ । यसै मध्येको बालबालिकाहरुको महत्वपुर्ण तथा कियशिल समय व्यतित हुने महत्वपुर्ण क्षेत्र विद्यालय भएकोले विद्यालय र शिक्षाको अधिकार सुनिश्चितताको दौरानमा २०६८ जेष्ठ ११ मा नेपाल सरकारको मन्त्री

परिषद बैठकले पारित विद्यालय शान्ति क्षेत्र घोषणालाई प्रशङ्ग बनाई केही चर्चा परिचर्चा गरौं ।

बालअधिकार अर्न्तगत विकासको अधिकारमा महत्वपुर्ण भूमिका शिक्षा र शिक्षाको मुख्य थलो विद्यालय हो भन्ने कुरामा कुनै दुईमत छैन किन की बालबालिकाको रगत, हाड र मष्टिस्कको दैनिक विकाससंगै उसको सामाजिक, सांस्कृतिक विकासमा समेत विद्यालय बालबालिकासंग संगै रहेको हुन्छ । भनिन्छ, शान्तिले माया, सदभाव, वौद्धिकता तथा न्यायको विजारोपण गर्दछ र यसको सम्बन्ध तथा सरोकार व्यक्ति, परिवार, समुदाय हुदै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्म रहन्छ । साधारणतया शान्ति क्षेत्र भनेको शत्रुता, लडाई, झगडा, विनास, हिंसा तथा भेदभावको स्थिती नभएको वातारणलाई बुझिन्छ । यसमा व्यक्ति, परिवार, विद्यालय, समुदाय, तथा सर्वत्र क्षेत्रको प्रत्यक्ष एवं अप्रत्यक्ष संलग्नता रहने गर्दछ । नेपालले विश्व समुदाय समक्ष व्यक्त शैक्षिक प्रतिवद्धता अर्न्तगत सवैका लागि शिक्षा, सहश्राव्दी विकास लक्ष्यको आधारमा तर्जुमा भएका विद्यालय क्षेत्र सुधार योजनाको महत्वपुर्ण पक्षहरु मध्ये विद्यालय शान्ति क्षेत्र एक प्रमुख पक्ष हो ।

> विद्यालय शान्ति क्षेत्र, शिक्षा नियमावली २०५९ को नियम १९२ को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको शिक्षा मन्त्रालयको मातहतमा २०६८ जेष्ठ ११ गते नेपाल सरकारको मन्त्री परिषदको निर्णय पश्चात लागू छ ।

बालबालिकाको सर्वोपरि विकासको निम्ति विद्यालयको वातावरण शान्त, सुरक्षित र रमाइलो हुन अपरिहार्य छ । विद्यालय बालबालिकाको सर्वाङ्गीण विकास गर्ने स्थान पनि भएकोले यस भित्रको समग्र वातावरण र क्रियाकलापहरुले बालबालिकाको आनीबानी, आचरण र व्यवहार सहित समग्र भविष्यको निर्धारण हुने कुरामा विश्वास गर्न सकिन्छ । बाल अधिकारका विभिन्न पक्षहरु मध्ये उनीहरुले गुणस्तरीय शिक्षा पाउनु एउटा महत्वपुर्ण अधिकार हो । तदनुसार नै राष्ट्रिय कानुन तथा अन्तराष्ट्रिय सन्धी सम्झौतामा पनि बालबालिकाको शिक्षा सम्बन्धी अधिकारलाई सुनिश्चित गर्न नेपाल सरकारले प्रतिवद्धता व्यक्त गरिएको पाइन्छन् ।

विद्यालय शान्ति क्षेत्र, शिक्षा नियमावली २०५९ को नियम १९२ को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको शिक्षा मन्त्रालयको मातहतमा २०६८ जेष्ठ ११ गते नेपाल सरकारको मन्त्री परिषदको निर्णय पश्चात आवश्यक विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यन्वयन निर्देशिका २०६८ सहित सामुदायिक तथा संस्थागत विद्यालयमा लागु भएको अवस्था छ । विद्यालय शान्ति क्षेत्रमा मुख्य गरी विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्नु, विद्यालयलाई दलगत राजनीतिक तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु र विद्यालयलाई भेदभाव, हिंसा, दुर्व्यवहार, वेवास्ता र शोषणबाट मुक्त राख्ने उद्देश्य रहेको छ । यी उद्देश्यलाई उपलब्धीको रुपमा हासिल गर्न हामीले आ-आफना ठाँउबाट खेल्नु पर्ने भूमिकामा निर्भर छ किन की राज्यको नीतिगत घोषणालाई व्यवहारीक कार्यन्वयन गर्ने तह भनेको सम्बन्धीत विद्यालय र विद्यालय सेवा क्षेत्रका विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय राजनैतिक दल, स्थानीय निकाय लगाएत सरोकारीत संघ संस्था र शिक्षा प्रेमी तथा समाजसेवी महानुभावहरु नै हो ।

राज्यबाट घोषित विद्यालय शान्ति क्षेत्र घोषणालाई व्यवहारीक सार्थकताका लागि विद्यालय मैत्री वातावरण युक्त बनाउनु पर्ने, शिक्षण सिकाई हिंसा एवं सजाय रहित वनाउनु पर्ने, विद्यालय वातावरण भेदभाव रहित समानताको अनुभूत गर्न लायकको हुनु पर्ने, विद्यालयको हरेक निर्णय तहसम्म बालसहभागीतालाई प्राथमिकता दिनु पर्ने, विद्यालयलाई दलिय स्वार्थ र प्रभावबाट मुक्त गर्नु पर्ने, बाल दुर्व्यवहार, हिंसा र शोषणबाट मुक्त गर्नु पर्ने, बालबालिकाको विचार भावनालाई उचित स्थान दिई तिनीहरुको सृजना र प्रतिभा विकासलाई ध्यान दिनु पर्ने, विद्यार्थीको मनोभावना एवं बालमनोविज्ञान अनुसार शान्त र मनोरम वातावरणमा पढ्न, लेख्न र खेल्ने व्यवस्थालाई जोड दिनु पर्ने, खानेपानी, चर्पी, प्राथमिक उपचार आदिको उचित सुविधा हुनु पर्ने, शिक्षक, अभिभावक र विद्यार्थीबीचको त्रिपक्षीय समझदारी र समान बुझाईमा आवश्यक आचारसंहिता सहित विद्यालय प्रशासन तथा शैक्षिक क्रियाकलापहरु सञ्चालन हुनु पर्ने आदि कुरालाई जोड दिएको छ ।

यसरी विद्यालय शान्ति क्षेत्र घोषणा बालअधिकारको उचित कार्यन्वयन अर्न्तगत एउटा आयमको रुपमा लिन सकिन्छ । यसलाई सवै तह र तप्काका सवै सामुदायिक तथा संस्थागत विद्यालयहरुले व्यवहारीक कार्यन्वयन गऱ्यो भने सिंगो नेपाल सरकार बालअधिकार प्रति जवाफदेहीता सहित अग्रसर भएको सावित हुन्छ र विद्यालयबाट राज्यको नीति निर्देशिकामा आधारीत कार्यन्वयन गर्न सफल निकायको रुपमा पहिचान स्थापित हुन्छ ।

# बालसंरक्षणका लागि विद्यालय आचारसंहिता एवं उजुरी पेटिका कार्यान्वयन निर्देशिका २०१२

(यो निर्देशिका इन्द्रेणी समाज केन्द्र, नेपालको सहकार्य गर्ने विद्यालय प्रयोजनको लागि हो ।)

नेपाल सयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धी १९८९ को पक्ष राष्ट्र हो । यो महासन्धीलाई सन् १९९० को




सेप्टेम्बर १४ का दिन नेपालले निशर्त अनुमोदन गरिएको थियो । उक्त अनुमोदन पश्चात बालबालिका ऐन २०४८, बालबालिका नियमावली २०५१ हुदै अन्तरीम संविधान २०६३ मा बालअधिकार मौलिक हकको रुपमा स्थापित गर्ने लक्ष्यका साथ आवश्यक नीति एवं बार्षिक र आवाधिक कार्ययोजनाको निर्माण र पारित भई कार्यन्वयनको स्थितीमा छ। यी महासन्धी तथा ऐन, नियमावलीहरुमा बालअधिकारका धेरै सवाल र पक्षहरुलाई विभिन्न ढंगले संवोधन गरिएको छ । मुख्य गरि बाल अधिकारका चार क्षेत्र बाँच्न पाउने अधिकार, संरक्षण हुन पाउने अधिकार, बिकास गर्न पाउने अधिकार र सहभागीता हुन पाउने अधिकार अर्न्तगत सुरक्षित जन्मनु देखि रोगबाट बँच्न खोप, औषधी उपचार, पौष्टिक आहार र उचित वासस्थान एवं लत्ताकपडाको व्यवस्था हुनु, गाली गलौज, कुटपिट, हेला, श्रम तथा यौन शोषणबाट संरक्षण, यौन दुर्व्यवहार, झैंझगडा, युद्ध मानव बेचविखन लागुपदार्थ दुर्व्यसनी जस्ता हानीकारक कार्य र व्यवहारबाट जोगाउनु, गुणस्तरीय शिक्षाका लागि मैत्रीपुर्ण वातावरणमा शिक्षण, जीवनोपयोगी शिक्षा र स्वास्थ्यको सुविधा हुनु र आफनो विचार भावना अभिव्यक्त सहित उचित सम्मान र कदर भई कार्यन्वयनमा आउनु र स्वतन्त्र रुपले कुनै पनि संघ संस्था वा क्लवमा आवद्ध रहन पाउनु नै बालअधिकारको आधारभूत अधिकारहरु हुन । यी अधिकारहरुको उचित कार्यन्वयनमा स्थानीय तहका सरकारी तथा गैरसरकारी संघसस्था, कार्यालय र विद्यालय तथा अन्य सरोकारीत निकायहरुको अग्रणीय भूमिका हुने गर्दछ । यसै क्रममा विद्यालय तहमा बालअधिकारको प्रत्याभूति सहित गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयमा बालसंरक्षण नीति तथा आचारसंहिता कार्यन्वयन गर्न सान्दर्भिक ठानी यसको व्यवस्थित कार्यन्वयनको लागि यो निर्देशिका जारी गरिएको छ ।

**बाल संरक्षण नीतिको लक्ष्य:**

- बालमैत्री वातावरण निर्माण गर्दै बालबालिका माथि हुने हिंसा, शोषण, हेला बेवास्ता गालीग्लौज, सजाय र यौन दुर्व्यवहारलाई रोकथाम र न्युनिकरण गरी बालअधिकारको सुनिश्चित गर्ने ।

**बाल संरक्षण नीतिको उद्देश्य :**

- बालबालिकालाई पर्ने सक्ने जोखिम र बालदुर्व्यवहारजन्य समस्याका बारेमा चेतना बढाउने ।
- बालबालिकालाई दुर्व्यवहारबाट संरक्षण हुन उनीहरुलाई सचेत र सशक्त गर्ने ।
- बालयौन दुर्व्यवहारको कारण बालबालिकाहरु माथि हुने चिन्ता, डर र भयलाई रोकथाम एवं न्युनीकरण

गर्ने ।

- बालयौन दुर्व्यवहारको सवालमा विद्यालयले खेल्ने भूमिका स्पष्ट भई दोषी माथि कारवाहीको सुनिश्चित गर्ने ।
- दुर्व्यवहारमा परेका बालबालिकाहरुको शैक्षिक पुनर्स्थापनामा सहयोग गर्ने ।
- बिद्यालय समय र हाता भित्र बालबालिका माथि दुर्व्यवहार भएको छैन भन्ने कुरा सुनिश्चित गर्ने ।

**१) विद्यालय बाल संरक्षण नीति :**

- सबै खालका बालदुर्व्यवहार बालअधिकारको गम्भीर हनन् हो । बालदुर्व्यवहार कहिल्यै पनि स्वीकार्य हुनेछैन ।
- दुर्व्यवहार र शोषणबाट संरक्षण हुन पाउनु सबै बालबालिकाको आधारभूत अधिकार हो ।
- बालअधिकार सम्बन्धी महासन्धिको प्रावधान अनुरुप बालअधिकारको स्थितिमा सुधार ल्याउनु आवश्यक छ र हामी सवै त्यही उद्देश्यलाई पुरा गर्न प्रतिवद्ध छौं ।
- हाम्रा विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण बालबालिकाहरुलाई संरक्षण दिनु हाम्रो कर्तव्य, दायित्व र प्रतिवद्धता हो ।
- हाम्रो विद्यालय परिसर र समय भित्र शिक्षण क्रियाकलापमा संलग्न हुन्छौं र हाम्रा सहकर्मी शिक्षक र विद्यार्थी सवैले बालबालिकाको संरक्षण दिने दायित्व बोकेका हुन्छौं यो कुरा हामीबाट सुनिश्चित गर्नेछौं ।

**बालसंरक्षण अर्न्तगत बालयौन दुर्व्यवहार न्यूनिकरण गर्न विद्यालयले के गर्ने ?**

निम्न उपायहरु अप्नाई बालबालिकालाई दुर्व्यवहारबाट संरक्षण दिने प्रतिवद्धता पुरा गर्ने:

**१. चेतना अभिबृद्धिः** सबै शिक्षक, कर्मचारी, अभिभावक र सम्बन्धित सबैमा बालदुर्व्यवहारको समस्या र बालबालिका माथि हुनसक्ने खतरा बारे सचेतना गर्न आफुबाट घटना नघटाउन सुनिश्चित गर्ने ।

**२. रोकथामः** चेतनाको अभिबृद्धि गराएर र असल व्यवहारको माध्यमबाट शिक्षक, कर्मचारीहरु र सम्बन्धित सबैजना बालबालिका माथि हुने दुर्व्यवहारमा कमी ल्याउनको लागि सुनिश्चित गर्ने ।

**३. जानकारी/उजुरीः** बालबालिकाको संरक्षणको सम्बन्धमा हुने हाम्रो चिन्ता र सरोकार तथा त्यस सम्बन्धमा चाल्नु पर्ने कदमका विषयमा सबै शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी र सम्बन्धित पक्षहरुलाई जानकारी गर्दै विद्यालय तहमा उजुरी तथा मर्मस्पर्शी बाकसको व्यवस्था गरी उजुरी पेश गर्न र उचित सुनुवाईको व्यवस्था गर्ने ।



श्री जनता उच्च माध्यमिक विद्यालय

भुजहवा २ नवलपरासी

यस विद्यालयमा कार्यरत हामी सम्पुर्ण शिक्षक तथा कर्मचारीहरु तपशिलका आचारसंहितामा रही विद्यालय र विद्यालयको शैक्षिक विकासमा क्रियशिल रहन प्रतिबद्धता व्यक्त गर्दछौं ।

शिक्षक तथा कर्मचारी आचार संहिता

हामी गर्छौं र गराउँदछौं

- विद्यालयको निर्धारीत पोशाक र समयमा सहभागी भई कार्यमा संलग्नता ।
- विद्यार्थी बालबालिकालाई मित्रवत व्यवहार र सम्मानजनक संवोधन ।
- बालबालिकाको विचार र भावनाको उचित कदर र आवश्यक सहभागीता ।
- बालबालिकाको सामाजिक, शारिरीक र भावनात्मक सुरक्षा ।
- विद्यालयमा नियमित उपस्थिती र निर्धारित समयसम्म अध्यापन ।
- विद्यालयको नीति र नियमको पुर्ण पालना र सम्मान ।
- सम्बन्धित विषय शिक्षण गर्दा विषय र पाठ अनुसार बार्षिक तथा दैनिक पाठ योजना तयार गरी शिक्षण ।
- शैक्षिक सत्रमा कम्तिमा ८५ प्रतिशत विद्यालयको शैक्षिक कार्यमा उपस्थित भई अध्यापन ।
- गुणस्तरीय शिक्षा दिनका लागि शिक्षण सामाग्रीहरुको तयारी र तदनुसार शिक्षण ।
- हरेक विद्यार्थीको क्षमता, दक्षता र प्रतिभाको खोजी, बिकास र प्रवर्द्धन ।
- बालअधिकारको पुर्ण सम्मान र सुनिश्चितताका लागि सहयोग ।
- बालयौन दुर्व्यवहारको न्युनिकरण र त्यसमा संलग्न दोषीलाई उचित कावाही ।
- शैक्षिक संस्थाको माध्यमद्धारा राष्ट्रिय भावना जागृत गरी देश प्रतिको भावनात्मक एकता र सामाजिक सदभाव ।

हामी गर्दैनौ र गर्न दिदैनौ

- बिद्यार्थीलाई शारिरीक तथा मानसीक यातना र अन्य बालदुर्व्यवहार ।
- बालबालिकालाई छोएर वा नछोइकन गरिने कुनै पनि बाल यौन दुर्व्यवहार ।
- विद्यालय हाता भित्र कुनै पनि धुम्रपान तथा मद्यपानको सेवन ।
- बालबालिकाको मनोभावनामा आँच पुग्ने खालका गाली ग्लौज र हेला ।
- विद्यालय नियम विपरीत कुनै पनि दलीय राजनितिक प्रभाव र प्रयत्न ।
- विद्यालय समय भित्र विना जानकारी बाहिर जान र विना सुचना विदा बस्न ।
- विद्यालयको नियम विपरीत रिर्पोटीङ्ग तथा प्रेश बक्तव्य प्रकाशित र प्रकाशन ।
- कुनै पनि भाषा सम्प्रदाय तथा धर्म बिरोधी कार्य वा गतिधि ।

सौजन्य : सेभ द चिल्ड्रेन र इन्द्रेणी समाज केन्द्रको साझेदारीमा सञ्चालित बालबालिकाको लागि सहयोगी तथा सुरक्षित वातावरण कार्यक्रम

**४. गोपिनीयताः** विद्यालयमा बालयौन दुर्व्यवहारजन्य उजुरी सम्भव भए गोप्य रुपमा वा कसैले चाहन्छन भने प्रत्यक्ष सुनुवाई गर्न सकिने छ। पीडक र पीडित दुवैको गोपिनीताको हकलाई सम्मान गर्दै आवश्यक छानवीन पश्चात दोषी ठहरीएमा दोषीलाई कानुनत आवश्यक कार्यवाही चाल्ने कुरामा सुनिश्चित गर्ने ।

माथि उल्लेखित जानकारी/उजुरी र कार्यवाहीको मापदण्ड उचितरुपले पुरा गरिएको वा नगरिएको निम्न कुराहरुबाट यकिन गर्ने ।

- बालयौन दुर्व्यवहारका दृष्टिकोणले परेका वा उठाईएको हरेक उजुरी वा समस्यालाई गम्भीररुपमा लिईने छ ।
- समस्यामा परेका बालबालिकाहरुको संरक्षण सुनिश्चित गर्न सकारात्मक कदम चालिने छ ।

- समस्या उठाउने र समस्यामा परेका सबै बालबालिका, शिक्षक, कर्मचारी र अभिभावकहरुलाई सहयोग पुऱ्याइनेछ ।
- गोप्य र विश्वासनीय ढंगले अनुसन्धानको प्रक्रियालाई अगाडि बढाउन सहयोग गर्नेछन् ।
- बालबालिकाको भनाई, उनीहरुको भावना र विचारलाई गम्भीरतापूर्वक सुनिने र सो को आधारमा आवश्यक कारवाही चालिने छ ।
- बालबालिकाको संरक्षण गर्न बाबुआमा/अभिभावक र विशेषज्ञहरुसंग मिलेर काम गरिने छ ।

**प्रतिवद्धता पूरा भएको सुनिश्चित गर्ने आधारहरु :**

- विद्यालयका शिक्षक, कर्मचारी तथा वि.व्या सदस्य लगायत अभिभावकहरुलाई बालसंरक्षण नीति बारे जानकारी गराइने छ ।
- सबै शिक्षक, व्यवस्थापन समिति सदस्यहरु र कर्मचारीले बालसंरक्षण सम्बन्धी नीतिलाई पालना गर्नेछन्
- नयां शिक्षक र कर्मचारीको हकमा भर्ना लिने समयमा नै बालबालिकासंगको शिक्षण वा काम गर्ने शैली योग्यताको बारेमा ध्यान दिनुको साथै सोही समयमा बालसंरक्षण नीति बारे अभिमुखीकरण गरिने छ ।
- कुनै बालदुर्व्यवहार भएमा सो को सम्बन्धमा गोप्य र गम्भिर ढंगले सूचना दिने प्रक्रियाबारे प्रत्येक शिक्षक, कर्मचारी, अभिभावक र विद्यार्थीलाई जानकारी दिइने छ ।

**कार्यान्वयन/घटनाको जानकारी/उजुरी दिने संयन्त्रः**

- विद्यालयमा विद्यार्थीको पहुँचमा हुने गरी उजुरी वा मर्मस्पर्सी बाकस वा मनको कुरा खसाल्ने बाकस आदि कुनै न कुनै नामले पेटीका व्यवस्था गरी पाक्षिक रुपमा सुनुवाई गर्ने परिपातीको व्यवस्था गर्ने ।
- बालसंरक्षण नीतिको कार्यान्वयनको लागि विद्यालय तहमा वि.व्या.स.अध्यक्ष, प्रचार्य, प्र.अ. र प्रमुख कार्यकारी भूमिका निर्वाह गर्ने ।
- विद्यालयमा उजरी सुनुवाई तथा व्यवस्थापनका लागि वि.व्या.स.को निर्णय अनुसार कम्तीमा ३ सदसीय उजुरी छानबीन समिति गठन र परिचालन गरी निश्चित क्षेत्राधिकार तोकी कार्य सञ्चालन गर्ने ।
- सुरुमा घटनाको जाकारी दिंदा मौखिक दिन सकिने र पछि लिखित प्रतिवेदन दिनु पर्ने व्यवस्थाको सुनिश्चितता गरी सूचना दिंदा घटनाको प्रकृति हेरी पीडितको विषयमा गोपनियता कायम गर्ने ।

**बालबालिकाप्रतिको दूर्व्यवहार :**

प्रायःजसो बाबुआमा तथा अभिभावक एवं सरोकारित वयस्कहरुले उपयुक्तस्तरको सेवा तथा संरक्षण दिन विफल भएको कारण बालबालिकाले भोग्नु पर्ने पीडालाई बालबालिकाप्रतिको दुर्व्यवहार भन्ने बुझिन्छ । यसमा बाबुआमा अभिभावक तथा वयश्कहरुबाट हुने हिंसा, वेवास्ता र शोषणजन्य क्रियाकलाप तथा व्यवहार पर्छन् । यसलाई सामान्यतया शारीरिक, यौनजन्य, भावनात्मक दूर्व्यवहार तथा हेलचेक्रयाईं गरी ३ वर्गमा बांडिएको छ :

**१.शारीरिक :** बालबालिकालाई लगाताररुपमा वा गम्भीर किसिमले ठण्डी, भोकमरी वा कुनै पनि किसिमको खतराको सम्मुख बेवास्ता पूर्वक छोड्नु, स्याहारसुसारमा गम्भीर त्रुटी हुनु लगायतका कृयाकलापहरु र बालबालिकालाई



पिट्नु, कुट्नु जस्ता शारिरीक सजाय दिई त्यसको परिणाम स्वरुप उसको स्वास्थ्य तथा विकासमा असर वा समस्या आउनु वा बालबालिकाको बिकास हुन नसक्नुलाई शारिरीक रुपमा गरिने दुर्व्यवहार हो । यो सुनियोजित पनि हुनसक्छ ।

**२.यौनदुर्व्यवहार :** यौन दुर्व्यवहार भन्नाले प्रौढ वा ठूला बालबालिकाले साना बालबालिकालाई आफ्नो यौन सन्तुष्टिको लागि छोएर वा नछोइकन यौन आशयपुर्वक गरिने कार्य हो । यस अर्न्तगत बालबालिकालाई अश्लिल शब्द प्रयोग गरी गाली ग्लौज गर्नु देखि लिएर बालबालिकालाई अप्ठ्यारो हुने गरी चुम्बन गर्नु, संबेदनशील अंगहरुमा छुनु वा चलाउनु, यौनजन्य शब्दको प्रयोग गर्नु, बालबालिकाको गुप्ताङ्ग हेर्नु वा आफ्नो देखाउनु, छुन लगाउनु, अश्लील तस्वीर या सिनेमा देखाउनु तथा बलात्कार गर्नु जस्ता क्रियाकलापहरु पर्छन्

**३. भावनात्मक दुर्व्यवहार :** झट्ट हेर्दा सामान्य लाग्ने तर यसको असर अप्रत्यक्ष एवं दीर्घकालिन हुने खाल्का गाली गलौज, अपमान, भेदभाव, हेल्चेक्रयाई, आलोचना तथा तिरस्कारहरु आदि भावनात्मक दुर्व्यवहार अर्न्तगत पर्छन्, जसबाट बालबालिकाहरुको भावनात्मकरुपमा चोट पुग्छ र क्षणिक वा दीर्घकालिन नोक्सानी हुन्छ ।

**बालबालिकासंग सम्पर्कमा आउंदा निम्न कुराहरु गर्नुपर्छः**

- बालबालिकालाई सम्मानपूर्वक ब्यवहार गर्ने तथा उनीहरुलाई अधिकार प्राप्तिको रुपमा मान्यता दिने ।
- उनीहरुलाई सकारात्मक दृष्टिले हेर्ने, तथा विशेष आवश्यकता भएका एवं अधिकार प्राप्त तथा फरकरुपमा योगदान दिन सक्ने ब्यक्तिको रुपमा मान्यता दिने ।
- उनीहरुसंग आपसी विश्वास तथा सम्मानमा आधारित भएर सहयोग तथा सहभागिताका भावनाका साथ शिक्षण गर्ने ।
- उनीहरुको दृष्टिकोणलाई मान्यता दिई गम्भीररुपमा लिने ।
- उनीहरुमा अन्तरनिहित क्षमता तथा योग्यताको अभिबृद्धि तथा उनीहरुको क्षमता विकास गर्ने काम गर्ने ।
- उनीहरु बांचेकै परिवेशमा उनीहरुलाई बुझ्ने भरमग्दुर कोशिस गर्ने ।

**शिक्षक, कर्मचारी तथा वि.व्या.स.सदस्यहरुका लागि बाल संरक्षण सम्बन्धी आचारसंहिता**

- हामी बालबालिकाको लागि खतरा उत्पन्न गर्न सक्ने परिस्थिती प्रति सदैव सजग रहने र तिनीहरुको राख्ने,
- बालबालिकाप्रति अनुपयुक्त, पीडादायक, यौनजन्य वा दुर्व्यवहारजन्य भाषाको प्रयोग गर्ने तथा त्यस्तो गर्न सुझाव वा सल्लाह दिने,
- जुन बालबालिकासंग शिक्षण वा काम गरिन्छ तिनीहरुलाई विना सुपरीवेक्षण राति बास बसाल्ने गरी घरमा लैजाने,
- यौन इच्छा जगाउने किसिमको चित्र वा फोटो देखाई कुरा वा शिक्षण गर्ने,
- बालबालिकालाई कुनै पनि किसिमको यौन दुर्व्यवहार (छोएर वा नछोएर गरिने) गर्ने,
- बालबालिकालाई लज्जित पार्ने, हीनताबोध हुने वा अन्य कुनै किसिमको भावनामा ठेस पुग्ने काम कारबाही वा त्यस किसिमको भाषा प्रयोग गर्ने,
- कुनै बालबालिकालाई भेदभाव गर्ने, बेग्लै ब्यवहार गर्ने वा अरुलाई उपेक्षा हुने गरी कसैलाई विशेष स्नेह देखाउने,

## श्री बालशिक्षा निकेतन मा.वि.

सिसवा, शंकरपुर
रमपुरवा-४ छोटकी सुनरी, नवलपरासी
स्थाः २०२१

**व्यवस्थापन समिति /शिक्षकअभिभावक संघ आचारसंहिता**

- बैठकमा नियमित रुपमा समयमा उपस्थित हुने ।
- छलफलमा सक्रिय रुपमा सहभागी हुने ।
- सदस्यहरुको बिचार, भावना र तर्कको आधारमा निर्णय गर्ने ।
- बिद्यालयमा सबै बालिकाको पहुच बढाउने ।
- बिद्यालयको चलअचल सम्पतिलाई संरक्षण गर्ने ।
- बिद्यार्थी तथा शिक्षक बर्गमा पर्न गएको असुबिधाहरुको ख्याल गर्ने ।
- सामाजिक लेखा परिश्रण गर्ने ।
- अभिभावक, शिक्षक, शिक्षक अभिभावक सघ र बिद्यार्थीहरुबिचमा अन्तरक्रिया गर्ने ।
- बिद्यार्थीहरुलाई चाहिने सम्पर्ण सामाग्री ब्यवस्था मिलाउने ।

**अभिभावक आचार संहिता**

- बालबालिकाहरुलाई समयमा बिद्यालय पठाउने ।
- बालबालिकाहरुको सरसफाई माध्यान पु-याउने ।
- गृहकार्य गर्ने अवसर प्रदानगर्ने ।
- कक्षाकोठामाजथाभावी पसेर पढन पाढनमा अवरोध नगर्ने ।
- बिद्यालयले बोलाएमा समयमा उपस्थित भई सहयोग गर्ने ।
- बिद्यालयलाई राजनितीथलो नबनाउने ।
- नियमित रुपमाबिद्यार्थी तथा बिद्यालयको अनुगमन गर्नुपर्ने ।
- कक्षामा शिक्षक गई सकेपछि अभिभावक पर्खने र घन्टी लागेपछि मात्र भेट गर्न पाउने ।

- बालबालिकाबाट हुन सक्ने गैर कानूनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई प्रोत्साहित गर्ने, बेवास्ता गर्ने र त्यसमा सहभागी हुने ।
- विद्यालयको कुनै पनि शिक्षक वि.व्या.समिति सदस्य/कर्मचारीले आफ्नो घर तथा ब्यवसायमा बाल श्रमिकहरु राख्ने ।
- आफ्नो घरमा छोराछोरीविच शिक्षा तथा अन्य कुरामा भेदभाव गर्ने ।
- सर्वोत्तम हित नहुने ढंगले घर/ब्यवसायमा बालश्रमिक राख्ने व्यक्तिलाई सार्वजनिक पदहरुमा सिफारिस गर्ने वा राख्ने ।

**बालबालिकाप्रति दुर्व्यवहार गरेको प्रमाणित भएमा दोषी उपर निम्न कारबाही गरिनेछ :**

**१. दोषी ब्यक्ति हाम्रो शिक्षक भएमा दुर्व्यवहारको प्रकृति र गम्भीरता हेरी निज दोषीलाई :**

- शिक्षक जागीरबाट बर्खास्तसम्म गरिने छ ।
- भविष्यमा जागिरका लागि अयोग्य ठहरिने गरी सम्बन्धीत पक्षलाई जानकारी गर्ने ।
- देशको प्रचलित कानून बमोजिमको कारवाही अगाडि बढाइने छ ।

**२. दोषी ब्यक्ति हाम्रो वि.व्या.समितिको सदस्य भएमा दुर्व्यवहारको प्रकृति र गम्भीरता हेरी निज दोषीलाई :**

- वि.व्या.स.को सदस्यताबाट हटाईने छ ।
- देशको प्रचलित कानून बमोजिमको कारवाही अगाडि बढाईने छ ।

**३. दोषी ब्यक्ति हाम्रो विद्यालय सेवा क्षेत्रका अभिभावक भएमा दुर्व्यवहारको प्रकृति र गम्भीरता हेरी निज दोषीलाई :**

- सम्बन्धित व्यक्तिलाई आवश्यक छानवीन् र अनुसन्धानका लागि बिद्यालयले भूमिका खेल्ने ।
- सम्बन्धित व्यक्तिबाट गरिएका दुर्व्यवहारको प्रकृति हेरी आवश्यक कार्यबाहीका लागि समबन्धित निकाय प्रहरी चौकी, अदालत वा अन्यमा शिफारीस गर्ने ।
- पेशा व्यवसाय वा जागीरमा संलग्न छ भने समबन्धीत पेशा व्यवसायवालाबाट बर्खास्त गर्न र सदस्य भए सदस्यताबाट निकाला गर्न सम्मको सिफारिस गर्ने ।
- देशको प्रचलित कानून बमोजिमको कारवाही अगाडि बढाइने आदि ।

## बालविवाह रोक्न मेरो सानो प्रयास

म नवलपरासी जिल्ला दुम्किबास ६ निवासी सन्तोष खनाल, २०६८ साल चैत्र २० गते प्रतिभा बालक्लबको अध्यक्ष बनेको थिए । त्यसको ९ दिनपछि गा.वि.स.मा भएको बालक्लबहरुको भेलाबाट गा.वि.स. स्तरिय बालक्लब सञ्जालको अध्यक्षको रुपमा चुनिए । इन्द्रेणी समाज केन्द्रको सहकार्यद्वारा बालक्लब र सञ्जाल गठन भएपछि विभिन्न कार्यक्रम तथा तालिममा जाने अवसर पनि मलाई प्राप्त भयो । चार दिने किशोर किशोरी अर्न्तक्रियात्मक शिक्षण सिकाई तालिम पश्चात बालक्लबमा आएर तालिमबाट आफूले लिएका ज्ञानहरु आदानप्रदान नियमित गदै आएको छु ।

मेरो सानै देखिको रुची गाउँ र समाजको लागि सकारात्मक परिवर्तन गराउनु थियो, यसै क्रममा अहिले उचित अवसर पनि प्राप्त भएको छ ।

वि.स.२०६८ मंसिर १६ गतेको कुरो हो, म त्यो दिन दुम्किबास बजार गएको थिए, आउँदा रात परिसकेको थियो । बाटोमा बालक्लबको एक सदस्यसंग भेट भयो र उनले गाउँमै एक जना साथीको बालविवाह हुन लागेको कुरा मलाई बताइन् । म उनको कुरा सुन्ने बित्तिकै झसंग भए । भोलीपल्ट विवाह गरिदिन आँटिकी १४ वर्षिय मेरो साथीलाई भेटी कुरा गर्दा उनले विवाह गर्न नचाहेकी रैछन, तर बुवा र दाईले केटो ईण्डियामा काम गर्छ, तैले त्यहाँ गएर केही काम गर्नुपर्दैन, जति पनि पढाउँछन् भनेर फकाएर र दबाबमा विवाह गर्न लागेको कुरा उनले बताइन् । त्यसपछि मैले **"तिम्रो बुवा र दाइले भनेर केही हुँदैन, तिम्रो इच्छा विपरित विवाह गराए भने उनीहरुलाई जेल समेत जान पर्ने हुन सक्छ यदि जर्बजस्ती तिम्रो विवाह गर्न आँटे भने इन्द्रेणी समाज केन्द्र, नेपालसंग छलफल गरेर भएपनि केही विकल्प निकाल्छु"** भनेर सम्झाए ।

साथीले घरमा म विवाह गर्दिन भनेर जवाफ दिइछन् । साँझ खेर उनको बुवा रक्सी खाएर आइ मेरो छोरीलाई किन भड्काईस् भनेर मलाई झपार्न थाल्नुभयो तर रक्सी खाएको हुनाले मैले चाहिँ केही जवाफ दिइन । उनलाई हेर्न आएका केटाहरु हाम्रो गाउँमा आइराख्ने गर्थे । मैले अप्रत्यक्ष रुपमा उनीहरुलाई चिन्ने मौका पाए र क्यारमबोर्ड खेल्ने समयमा उनीहरुसंग के कामको शिलसिलामा हाम्रो गाउँ आउनुभयो भनेर सोध्दा दाइ चाइनीले भाइको विहा गर्दिन भनेर आको, नानीले मानिन भनेपछि मैले को नानी ? विमला हो ? भनेर सोध्दा उनीहरुले हो भने । त्यसपछि मैले उनी बल्ल १४ वर्षको छिन्, ९ कक्षामा पढने केटीलाई भन्दा उमेर पुगेकी अर्कै केटी खोजे राम्रो नी ! भन्ने कुरा गरे र त्यसपछि उनीहरु हाम्रो गाउँ छोडेर गए । यसरी मेरो सानो प्रयासले गाउँमै हुन लागेको बालविवाह रोक्न सफल हुँदा मलाई निकै खुसी लागेको छ ।

# बालबालिकाका लागि सहयोगी तथा सुरक्षित वातावरण कार्यक्रम अन्तर्गतका गाउँ बाल संरक्षण तथा संवर्द्धन उपसमितिहरुको विवरण

**गा.वि.स.: भुजहवा स्थापना मिति : २०६८।११।२२ सहयोगी संस्थाः इन्द्रेणी समाज केन्द्र, नेपाल**

| क्र.सं. | नाम थर | पद | प्रतिनिधित्वको निकाय | पेशा | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | सुग्रीव कुमार पटेल | संयोजक | गाविस प्रतिनिधि | नोकरी | सोमनी, नवलपरासी | ९७२७८५१८८९ |
| २ | रामकमल सहानी | सदस्य | शिक्षक प्रतिनिधि | शिक्षक | रुपन्देही | |
| ३ | कोपिला क्षेत्री | सदस्य | म.स्वास्थ्य स्वमसेविका | कृषि | भुजहवा-२ भुजहवा | |
| ४ | दुर्गेश यादव | सदस्य | वालक्लव प्रतिनिधी | विद्यार्थी | भुजहवा-८ मोजरहीया | |
| ५ | सन्जु चौधरी | सदस्य | आदीबासी जनजाती | कृषि | भुजहवा-२ भुजहवा | |
| ६ | चुल्लाइ हरिजन | सदस्य | दलित प्रतिनिधी | कृषि | भुजहवा -३ भन्सारटोल | |
| ७ | शिवेन्द्र यादव | सदस्य | वालअधिकारकर्मी | कृषि | भुजहवा-४ भन्सारटोल | |
| ८ | इब्राहिम अलि | सदस्य | पिछडा वर्ग प्रतिनिधि | कृषि | भुजहवा-३ भन्सार टोल | ९७२७८४७२४९ |
| ९ | मञ्जु हरिजन | सदस्य/ सचिव | महिला कार्यकर्ता | समाजिक परिचालक | भुजहवा-७ मोजरहिया | ९७२७८४५७७१ |

**गा.वि.स.: रमपुरवा स्थापना मितिः २०६८/११/२२ सहयोगी संस्थाःइन्द्रेणी समाज केन्द्र, नेपाल**

| क्र.सं. | नाम थर | पद | प्रतिनिधित्वको निकाय | पेशा | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | पारसनाथ वर्मा | संयोजक | गाविस प्रतिनिधि | नोकरी | सोमनी, नवलपरासी | ८०४४४२०७७ |
| २ | पारसनाथ सहानी | सदस्य | शिक्षक प्रतिनिधि | शिक्षक | हरपुर-०५अमानिगंज | |
| ३ | नरेन्द प्रसाद भट्टराई | सदस्य | स्वाथ्य कार्यकर्ता | स्वाथ्यकर्मी | सुक्रौली, नवलपरासी | |
| ४ | तारा देवीजयशवाल | सदस्य | महिला कार्यकर्ता | कृषि | रमपुरवा-७, महेशपुर | |
| ५ | राकेश हरीजन | सदस्य | बालक्लव प्रतिनिधी | बिद्यार्थी | रमपुरवा-६ रमपुरवा | ९८१९४८२६७० |
| ६ | लक्ष्मी हरीजन | सदस्य | बालअधिकारकर्मी | पत्रकारिता /कृषि | रमपुरवा-८ वडकी सुनरी | ९८४७०८१२६४ |
| ७ | जितेन्द्र शर्मा | सदस्य | सामाजिक कार्यकर्ता | शिक्षक | रमपुरवा-८, बडकी सुनरी | |
| ८ | जग वहादुर चौधरी | सदस्य | आदीवासी जनजाती | कृषि | रमपुरवा-२, शकरपुर | |
| ९ | अशोक हरीजन | सदस्य | दलित प्रतिनिधि | कर्मचारी | रमपुरवा-७, महेशपुर | |

**गा.वि.स.: सनई** **स्थापना मितिः १५।०३।२०१२** **सहयोगी संस्थाः इन्द्रेणी समाज केन्द्र, नेपाल**

| क्र.सं. | नाम थर | पद | प्रतिनिधित्वको निकाय | पेशा | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | दीनानाथ यादव | संयोजक | बालअधिकार कर्मी | कृषि | सनई-३, नवलपरासी | ९८४७२९९१३५ |
| २ | ज्योतिमाया ढुङ्गाना | स.सचिव | महिला कार्यकर्ता | सहजकर्ता | सनइ-४, नवलपरासी | ९८४७०५३२७८ |
| ३ | शम्भु प्र. सहानी | सदस्य | गा.वि.स प्रतिनिधि | सहायक | सनइ-२, नवलपरासी | |
| ४ | राजकुमार वर्मा | सदस्य | शिक्षक प्रतिनिधि | शिक्षक | सनइ-८, नवलपरासी | ९८४७२१४३१३ |
| ५ | सोमारी देवि सहानी | सदस्य | म.स्वा.कार्यकर्ता | कृषि | सनई-३, नवलपरासी | ९८४७२०६३२६ |
| ६ | ग्रिजेश शर्मा | सदस्य | बालक्लब प्रतिनिधि | विद्यार्थी | सनई-३, नवलपरासी | ९८१९४५४८०७ |
| ७ | जाहीदा खातुन | सदस्य | पीछडावर्ग प्रतिनिधि | व्यस्थापक | सनई-९, नवलपरासी | |
| ८ | मनावती हरजिन | सदस्य | दलित प्रतिनिधि | कृषि | सनई-३, नवलपरासी | |
| ९ | अनीरुद चौधरी | सदस्य | जनजाती प्रतिनिधि | कृषि | सनई-३, नवलपरासी | |

**गा.वि.स.: पाल्ही** **स्थापना मिति : १४।०३।२०१२** **सहयोगी संस्थाः इन्द्रेणी समाज केन्द्र, नेपाल**

| क्र.सं. | नाम थर | पद | प्रतिनिधित्वको निकाय | पेशा | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | नन्दलाल कँवर | संयोजक | गा.वि.स प्रतिनिधी | नोकरी | - | ९७४७०७९५७० |
| २ | दुलारी हरीजन | स.सचिव | शिक्षक प्रतिनिधि | शिक्षक | सनई, नवलवरासी | ९८४७०४७२४३ |
| ३ | बीन्दु पासी | सदस्य | महिला.स्वा.का | कृषि | पाल्ही, नवलवरासी | ९८०७५४५०९२ |
| ४ | ईन्द्रमणी पाण्डेय | सदस्य | बालअधिकार कर्मी | शिक्षक | सनई, नवलवरासी | ९८१७४५६४०२ |
| ५ | मन्जु चौधरी | सदस्य | आदीवासी प्रतिनिधि | पारालिगल | पाल्ही, नवलवरासी | ९८४७३८३१३९ |
| ६ | ईन्दा हरीजन | सदस्य | महिला कार्यकर्ता | कृषि | पाल्ही, नवलवरासी | |
| ७ | घोलरा कुर्मी | सदस्य | जनजाती प्रतिनिधि | कृषि | पाल्ही, नवलवरासी | ९८४७४७४८१६ |
| ८ | जीतेन्द्र हरजिन | सदस्य | दलीत प्रतिनिधि | शिक्षक | पाल्ही, नवलवरासी | ९८४७२९९५३९ |
| ९ | डबलु यादव | सदस्य | बालक्लव प्रतिनिधि | विद्यार्थी | पाल्ही, नवलवरासी | |

**गा.वि.स. : सुनवल** **स्थापना मिति :** **सहयोगी संस्थाः इन्द्रेणी समाज केन्द्र, नेपाल**

| क्र.सं. | नाम थर | पद | प्रतिनिधित्वको निकाय | पेशा | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | रेशम शर्मा | संयोजक | गाविस प्रतिनिधि | गा.वि.स. प्राविधिक | सुनवल-१, न.प. | ९८५७०४५४६० |
| २ | रमेश पौडेल | स.सचिव | शिक्षक प्रतिनिधि | शिक्षक | सुनवल-६, न.प. | ९८४७०२५६७२ |
| ३ | लक्ष्मी ज्ञवाली | सदस्य | म. स्वास्थ्य कार्यकर्ता | समाजसेवी | सुनवल-७, न.प. | ९८४७०१०१५४ |
| ४ | रमादेवी शर्मा | सदस्य | महिला कार्यकर्ता | समाजसेवी | सुनवल-४, न.प. | ९८४७२९०५१० |
| ५ | संजय श्रेष्ठ | सदस्य | बाल अधिकारकर्मी | समाजसेवी | सुनवल-४, न.प. | ९८४७०४८६८२ |
| ६ | विर बहादुर वि.क. | सदस्य | दलित प्रतिनिधि | समाजसेवी | सुनवल-२, न.प. | ८४७४०६७८८ |
| ७ | संगिता थापा | सदस्य | आदिवासी जनजाती | समाजसेवी | सुनवल-३, न.प. | ८४७२९००८४ |
| ८ | धनेश्वर कवँर | सदस्य | मधेसी अल्पसंख्यक | कृषि | सुनवल-५, न.प. | ९८४७००८०२२ |
| ९ | दिपक अर्याल | सदस्य | बालक्लब प्रतिनिधि | विद्यार्थी | सुनवल-६, न.प. | ९८४७३६९६२५ |

**गा.वि.स. : दुम्किबास स्थापना मिति :** **सहयोगी संस्था:इन्द्रेणी समाज केन्द्र,नेपाल**

| क्र.सं. | नाम थर | पद | प्रतिनिधित्वको निकाय | पेशा | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद अर्याल | संयोजक | गाविस प्रतिनिधि | नोकरी | दुम्किबास-१, न.प. | ९८४७०८०८२१ |
| २ | रेखा अधिकारी | स.सचिव | महिला कार्यकर्ता | समाजसेवा | दुम्किबास-१, न.प. | ९८४७१३६५२७ |
| ३ | मोहनलाल कलवार | सदस्य | शिक्षक प्रतिनिधि | शिक्षक | दुम्किबास-१, न.प. | ९८५७०९५१६९ |
| ४ | तिल कुमारी कुमाल | सदस्य | महिला स्वा.कार्यकर्ता | स्वास्थ्य स्वयंसेविका | दुम्किबास, न.प. | ९८४७०४१८३९ |
| ५ | पदमलाल सुवेदी | सदस्य | बालअधिकारकर्मी/ नागरिक समाज प्रतिनिधि | समाजसेवी | दुम्किबास-५, न.प. | ९८४९४११६६० |
| ६ | संगम गिरी | सदस्य | बालक्लव प्रतिनिधि | विद्यार्थी | दुम्किबास-१, न.प. | ९८५७०२३०४८ |
| ७ | मिना राना मगर | सदस्य | जनजाती प्रतिनिधि | समाजसेवी | दुम्किबास-१, न.प. | ९८४७०८३५४१ |
| ८ | नरमाया वि.क. | सदस्य | दलित प्रतिनिधि | समाजसेवी | दुम्किबास-२, न.प. | ९८४७०६५६०२ |
| ९ | शमसेर ढेंगा | सदस्य | आदिवासी प्रतिनिधि | समाजसेवी | दुम्किबास-७, बघुवन | ९८१६४३३३०० |

# बालबालिकासँग काम गर्दाको मेरो अनुभव



शर्मिला पौडेल- सामाजिक परिचालक
इन्द्रेणी समाज केन्द्र, फिल्ड कार्यालय नवलपरासी

धेरै होइन, एक वर्ष मात्रै भएको छ, बालबालिकाको क्षेत्रमा काम गर्न थालेको। तर पनि धेरै अनुभव बटुले जस्तो लाग्छ। कहिले सञ्चार क्षेत्र कहिले प्राविधिक क्षेत्रमा अनुभव बटुल्दै अहिले भने बालबालिकाको क्षेत्रमा काम गर्दै अनुभव बटुल्दै छु। सानो छँदा केही कुरामा चित्त नबुझ्रेर आमाको अगाडि रुदा "नरो, रोइस भने जंगल लगेर छोड्दिन्छु" भन्ने बित्तिकै डरले चुप लागेर बस्थे। तर अहिले त जंगलको बाटो हुँदै, खोलाहरु तर्दै बालबालिकालाई भेट्न, समुदायमा कार्यक्रम गर्न जाने गरेकी छु।

समुदायमा गई सबैलाई भेला गराएर समूहको अगाडि बोल्दा, बालअधिकार सम्बन्धी आफ्नो तर्कहरु राख्न पाउँदा निकै खुसी लाग्छ। बालबालिकासंग काम गर्दा त झनै आनन्द। इन्द्रेणी समाज केन्द्रद्वारा सञ्चालित बालबालिकाको लागि सहयोगी तथा सुरक्षित वातावरण कार्यक्रम अन्तर्गत विगत एक वर्षदेखि नवलपरासी जिल्लाको सुनवल र दुम्किबास गा.वि.स. मा काम गर्दै आईरहेकी छु। बालबालिकासंग सम्बन्धित कार्यक्रम भएकाले बालक्लब, विद्यालय, स्थानिय गाउँ बाल संरक्षण समिति, अभिभावक तथा समुदायसंग सहकार्य गरी काम गर्नुपर्ने हुन्छ। बालक्लब तथा गाउँ बाल संरक्षण समितिको नियमित बैठकमा समयले भ्याएसम्म पुग्ने कोशिस गर्छु। सामाजिक परिचालनसँगै बालक्लब सहजकर्ताको रुपमा काम गर्दा बालअधिकार, कर्तव्य, बालसहभागिता, बालक्लबको योजना तथा कार्यक्रमको विषयमा छलफल हुन्छ। यसरी समुदायमा हरेक पक्षसंग मिलेर काम गर्दा चुनौतीहरु पनि धेरै सामना गर्नुपर्दो रहेछ। कहिले कार्यक्रममा समयमा नजुट्ने, कार्यक्रम अबेर सकियो भने गाउँमै बास बस्नुपर्ने, त्यसमाथि कहिले काहि "डलर खान काम गर्न आए" भन्ने भनाइहरु पनि समुदायबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा धेरै सुनिन्छ। आफू पारदर्शी तरिकाले स्पष्ट रुपमा समाजमा काम गर्दा गर्दै पनि कहिले काहिँ जस नपाउँदा नराम्रो लाग्दोरैछ। तर पनि समग्रमा सकारात्मक विचार राख्ने र सहयोग गर्नेहरुको सहयोग लिदै अगाडि बढेकोले हालसम्म समुदायमा गरिएका क्रियाकलाप र कार्यक्रमहरुमा असफल हुनु परेको छैन। निचोडमा भन्नुपर्दा सामाजिक क्षेत्रमा काम गर्दा "कामप्रति लगनशिल हुनुपर्छ, कार्यजिम्मेवारी लिइसकेपछि पूरा नगरी छोड्नुहुँदैन, परियोजनासंग सम्बन्धीत विषयवस्तु मात्र नभई कहिले काहिँ मानवीय भावनालाई ख्याल गर्दै सहयोग तथा काम गर्नुपर्छ, आफु तथा आफ्नो संस्थाबाट काम संभव नभए अन्य सम्बन्धीत निकायमा पिडकको समस्या पुऱ्याउन पहल गर्नुपर्छ, एक्लै ठूलो हुँ भन्नु भन्दा पनि सबैसंग मिलेर काम गर्ने बानी बसाल्नुपर्छ" जस्ता कुराहरुप्रति मैले समुदायमा रहेर काम गर्दा अनुभव बटुल्ने अवसर पाएकी छु। यसरी हामीलाई विभिन्न सीप तथा तालिम दिएर समुदायमा काम गर्न प्रेरित गर्ने मेरो संस्था इन्द्रेणी समाज केन्द्र, नेपाललाई र काम गर्ने क्रममा सहयोग गर्ने सम्पूर्ण संरचना तथा निकायलाई म हृदयदेखि नै धन्यवाद दिदैं निरन्तर सुझावको अपेक्षा गर्दछु।

# विद्यालयका लागि सेनेटरी प्याड व्यवस्थापन तथा परिचालन कार्यनिर्देशिका

(यो निर्देशिका इन्द्रेणी समाज केन्द्रको सहयोगमा सन् २०१२ मा कोष स्थापनार्थ विद्यालय प्रयोजनको लागि हो ।)

**१. प्रस्तावना**

नेपाल र नेपालको शिक्षा कार्यक्रममा विस्तारै जनचासो र आकर्षण बढदै गएको छ । शिक्षामा बालबालिकाको सहभागीता र गुणस्तर सहितको शिक्षा सुनिश्चितताका लागि राज्य पनि गम्भिर बन्दै गएको छ । नयाँ नेपालको बदलिदो परिवेश संगै शिक्षाको गुणस्तरमा पनि विभिन्न अध्ययन तथा अनुसन्धान समेत हुँदै आएको छ । यी अध्ययनहरुले शिक्षाको गुणस्तर सम्बन्धि विभिन्न तथ्यहरु सार्वजनिक गर्दै बिशेष खालका सिफारिश समेत गरेको पाइन्छ । यिनै अध्ययन मध्यको एक अध्ययनबाट बिद्यालय छोडेका छात्राहरुमा ४० प्रतिशत छात्राहरु बिद्यालयमा व्यवस्थित चर्पी नभएका कारणले बीचैमा पढाई छाडेको कुरा बताउछन् । भने औसत रुपमा मासिक १ देखि ३ दिन सम्म नि.मा.बि. र मा.बि. तहका छात्राहरु बिद्यालयमा अनुपस्थित हुने गरेको तथ्याङ्क पाइन्छ । महिला तथा भुक्तभोगीहरुका अनुसार महिलाहरुको मासिक रजश्वलाको समय भनेको महिलाको लागि एक जटिल समय हो । यो समय नेपालको सास्कृतिक तथा परम्परागत मूल्यमान्यता अनुरुप पनि संवेदनशील मानिन्छ । छात्राहरुको यिनै समस्याका कारण पढाइमा ह्रास आउने, गुणस्तरमा कमजोर देखिने गरेको बिश्लेषण समेत छ । हो यिनै समस्यालाई बिद्यालयबाट उचित संवोधनका लागि केही बिद्यालयहरुले छात्राहरुलाई मासिक रुपमा सेनेटरी प्याड उपलब्ध गर्ने कार्यको समेत शुरुवात गरेका छन् । तसर्थ उक्त बिद्यालयहरुको अनुभवको आधारमा इन्द्रेणी समाज केन्द्र नेपालले सेनेटरी प्याड व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यनिर्देशिका जारी गरिएको छ ।

**२. निर्देशिकाको नाम : सेनटरी प्याड व्यवस्थापन तथा परिचालन कार्यनिर्देशिका ।**

**३. मुख्य उद्देश्यहरु**

(क) बिद्यालय तहमा सेनेटरी प्याडको सर्वसुलभ उपलव्धता गर्ने ।

(ख) छात्राहरुलाई व्यक्तिगत सरसफाई र स्वास्थको महत्वबारे सचेत गराई प्याडको उचित प्रयोग गराउने ।

(ग) छात्राहरुलाई मानसिक रुपमा आउने तनावलाई न्युनिकरण गराई तिनीहरुको पढाईमा गुणस्तर ल्याउने ।

(घ) छात्राहरुको औसत उपस्थितिलाई बृद्धि गर्दै शिक्षामा नियमितता गर्ने ।

(ङ) विद्यालय स्तरबाट व्यवहारिक किशोरी शिक्षा प्रदान गर्न सहज वातावरण तयार गर्ने आदि ।

**४. सेनेटरी प्याड व्यवस्थापन प्रक्रिया**

- विद्यालयले बालबालिकाका, शिक्षक र अभिभावक सहितको प्याड व्यवस्थापन तथा परिचालन समिति गठन गर्ने ।
- प्याड व्यस्थापन तथा परिचालन प्रभावकारी र दिगोपनाको लागि अक्षयकोष व्यवस्थापन गर्ने ।
- सेनेटरी प्याड उचित प्रयोजन र व्यवस्थापनको अनुगमन र मुल्याङ्कन गर्ने गराउने ।
- प्याड व्यवस्थापन तथा परिचालनका लागि आवश्यक नीति नियमको तर्जुमा र कार्यन्वयन गर्ने गराउने ।
- विद्यालय स्तरमा व्यक्तिगत सरसफाई, किशोरी शिक्षा, र जीवनोपयोगी शिक्षाका लागि उचित वातावरण निर्माण गर्ने ।
- अक्षयकोषको लागि पायक पर्ने बैंकमा व्याज बढी र सजिलो हुने गरी बचत खाता सञ्चालन गरी बैंक मार्फत कार्य गर्ने आदि ।

**५. सेनेटरी प्याड संचालन प्रक्रिया**

- विद्यालयले महिला शिक्षक वा छात्रा मध्यबाट एक जना सम्पर्क व्यक्तिको रुपमा जिम्मा दिने ।
- प्रयोग कर्ता र सम्भावित प्रयोगकर्ता बिद्यार्थीहरुको सुची शैक्षिक सत्रको प्रारम्भमा विद्यालयले तयार गर्ने ।
- सुचीमा संलग्न नामावलीको आधारमा आवश्यक प्याडहरु व्यवस्थापनका लागि स्रोत तथा सरोकारीत निकायहरुमा समन्वयको व्यवस्था गर्ने ।
- बिद्यार्थीलाई रजश्वलाको समय वा अवधि भरमा प्रतिव्यक्ति कम्तीमा २ देखि ४ वटाको दरले निशुल्क उपलव्ध गर्ने ।
- निशुल्क वितरणका लागि अक्षयकोष तयार गर्ने र उक्त कोषको व्याजबाट प्याड खरिद र व्यवस्थापन गर्ने ।
- सम्पर्क व्यक्तिले हेरक प्रयोगकर्ताको प्रत्येक पटक रजिष्टरमा विवरण उल्लेख गरी प्रदान गर्ने ।

- प्याड परिचालनको प्रभावकारीतालाई बेलाबखत मुल्यांकन गरी अगामी कार्ययोजना तयार गर्ने कार्यलाई नियमितता दिने आदि ।

**क) सेनटरी प्याड परिचालन तथा व्यवस्थापन समिति गठन प्रक्रिया तथा कामकर्तव्य अधिकार**

**गठन प्रक्रिया**

१) कार्यरत महिला शिक्षक मध्येबाट १ जना संयोजक
२) बिद्यालय बालमञ्चको तर्फबाट १ जना सदस्य
३) कक्षा छात्रा मध्येबाट १ जना सदस्य
४) बिद्यालय व्यवस्थापन समितिबाट १ जना सदस्य
५) टोल शिक्षा समिति मध्येबाट १ जना महिला सदस्य जम्मा ५ जना

**समितिको काम कर्तव्य अधिकार**

- प्याड व्यवस्थापन तथा संचालन नियमित गर्ने गराउने ।
- प्याड व्यवस्थापनका लागि आवश्यक अक्षयकोष तयार गर्ने र कार्यनिर्देशिका बनाउने ।
- कोषको प्रभावकारी परिचालन वा लगानी असुलीलाई नियमित र व्यवस्थित गर्ने ।
- प्याडको परिचालन र उपयोगीतालाई अनुगमन र मुल्यांकन गरी थप व्यस्थित गर्ने ।
- छात्राहरुको विद्यालय नियमितता र शिक्षा गुणस्तरमा आएको प्रभाव विश्लेषण गर्ने ।
- विद्यालय तथा अभिभावक बीचको अन्तरक्रिया तथा किशोरी शिक्षा बारे सचेतना गर्ने ।
- विद्यालय तहमा व्यक्तिगत स्वास्थ्य सरसफाई शिक्षाको महत्व बारे बुझाउने ।
- शिक्षाको गुणस्तर बारे सरोकारवालाहरु माझ बेलाबखत अन्तरक्रिया गर्न सहयोग गर्ने ।
- शिक्षा र स्वास्थ्य सरोकारीत संघसंस्थाहरुसंग समन्वय र सहकार्य गर्ने ।
- विद्यालय स्तरमा अतिरिक्त क्रियाकलाप गर्न सघाउ पुऱ्याउने ।
- विद्यालयलाई बालमैत्री बनाउन आवश्यक भूमिका खेल्ने आदि ।

**कार्य अवधी**

- बार्षिक रुपमा जम्मा १ वर्ष मात्र कार्य अवधी हुने छ ।

**कार्ययोजना**

- यस सेनेटरी प्याड अक्षय कोष व्यावस्थापन समितिले बार्षिक रुपमा शैक्षिक सत्रको प्रारम्भमा कार्ययोजना तर्जुमा गरी कार्यन्वयन गर्ने गराउने छ ।

**बैठक**

- सेनेटरी प्याड अक्षय कोष व्यावस्थापन समितिको वैठक आवश्यकता अनुसार वस्ने छ । भने नियमित वैठक त्रैमासिकि रुपमा अनिवार्य वस्ने छ ।

**ख) कोष व्यवस्थापन तथा संचालन प्रक्रिया यदि (स्थानीय तहमा लगानी गर्ने भएमा मात्र)**

१. सेनेटरी प्याड व्यवस्थापन तथा परिचालनका लागि अक्षयकोषको व्यवस्था गर्ने ।
२. कोषको मुल रकमलाई यथावत राखी उपलव्ध व्याजबाट मात्र प्याड व्यवस्था गर्ने ।
३. कोषको लगानी वा ऋण प्रवाह बैङ्क वा सेवा क्षेत्रमा मात्र गर्ने ।
४. ऋण प्रति व्यक्ति एक पटकमा वढीमा दश हजार मात्र प्रवाह गर्ने ।
५. ऋणको छ, छ महिनामा सावा व्याज असुल उपर गर्ने प्राव्धान व्यवस्था गर्ने ।
६. ऋणको व्याज दर ६ महिनासम्मका लागि .... र भाका पछिको सावामा ...व्याज दरमा गर्ने ।
७. ऋण प्रवाह गर्ने सर्वाधिकार समितिका सदस्यलाई जिम्मा दिने तर एकै पटकमा ४५ प्रतिशत भन्दा बढी समितिका सदस्यहरुले ऋण लिन नपाइने ।
८. कोषको आयव्याय विवरण वार्षिक रुपमा चैत्र मसान्तमा नविकरण गरी संचालन गर्ने ।
९. व्याजको रकम प्याड खरिद गरी बाँकी रहेमा पुःन सावाँको रुपमा ऋण लगानी गने ।
१०. व्याजको रकमले प्याड खरिद गर्न अपुग भएमा विद्यालय कोष वा अन्य स्रोतको खोजी गरी पूर्ति गर्ने व्यवस्था कायम गरी Seed fund नघटाउने ।
११. विभिन्न संस्थासंग थप समन्वय गरी कोष वृद्धि गर्न पहल गर्ने ।
१२. कोषको रकम अन्य कुनै शिर्षकमा लगानी तथा खर्च नगर्ने ।

**उपसंहार**

यो निर्देशिका इन्द्रेणी समाज केन्द्र नेपालले आफनो कार्य क्षेत्रका बिद्यालयमा बिद्यालयको सहभागीतामा तयार गरी जारी गरिएको कार्यनिर्देशिका हो । यस निर्देशिका संस्थाको कार्यक्षेत्र अनुकुल र संस्थाको कार्यक्रमको प्राथमिकताको आधारमा तयार छ । तसर्थ यस अवधारणालाई समय सापेक्ष उचित संशोधन गर्दै जान सकिने छ ।

धन्यवाद ।

# इन्द्रेणी समाज केन्द्र, नेपाल
## वर्तमान् कार्यकारीणी सदस्यहरुको विवरण (२०६७-०६९)

| क्र.सं. | नाम, थर | पदीय जिम्मेवारी | स्थायी ठेगाना | पेशा |
|---|---|---|---|---|
| १ | नबिन्द्र थापा सोती | अध्यक्ष | झिरुवास-४, पाल्पा | मेडिकल सञ्चालन |
| २ | लिला मल्ल | उपाध्यक्ष | झिरुवास-६, पाल्पा | शिक्षण |
| ३ | खमी सोमै | सचिव | झिरुवास-३, पाल्पा | शिक्षण |
| ४ | जोख बहादुर सोमै | सहसचिव | झिरुवास-५, पाल्पा | शिक्षण |
| ५ | इमान सिं राना | कोषाध्यक्ष | झिरुवास-७, पाल्पा | सहकारीमा जागिर |
| ६ | बेल कुमारी बि.क. | सदस्य | झिरुवास-१, पाल्पा | शिक्षण |
| ७ | नन्द कुमारी सोमै | सदस्य | झिरुवास-८, पाल्पा | अध्ययनरत |
| ८ | मन कुमारी सिं. | सदस्य | झिरुवास-६, पाल्पा | अध्ययनरत |
| ९ | तिर्थ बहादुर बयाम्बु | सदस्य | झिरुवास-९, पाल्पा | शिक्षण |
| १० | मन बहादुर ढँगा | सदस्य | झिरुवास-९, पाल्पा | अध्ययनरत |
| ११ | सुर्य वहादुर सोती | सदस्य | झिरुवास-९, पाल्पा | अध्ययनरत |

## हाल सञ्चालित परियोजनाहरू

| क्र.सं. | परियोजनाको नाम | सञ्चालन भएको जिल्ला | साझेदार निकाय |
|---|---|---|---|
| १ | बालबालिकाको लागि सहयोगी तथा सुरक्षित वातावरण (स्पेक) कार्यक्रम | नवलपरासी | सेभ द चिल्ड्रेन |
| २ | कफाग र भी.एम.एल.आर सहयोग कार्यक्रम | नवलपरासी, पाल्पा, गुल्मी, लमजुङ र बाग्लुङ | युनिसेफ र सेभ द चिल्ड्रेन |
| ३ | आप्रवासी कामदार तथा तिनका दम्पतिका लागि एकीकृत एचआईभी र यौन रोग रोकथाम, उपचार, स्याहार तथा परिवार नियोजन प्रवर्द्धन कार्यक्रम | पाल्पा जिल्ला | एफ.एच. आई ३६० मार्फत यु.एस.एड फण्ड अन्तर्गत साथ साथ परियोजना |
| ४ | समता र पहुँच कार्यक्रम | पाल्पा | जिल्ला स्वास्थ्य कार्यालय, पाल्पा |
| ५ | झोलुङ्गे पुल सामाजिक परिचालन तथा प्राविधिक सहयोग कार्यक्रम | पाल्पा | जिल्ला विकास समिति, पाल्पा र टि.बि.एस.यू हेल्भेटास |
| ६ | आयआर्जनका लागि महिला पेवा विकास कार्यक्रम | पाल्पा | आन्तरिक घुम्ति कोष, स्थानीय गा.वि.स. एवं जि.प.से.का. पाल्पा |

# इन्द्रेणी समाज केन्द्र, नेपाल
# वर्तमान् कर्मचारीहरू

| क्र.सं. | नाम, थर | पदीय जिम्मेवारी | लिङ्ग | जिम्मेवार परियोजना |
|---|---|---|---|---|
| १. | रुद्र मस्राङ्गी | कार्यक्रम व्यवस्थापक | पुरुष | संस्थाको सबै कार्यक्रम तथा परियोजनाहरु |
| २. | बिरेन्द्र कुमार थापा | कार्यक्रम संयोजक | पुरुष | कफाग र भि.एम.एल.आर सहयोग कार्यक्रम |
| ३. | बिजय ज्ञवाली | परियोजना संयोजक | पुरुष | साथ-साथ परियोजना |
| ४. | राधा देवी आले | ले. तथा प्र. अधिकृत | महिला | स्पेक परियोजना |
| ५. | बिष्णु पोखरेल | ले. तथा प्र. अधिकृत | पुरुष | साथ साथ परियोजना |
| ६. | डोल माया सारु | सु.प्र.ब्य. अधिकृत | महिला | साथ साथ परियोजना |
| ७. | राम बहादुर पाटा | फोकल ब्यक्ति | पुरुष | समता र पहुँच कार्यक्रम |
| ८. | लेखनाथ पोखरेल | मनोबिमर्शकर्त्ता | पुरुष | कफाग र भि.एम.एल.आर सहयोग कार्यक्रम |
| ९. | यम बहादुर राना | फिल्ड प्राबिधिक | पुरुष | झोलुङ्गे पुल कार्यक्रम |
| १०. | तेच बहादुर मस्राङ्गी | सामाजिक परिचालक | पुरुष | झोलुङ्गे पुल कार्यक्रम |
| ११. | डिल बहादुर बि.क. | ले. तथा प्र. सहायक | पुरुष | झोलुङ्गे पुल कार्यक्रम |
| १२. | सुवास अधिकारी | स्वास्थ्य सहायक | पुरुष | साथ साथ परियोजना |
| १३. | रक्षा कार्की | स्टाफ नर्स | महिला | साथ साथ परियोजना |
| १४. | निर्मला दर्नाल | फिल्ड सुपर भाईजर | महिला | साथ साथ परियोजना |
| १५. | कुसुम बि.सी. | ल्याव असिस्टेन्ट | महिला | साथ साथ परियोजना |
| १६. | राकेश गुप्ता | सामाजिक परिचालक | पुरुष | स्पेक परियोजना |
| १७. | मनोज कुमार चौधरी | सामाजिक परिचालक | पुरुष | स्पेक परियोजना |
| १८. | शर्मिला पौडेल | सामाजिक परिचालक | महिला | स्पेक परियोजना |
| १९. | सरोज न्यौपाने | सामाजिक परिचालक | पुरुष | समता र पहुँच कार्यक्रम |
| २०. | मोहन जि.सी. | सामाजिक परिचालक | पुरुष | समता र पहुँच कार्यक्रम |
| २१. | हुमा सरा बाह्रघरे | सामाजिक परिचालक | महिला | समता र पहुँच कार्यक्रम |
| २२. | सीता दर्लामी | सामाजिक परिचालक | महिला | समता र पहुँच कार्यक्रम |
| २३. | शम्सेर सारु | आउटरिच एजुकेटर | पुरुष | साथ साथ परियोजना |
| २४. | नवराज शर्मा | आउटरिच एजुकेटर | पुरुष | साथ साथ परियोजना |
| २५. | नर बहादुर सुनारी | आउटरिच एजुकेटर | पुरुष | साथ साथ परियोजना |
| २६. | सुस्मिता सिंजाली | आउटरिच एजुकेटर | महिला | साथ साथ परियोजना |
| २७. | पबित्रा रायमाझी | आउटरिच एजुकेटर | महिला | साथ साथ परियोजना |
| २८. | टेज बहादुर मस्राङ्गी | डि.आई.सी. अपरेटर | पुरुष | साथ साथ परियोजना |
| २९ | पुष्पा कुँवर | डि.आई.सी. अपरेटर | महिला | साथ साथ परियोजना |
| ३०. | बिमला खाम्चा | डि.आई.सी. अपरेटर | महिला | साथ साथ परियोजना |
| ३१ | स्मृति बज्राचार्य | कार्यालय सहायक | महिला | साथ साथ परियोजना |
| ३२ | गीता श्रीस | क्लिनिक सहयोगी | महिला | साथ साथ परियोजना |
| ३३ | थमन सिं. बयाम्बु | कार्यालय सहयोगी | पुरुष | आन्तरिक कार्यक्रम |
| ३४ | सरस्वती न्यौपाने | कार्यालय सहयोगी | महिला | आन्तरिक कार्यक्रम |
| ३५ | सुजित कुमार चौधरी | स्वयं सेवक - लेखा | पुरुष | आन्तरिक कार्यक्रम |

जम्मा कर्मचारी : ३५ जना     महिला : १५ जना     पुरुष : २० जना

## गाविस स्तरिय बालक्लव सञ्जाल, दुम्किबास

| क्र.सं. | नाम थर | ठेगाना | उमेर | पद | बालक्लब | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | सन्तोष खनाल | दुम्किबास-६, ठुलोटाडी | १६ | अध्यक्ष | प्रतिभा बालक्लव | ९८०५४२३४४७ |
| २ | प्रदिप कार्की | दुम्किबास-५, ज्यामिरे | १६ | उपाध्यक्ष | सगरमाथा बालक्लव | ९८१४४६९४४५ |
| ३ | संगम गिरी | दुम्किबास-१, दुम्किबास | १५ | सचिव | आदर्श बालक्लव | ९८४७०३१३५७ |
| ४ | पवित्रा वि.क. | दुम्किबास-३, घडेरीटाँडी | १६ | सह सचिव | चेतना बालक्लव | ९८१६४२५९२६ |
| ५ | विनी शर्मा | दुम्किबास-५, ज्यामिरे | १६ | कोषाध्यक्ष | सगरमाथा बालक्लव | ९८४७१३६१०९ |
| ६ | सचिता जिसी | दुम्किबास-१, दुम्किबास | १४ | सदस्य | आदर्श बालक्लव | ९८४७०५४८२७ |
| ७ | ज्योती थापा | दुम्किबास-६, ठुलोटाडीँ | १५ | सदस्य | सगरमाथा बालक्लव | ९८४७१२१८७९ |
| ८ | गरिमा अधिकारी | दुम्किबास-१, दुम्किबास | ११ | सदस्य | आदर्श बालक्लव | ९८४७४१५९०३ |
| ९ | सुदिप रसायली | दुम्किबास-२, सुनटाँडी | १३ | सदस्य | ईन्द्रेणी बालक्लव | ९८१४४५९७५९ |
| १० | लोक ब.सारु मगर | दुम्किबास-४, घुसेरी | १६ | सदस्य | लालीगुराँस बालक्लव | ९६१७८०२५१३ |
| ११ | आशा सुनारी | दुम्किबास-९, घुम्ती | १४ | सदस्य | सरस्वती बालक्लव | ९८१६४३१६८० |
| १२ | रेशमा सोमई | दुम्किबास-७, वघुवन | १५ | सदस्य | नारायणी बालक्लव | ९८१६४३३३०० |
| १३ | रोशन मश्राङ्गी | दुम्किबास-८, सिसेनी | १५ | सदस्य | लालीगुराँस बालक्लव | ९८४५५०७५६४ |

## गाविस स्तरिय बालक्लव सञ्जाल, सुनवल

| क्र.सं. | नाम थर | ठेगाना | उमेर | पद | बालक्लब | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | विपना पौडेल | सुनवल-१, काबुकनगर | १२ | अध्यक्ष | एकता बालक्लव | ०७८-५७०४६० |
| २ | सन्देश न्यौपाने | सुनवल-३, कृतिपुर | १५ | उपाध्यक्ष | जेनिथ बालक्लव | ९८४७०६५६३२ |
| ३ | ममता धिताल | सुनवल-७, चारपाला | १३ | सचिव | मुक्ति बालक्लव | ९८०७४६६६४७ |
| ४ | सुनिता राना | सुनवल-९, तिलकाना | १६ | सह सचिव | मन्झरी बालक्लव | ९८१६४५००७८ |
| ५ | लिलु थापा | सुनवल-४, हाटबजारलाईन | १४ | कोषाध्यक्ष | नव प्रतिभा बालक्लव | ९८०४४७११८० |
| ६ | भिजन अर्याल | सुनवल-१, काबुकनगर | १२ | सदस्य | एकता बालक्लव | ९८४७०५३३०३ |
| ७ | बसन्त ज्ञवाली | सुनवल-२, मक्षरमारा | १५ | सदस्य | सुनौलो बालक्लव | ९८१९४००४१२ |
| ८ | कमला वि.क. | सुनवल-७, चारपाला | १६ | सदस्य | मुक्ति बालक्लव | ९८१९४८०४९२ |
| ९ | मधु पाण्डे | सुनवल-५, खकरीबारी | १६ | सदस्य | विहानी बालक्लव | ९८०६९३२८७७ |
| १० | समिक्षा चापागाई | सुनवल-४, हाटबजारलाईन | १५ | सदस्य | नवप्रतिभा बालक्लव | ०७८५७००५३ |
| ११ | अनिश गिरी | सुनवल-८, मिलनटोल | १४ | सदस्य | उदाउँदो बालक्लव | ९८०४४८९४२८ |
| १२ | दिपक अर्याल | सुनवल-६, विशासय | १३ | सदस्य | सृजनशिल बालक्लव | |
| १३ | वर्षा गैरे | सुनवल-६, विशासय | १५ | सदस्य | सृजनशिल बालक्लव | ९८४७१२०४६० |

## गा.वि.स स्तरीय बालक्लव सञ्जाल,पाल्ही

| क्र.सं. | नाम थर | ठेगाना | उमेर | पद | बालक्लब | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | डबलु यादव | पाल्ही-६, न.प. | १६ | अध्यक्ष | भगवती बालक्लव | ९८१९४६०४०१ |
| २ | ज्ञानेश्वर सहानी | पाल्ही-५, न.प. | १४ | उपाध्यक्ष | सगरमाथा बालक्लव | |
| ३ | सुन्दरी सहानी | पाल्ही-५, न.प. | १५ | सचिव | सगरमाथा बालक्लव | |
| ४ | सुरज पटेल | पाल्ही-१, न.प. | १५ | सह सचिव | रामजानकी बालक्लव | |
| ५ | सनतोषी वि.क | पाल्ही-४, न.प. | १४ | कोषाध्यक्ष | सरसस्वती बालक्लव | |
| ६ | विष्णु चौधरी | पाल्ही-९, न.प. | १४ | सदस्य | संघर्ष बालक्लव | |
| ७ | अजय पटेल | पाल्ही-५, न.प. | १५ | सदस्य | सगरमाथा बालक्लव | |
| ८ | पप्पु सिंह ढाडी | पाल्ही-२, न.प. | १४ | सदस्य | सुर्योदय बालक्लव | |
| ९ | सदरे आलम | पाल्ही-६, न.प. | १५ | सदस्य | भगवती बालक्लव | |
| १० | सन्दीप यादव | पाल्ही-४, न.प. | १४ | सदस्य | सरसस्वती बालक्लव | |
| ११ | जितेन्द्र हरीजन | पाल्ही-७, न.प. | १४ | सदस्य | उजला बालक्लव | |
| १२ | दिपेन्द्र पासवान | पाल्ही-७, न.प. | १३ | सदस्य | शिव शंकर बालक्लव | |
| १३ | शिला कुर्मी | पाल्ही-४, न.प. | १३ | सदस्य | सरसस्वती बालक्लव | |
| १४ | बबीता हरीजन | पाल्ही-४, न.प. | १४ | सदस्य | सरसस्वती बालक्लव | |
| १५ | बन्दना कुर्मी | पाल्ही-३, न.प. | १४ | सदस्य | परोपकार बालक्लव | |

## गा.वि.स स्तरीय बालक्लव सञ्जाल, सनई

| क्र.सं. | नाम थर | ठेगाना | उमेर | पद | बालक्लव | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | गिरजेश शर्मा | सनई-३, न.प. | १६ | अध्यक्ष | शान्ती सुरक्षा बालक्लव | ९८१९४५४८०७ |
| २ | शशिकला चौधरी | सनई-२, न.प. | १४ | उपाध्यक्ष | पशुपतिनाथ बालक्लव | |
| ३ | कृष्ण चन्द्र सहानी | सनई-१, न.प. | १५ | सचिव | सहयोगी बालक्लव | |
| ४ | रामकृपाल हरीजन | सनई-३, न.प. | १५ | सह सचिव | शान्ती सुरक्षा बालक्लव | |
| ५ | अष्टभुजि चौधरी | सनई-२ | १४ | कोषाध्यक्ष | पशुपतिनाथ बालक्लव | |
| ६ | कुलदिप यादव | सनई-७, न.प. | १४ | सदस्य | राधा कृष्ण बालक्लव | |
| ७ | रिमा यादव | सनई-४, न.प. | १५ | सदस्य | लालीगुराँस बालक्लव | |
| ८ | सोनमती गुप्ता | सनई-७, न.प. | १४ | सदस्य | राधा कृष्ण बालक्लव | |
| ९ | सिमा माली | सनई-३, न.प. | १५ | सदस्य | शान्ती सुरक्षा बालक्लव | |
| १० | कृष्ण मुरारी यादव | सनई-५, न.प. | १४ | सदस्य | सृजनशिल बालक्लव | |
| ११ | प्रेमशिला हरीजन | सनई-१, न.प. | १४ | सदस्य | सहयोगी बालक्लव | |
| १२ | ललिता यादव | सनई-९, न.प. | १३ | सदस्य | उज्जवल बालक्लव | |
| १३ | नबबि पठान | सनई-६, न.प. | १३ | सदस्य | सरस्वति बालक्लव | |
| १४ | धनेशवरी चोधरी | सनई-८, न.प. | १४ | सदस्य | एकता बालक्लव | |
| १५ | गिरिजा गौड | सनई-६, न.प. | १४ | सदस्य | सरस्वति बालक्लव | |

## गाविस स्तरीय बालक्लव सञ्जाल, भुजहवा

| क्र.सं. | नाम थर | ठेगाना | उमेर | पद | बालक्लव | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | रामाशंकर यादव | भुजहवा-९, सोनाकोनी | १६ | अध्यक्ष | सरस्वती बालक्लव | ९८०६९५३८४७ |
| २ | रेनु कुमारी सहानी | भुजहवा-६, बरगदवा | १६ | उपाध्यक्ष | नव दुर्गा बालक्लव | |
| ३ | अकलेश गौड | भुजहवा-६, बरगदवा | १५ | सचिव | नव दुर्गा बालक्लव | |
| ४ | पुष्पा हरिजन | भुजहवा-७, मोजरहीया | १६ | सह सचिव | आदर्श बालक्लव | ९७२७८४५७७१ |
| ५ | मनोज कुमार यादव | भुजहवा-५, भटवलिया | १६ | कोषाध्यक्ष | गौतम बुद्ध प्रगतिशिल बालक्लव | |
| ६ | रिना राजभर | भुजहवा-३, भन्सारटोल | १४ | सदस्य | सगरमाथा बालक्लव | |
| ७ | विद्यासागर पडित | भुजहवा-१, गनेशपुर | १५ | सदस्य | गनेशपुर बालक्लव | |
| ८ | वारिश अलि | भुजहवा-२, न.प. | ११ | सदस्य | आदर्श बालक्लव | |
| ९ | सुनिता हरिजन | भुजहवा-३, भन्सारटोल | १३ | सदस्य | सगरमाथा बालक्लव | |
| १० | असफाक अलि | भुजहवा-२, भुजहवा | १६ | सदस्य | जनसेवा बालक्लव | |
| ११ | मनोहर यादव | भुजहवा-८, मोजरहिया | १४ | सदस्य | जनशक्ति बालक्लव | |
| १२ | मैनुदिन अलि | भुजहवा-२, भुजहवा | १५ | सदस्य | जनसेवा बालक्लव | |
| १३ | देवेन्द्र यादव | भुजहवा-४, भन्सारटोल | १५ | सदस्य | सिदार्थ बालक्लव | ९८०७५०३६१५ |
| १४ | केदार कुशवाहा | भुजहवा-३, भन्सारटोल | १५ | सदस्य | सागरमाथा बालक्लव | |
| १५ | देवबाला यादव | भुजहवा-९, सोनाकोनी | १६ | सदस्य | सरस्वती बालक्लव | |

## गाविस स्तरीय बाल क्लब सञ्जाल, रमपुरवा

| क्र.सं. | नाम थर | ठेगाना | उमेर | पद | बालक्लव | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | राकेश कु. हरिजन | रमपुरवा-६, रमपुरवा | १६ | अध्यक्ष | हनुमान बालक्लव | |
| २ | पुनम सहानी | रमपुरवा-४, छोटकी सुनरी | १५ | उपाध्यक्ष | स्टार बालक्लव | |
| ३ | धमेन्द्र शर्मा | रमपुरवा-९, बडकी सुनरी | १५ | सचिव | सिद्धार्थ बालक्लव | |
| ४ | हर्षमान चौधरी | रमपुरवा-२, शँकरपुर | १६ | सह सचिव | लालिगुराश बालक्लव | |
| ५ | नगिना चौधरी | रमपुरवा-१, शँकरपुर | १४ | कोषाध्यक्ष | मित्रता बालक्लव | ९८०७४०७८४७ |
| ६ | अकोश सहानी | रमपुरवा-४, छोटकी सुनरी | १६ | सदस्य | स्टार बालक्लव | ९८१९४६०२९८ |
| ७ | आषिश निगम | रमपुरवा-७, महेशपुर | १५ | सदस्य | माँ कोटही बालक्लव | |
| ८ | राममिलन यादव | रमपुरवा-५, रमपुरवा | १६ | सदस्य | माँ भवानी बालक्लव | |
| ९ | कृष्ण प्रसाद चौधरी | रमपुरवा-८, बडकी सुनरी | १३ | सदस्य | मुरलीधर बालक्लव | |
| १० | जानकी यादव | रमपुरवा-६, रमपुरवा | १६ | सदस्य | हनुमान बालक्लव | |
| ११ | रुपा कुमारी कोहार | रमपुरवा-८, बडकी सुनरी | १४ | सदस्य | मुरलीधर बालक्लव | |
| १२ | गिता चौधरी | रमपुरवा-१, शँकरपुर | १५ | सदस्य | मित्रता बालक्लव | ९८०७४०७८४७ |
| १३ | निरमा यादव | रमपुरवा-६, रमपुरवा | १५ | सदस्य | हनुमान बालक्लव | |
| १४ | सद्दाम हुसेन | रमपुरवा-५, रमपुरवा | १५ | सदस्य | माँ भवानी बालक्लव | |
| १५ | मन्जेश यादव | रमपुरवा-३, छोटकी सुनरी | १३ | सदस्य | माँ दुर्गा बालक्लव | |

# बालबालिकाले यौन दुर्व्यवहारबाट बँच्ने व्यवहारिक उपायहरु

सार्वजनिक स्थान तथा साधानमा (बाटो, बजार/हाट, सिनेमा हल/जात्रा, मेला, मठ मन्दिर, फोटो स्टुडियो, सिलाई कटाई गर्ने ठाँउ, ब्युटीपार्लर,होटल रेष्टुरेन्ट, टयूशन तथा विद्यालय क्याम्पस कक्षा कोठा सवारी साधान र अफिस आदि)

**समस्या १ः यदि कसैले तपाईलाई अप्ठ्यारो लाग्ने गरी अपशब्द वा वाक्य प्रयोग गर्छ भने, जस्तै :**

कस्ती राम्री/च्वाँक, कहाँ जाने, हामीलाई पनि लैजाउन, रुमाल खस्यो, तिम्रो गाला त कस्तो स्याउ जस्तो छ आदि

**समाधानको उपाय**

- बेवास्ता गर्ने, भद्र तरिका तर कडा किसिमले मलाई यसो भनेको मन पर्दैन भन्ने जस्ता भनाईबाट प्रतिक्रिया देखाउने

पटक पटक यस्तै कुरा दोहोऱ्याएमा/ पिछा गर्दै आएमा अथवा अश्लिल-छाडा शब्दहरुको प्रयोग गरेमा,

- आत्मविश्वासका साथ कडा किसिमले उसको आखाँमा हेरेर मलाई मन पर्दैन भनेपछि तपाई फेरि किन यो कुरा दोहोऱ्याउनुहुन्छ ? जस्ता कडा प्रतिक्रिया देखाउने
- लामो कुरा नगरी छिटो छिटो आफ्नो बाटो लाग्ने
- मानिसहरु भएतिर जाने र अरुको सहयोग लिने प्रयत्न गर्ने

**समस्या २ः बस/ अन्य सवारी साधान जस्ता सार्वजनिक यातायातमा यात्रा गर्दा सगै यात्रा गरिरहेको व्यक्ति तपाईसंग टाँसिन आउँछ वा तपाईको कुनै संवेदनशिल अङ्ग छुन्छ वा छुने प्रयास गर्छ भने,**

- सर्वप्रथम आफूले नै कसरी हुन्छ आफ्नो शरीर छुन नदिन प्रयास गर्ने जस्तै, छुन लागेको आफ्नो अङ्गलाई आफ्नो हात, ब्याग वा छाता जस्ता आफूसंग भएका सामाग्रीले छेक्ने
- संभव भएमा त्यो व्यक्तिबाट टाढा बस्ने वा आफूलाई सुरक्षित लागेको ठाउँमा सर्ने
- कोही चिनेको मान्छे छ भने उसको नजिक गई उसंग कुरा गरी आफू एक्लै यात्रा गरिरहेको छैन भन्ने महसुस गराउने
- बालिकाले एक्लै लामो यात्रा गर्नुपर्ने अवस्था भएमा सम्भव भएसम्म महिला यात्रु संगैको सिटको टिकट काट्नु बढी सुरक्षित हुनसक्छ ।

**यदि यति गर्दा पनि सो व्यक्तिले निरन्तर दुःख दिइरहन्छ भने**

- आत्मविश्वासका साथ "तपाई राम्रोसंग बस्नुस्, तपाईको कारणले मलाई अप्ठ्यारो भयो" जस्ता वाक्य प्रयोग गरी सम्झाउने ।
- हातले, खुट्टाले, छाता जस्ता आफूसंग भएको सामाग्री प्रयोग गरी घोच्ने/कुल्चने जस्ता कार्यबाट प्रतिक्रिया देखाउने
- "तपाईले मलाई निरन्तर रुपमा नराम्रो व्यवहार गरिरहनुभएको छ, म हल्ला गरेर तपाईको बेईज्जत गरिदिऊँ" जस्ता कुरा भन्ने ।
- "पुलिसमा रिपोर्ट गरिदिउँ ?" भन्नेजस्तो शैलिमा गाली गर्ने ।
- ठूलो स्वरले उसको बिरोध गरेर अरु सहयात्रीहरुको मद्धत लिने ।

यदि सो व्यक्तिले मैले यसो गरेको छैन भनेमा,

- "त्यसो भए तपाई अलि पर सर्नुहोस् र ठिकसंग आफ्नो ठाउँमा बस्नुहोस्" भन्ने ।

"तपाईसंग यात्रा गरिरहेका यात्रीहरुमध्ये कोही न कोहीले तपाईको भावना बुझ्नेछन् र तपाईलाई सहयोग गर्नेछन्"

**समस्या ३ः विद्यालयमा वा ट्युसन पढ्दा शिक्षक/ शिक्षिकाले मौखिक रुपमा यौन आशय झल्किने गरी शब्द/वाक्य प्रयोग गरेमाः जस्तैः हेर्दा कस्ती राम्री, पढाईमा लद्दु, बिहे गर्ने उमेर भईसक्यो वा बिहे गरेको भए बच्चा पाउने बेला भईसक्यो यति पनि जान्दिन, अश्लिल शब्दहरुको प्रयोग गरी जोक/चुट्किला भनेमा,**

- तपाईले यस्तो खाले शब्दहरुको प्रयोग गर्दा हामीलाई असजिलो महसुस हुन्छ त्यसैले यस्तो शब्दहरुको प्रयोग नगर्नुहोस् भनी नम्रताका साथ अनुरोध गर्ने

कुनै शिक्षक/शिक्षिकाले आफूलाई असजिलो लाग्नेगरी संवेदनशिल अङ्गहरुमा छोएमा,

- कुनै न कुनै तरिकाद्धारा आफुले उक्त व्यवहार मन नपराएको प्रतिक्रिया देखाउने जस्तै :

**आत्मविश्वासका साथ कडा रुपले**

- "कृपया मलाई यसरी नछुनुहोस् मलाई असजिलो लाग्छ" भन्ने ।

- राम्रोसंग "तपाईले यस्तो गरेको म(हामी) लाई राम्रो लाग्दैन" भन्ने ।
- सकेसम्म उक्त शिक्षकबाट टाढा रहने र आफूले आफूलाई कसरी सुरक्षित राख्न सकिन्छ त्यस अनुसार व्यवहार गर्ने जस्तैः हात ल्याउने समय पछाडि फर्किने/तर्कने, टाढा सर्ने, आफ्नो हातले छेक्ने आदि ।
- उक्त शिक्षक वा शिक्षिकासंग ख्याल ठट्टा कम गर्ने वा नगर्ने

**जायज कुरामा बाललिकाले आफूभन्दा ठूला मानिसका कुरामा "नाई" भन्न हुन्छ**

यदि शिक्षकले निरन्तर रुपमा तपाईलाई यस्तो व्यवहार गरेमा,

- म हेड सर, अरु शिक्षक/ शिक्षिकाहरु/ अभिभावक/ मेरा साथीहरुलाई तपाईको यस्तो व्यवहारको बारेमा भनिदिन्छु भन्ने ।
- यदि समस्या परेको छ र विद्यालयमा शिक्षिका हुनुहुन्छ भने वहाँको सहयोग लिने ।

यति गर्दापनि त्यस्तो व्यवहार निरन्तर दोहोरिएमा

- हेड सर वा अभिभावकलाई भनेर कारवाही गराउने तर विद्यालय जान चाहिँ नछोड्ने

**कुनै शिक्षकले एकान्तमा वा ट्युसन पढ्ने समय दुर्व्यवहार गरेमा :**

- सकेसम्म कुनै पनि शिक्षकसंग एक्लै वा एकान्तमा लामो समय नबिताउने
- ट्युसन पढ्ने समयमा कोठाको ढोका खुल्ला राखी पढ्ने बानी गर्ने
- शिक्षक/शिक्षिकासंग एकदमै नजिक वा छोइएर नबस्ने
- आत्मविश्वासको साथ अवस्था हेरी कडा किसिमले उक्त व्यवहार मन नपरेको प्रतिक्रिया देखाउने

अझै पनि यस्तो क्रम दोहोरिएमा

- अभिभावकलाई भनिदिन्छु भन्ने र भनिदिने ।
- उक्त शिक्षकसंग ट्युसन नपढी अर्को व्यवस्था गर्नु राम्रो हुनेछ ।

**समस्या ४: घर वा अन्य ठाउँमा चिनेको व्यक्ति वा आफन्तले यौन दुर्व्यवहार गर्न खोजेमा वा गरेमा**

- उक्त व्यवहार थाहा नपाएजस्तै गरी आफूलाई जोगाउने ।

जस्तैः- अलि टाढा बस्ने, आफूलाई असजिलो लाग्ने अङ्गहरु (यौनाङ्ग) छुनबाट जोगाउने ।

- उसंग आवश्यक कुरा मात्र गर्ने, ख्याल ठट्टा नगर्ने, उक्त व्यक्तिले दिएको खानेकुरा नखाने (तर आत्मविश्वासका साथ कडा रुपले प्रस्तुत हुने) ।
- कुनै न कुनै बहाना निकाली टाढा रहने वा त्यस्तो व्यक्तिसंग एक्लै नबस्ने ।
- म तपाईको त्यस्तो व्यवहारबारे घरमा (उपयुक्त व्यक्तिको नाम लिएर) भनिदिन्छु भन्ने ।

सो व्यक्तिले त्यस्तो व्यवहार दोहोऱ्याएमा

- आफ्नो विश्वासिलो वा मन खाने परिवारका सदस्य (आमा, दिदी, भाउजु, दाजु आदि) वा अन्य कोही उपयुक्त व्यक्तिलाई उक्त व्यवहारबारे बताउने र समाधानको उपाय खोज्ने ।

**समस्या ५: कसैले (आफन्त, चिनेका वा नचिनेका व्यक्तिले) आफूलाई बलात्कार गर्ने कोशिस गरेमा :**

- होस नगुमाउने
- सकिन्छ भने उसलाई सम्झाउने
- आफूसंग भएको स्रोत साधनको प्रयोग गरी संघर्ष गर्ने । जस्तैः नङले वा कलमले वा भएको हतियारले उसको अङ्गमा चोट लगाईदिने
- उसको हातको औंलालाई उल्टोतिर मर्काइ दिने
- उसले हात समातेको भए दाँतले टोकि दिने
- बालुवा वा धुलो जस्ता वस्तु आखाँमा फालिदिने
- ठूलो स्वरले कराएर सहयोग माग्ने
- फुत्कन सकेमा कराउँदै मान्छे भएतिर भाग्ने

**बलात्कार भईहालेको अवस्थामा**

- प्रमाण नष्ट नहोस् भन्नको लागि ननुहाउने र लुगा नफेर्ने
- परिवारमा सल्लाह गरी पुलिस चौकीमा उजुर गर्ने र बलात्कार भएको प्रमाणित गराउनको लागि जतिसक्दो छिटो अस्पताल गई जाँच गराउने
- थाहा छ भने यस्ता घटनाविरुद्ध कार्यरत संघ संस्थाहरुसम्म पुगी आवश्यक सहयोग लिने
- यदि बलात्कार आफ्नो नातेदारबाट नै भएको छ भने पनि परिवारको सल्लाह अनुसार उक्त व्यक्तिलाई उपयुक्त कारवाही गराउनु पर्दछ ।
- आउँदा दिनहरुमा उक्त व्यक्तिसंग कमै घुलमिल गर्नु बेस हुनेछ ।

"बालयौन दुर्व्यवहार चिनेजानेका मानिसहरु तथा नजिकका नातेदारहरुबाट पनि भएको थुप्रै उदाहरणहरु पाईएका

छन्, आफुभन्दा ठूला मानिसले पनि कहिलेकाही गलत काम गर्न सक्छन्"

बालकलाई कसैले माया गरेको बहानामा वा दवाव दिएर शरिरका संवेदनशिल अङ्ग छुने, आफ्नो अङ्ग छुन लगाउने, यौन कार्य गर्ने वा गर्न लगाउने जस्ता कार्य गरेमाः

- निडर भएर आफूलाई उक्त कार्य मन नपरेको कुरा व्यक्त गर्ने
- ठुला मानिस वा अभिभावकलाई भनिदिन्छु भन्ने
- अघिल्ला पानाहरुमा बताए जस्तै गरी आफू बच्न प्रयत्न गर्ने
- घटनाबारे अभिभावकलाई बताउने
- उक्त व्यक्तिको नियत बुझ्नेपछि उसंग एक्लै नबस्ने
- यति गर्दा पनि उक्त व्यक्तिले दुर्व्यवहार गर्न नछोडेमा अभिभावक वा अन्य कोही व्यक्ति वा पुलिसको सहयोग लिई कारवाही गराउने ।

**दुर्व्यवहारमा पर्दा अपनाउनुपर्ने सावधानीहरु**

- कुनै पनि व्यक्तिले आफूलाई दूर्व्यवहार गर्ने आशयले सो प्रकृतिका क्रियाकलाप गरेको हो की होईन पत्ता लगाएर मात्र प्रतिक्रिया देखाउने
- लाडिएको वा लजाएको शैलीमा कुरा नगर्ने
- शुरुमा गाली नगर्ने अथवा आक्रमक नहुने नराम्रो वा छाडा शब्दहरुको प्रयोग नगर्ने,
- आत्मविश्वास नगुमाउने आफू डराएको जस्तो नदेखाउने र एकान्त ठाउँतिर नजाने
- आफूलाई साह्रै मर्का नपरेसम्म कुटपिट गरिनहाल्ने
- उमेर अनुसार आदरार्थी शब्दहरुको प्रयोग गर्ने उस्तै उमेर वा सानो उमेरको मानिस देखिन्छ भने "भाइ" भनि सम्बोधन गर्ने मान्छे भएतिर जाने,
- सकेसम्म भद्रताका साथ कुरा गर्ने,
- यदि आफूलाई त्यो व्यक्ति कसैसंग डराउँछ भन्ने थाहा छ भने सो व्यक्तिको नाम लिएर यसबारेमा भनिदिन्छु भन्ने,
- तर भद्रताका साथ कुरा गर्दा गर्दै पनि सो व्यक्तिले तपाईँलाई अभद्र व्यवहार गर्छ भने तपाई पनि अझ बढी कडा भएर प्रस्तुत हुनुपर्छ ।

# म र मेरो कथा

मेरो नाम गिरजेश कुमार शर्मा (बढई) हो । मेरो जन्म वि.स. २०५३ भाद्र २१ का दिन नवलपरासी जिल्लाको सनई गा.वि.स. वार्ड नम्बर ३ मा भयो । मेरो बुवा कैलाश शर्मा र आमा द्रौपती शर्मा घरमा किसानी काम गर्नुहुन्छ । बा आमा निरक्षर भएपनि मलाई डाक्टर बनाउने सोच राख्नुभएको छ । म अहिले कक्षा ११ मा पढ्दै छु ।

खै लेखाई कहाँबाट शुरु गरुँ ? सम्झदै आखाँ रसायर आँउछ । सात सदस्य परिवार मध्ये सबैले मलाई मायालु र मिलनसार भन्थे । म एकदमै जिज्ञासु पनि थिए । उमेरले सानै भएपनि घरको काममा आमा बुवालाई सघाउथे र अझै पनि काम गर्छु। जब म ८ वर्षको थिए, कमाउन भनेर मुम्बई जानुभएको बुवा फर्किएर आउनुभयो। त्यति बेलादेखि उहाँलाई लागेको मष्तिस्क सम्बन्धी रोग अझै निको भएको छैन । बुवाको औषधी उपचारमै धैरै खर्च हुन थालेपछि हाम्रो परिवारको आर्थिक स्थिती पनि कमजोर हुन थाल्यो । मलाई पनि निजी विद्यालयबाट निकालेर गाउँकै सामुदायिक विद्यालयमा भर्ना गरिदिनुभयो । सामुदायिक विद्यालयमा पनि म ७ कक्षादेखि १० कक्षा सम्म नै प्रथम हुँदै गए । एस.एल.सी. मा पनि म ७५ प्रतिशत ल्याएर उत्तिर्ण भए । मेरो सानै देखिको ईच्छा र बुवा आमाको ईच्छा पनि मलाई डाक्टर बनाउने थियो । तर के गर्नु ? घरको आर्थिक स्थितीले गर्दा जति प्रयास गरेपनि कक्षा ११ मा म विज्ञान विषय लिएर पढ्न सकिन । अहिले सरकारी क्याम्पसमा कमर्शबाट प्लस टु गर्दैछु । तर पनि कता कता उत्साहको बाटो पनि देखिदै छ । १० कक्षा मा पढ्दा देखि नै जब म बालक्लबमा आवद्ध भए अगाडि बढ्ने अवसर मिल्दै गयो । मेरो विचारमा बालबालिकालाई माया होइन, अवसर प्रदान गर्नुपर्छ । आज म इन्द्रेणी समाज केन्द्रलाई पनि धन्यवाद दिन चाहान्छु किनकी पहिला र अहिलेको तुलना गर्दा हामी धेरै अगाडी बढेको जस्तो मलाई लाग्छ । मैलै आफ्नै मुल्याङ्कक गर्दा अहिले मेरो अरुको अगाडि उभिएर आफ्नो विचार राख्न सक्ने क्षमतामा पनि विकास भएको छ । इन्द्रेणी समाज केन्द्रले दिएको विभिन्न तालिमबाट यो सम्भव भएको हो । अहिले कतिपय अभिभावक आफ्नो सन्तानको भविष्यलाई लिएर मसंग सल्लाह लिन आउनुहुन्छ । जसबाट मेरो घरपरिवारका सबै सदस्यहरु मबाट खुशी हुनुहुन्छ । म भित्रको यो परिवर्तनको पछाडी बालक्लबमा आवद्धताको ठुलो हात छ ।

इन्द्रेणी समाज केन्द्र जस्तै विभिन्न गैर सरकारी तथा सरकारी संघसंस्थाहरुले बालबालिकाको क्षेत्रमा यसरी उपलब्धीमुलक काम गरेमा बालबालिका भोलीका मात्र कर्णधार नभई आज नै केही गरेर देखाउन सक्षम हुनेछन् ।

# बालयौन दुर्व्यवहार र संरक्षणका उपायहरू

बालयौन दुर्व्यवहार भनेको बालबालिका माथि वयस्क वा आफु भन्दा ठुला व्यक्तिबाट यौन आशयले छोएर वा नछोइकन दुर्व्यवहार हो । विशेषत बालक वा बालिकालाई उनको संवेदनसिल अंग छोएमा वा छुने प्रयास गरेमा, कपडा खोलेमा वा खोल्ने प्रयास गरेमा, उनलाई कुनै एकान्त ठाउंमा लगेमा, आफ्नो यौन अगंहरु उनलाई समाउन वा छुन लगाएमा वा उनलाई कुनै अश्लिल शब्द प्रयोग गरी जिस्काएमा वा म्यासेज गरेमा वा अश्लिल तस्विर देखाएमा,यौन दुर्व्यहार गरेको मानिन्छ । आउनुहोस बालयौन दुर्व्यवहार के कस्ता हुन्छन् ? कहाँ कहाँ हुन्छन् ? कस्ले गर्छन? र कसरी बँच्ने वा बचाउने भन्ने बारे छलफल गरौं ।

**बालयौन दुर्व्यवहारको प्रकारः**

बाल यौनदुर्व्यवहार मुख्यतया दुई किसिमले हुने गर्दछ अश्लिल वा छाडा शब्दहरुको प्रयोग गर्नु, अश्लिल हाउभाउ देखाउनु, बालबालिकालाई छाडा चित्र, वेव साइतका सामाग्रीहरु देखाउनु, टेलिफोनबाट वा मोवाइलबाट अश्लिल कुराहरु गर्ने वा देखाउनु, बालबालिकालाई यौन सम्बध गरिराखेको कुरा जानी जानी हेर्ने वा सुन्न लगाउने जस्ता कार्य नछोइकन गरिने यौन दुर्व्यवहारहरु हुन् भने बालबालिका अप्ठ्यारो हने गरी उनीहरुको यौन अंगहरुमा छुनु, अप्ठ्यारो लाग्ने गरी सुम्सुम्याउनु,बालबालिकालाई अप्ठ्यारो हुने गरी चुम्बन गर्नु, बालबालिकाको गुप्तांग हेर्नु, यौन शोषण गर्ने खोज्नु,व्यक्तिको गुप्तांग बालबालिकालाई करकाप गरी हेर्न वा छुन लगाउनु, बालबालिकाको अश्लिल चलचित्र बनाएर देखाउनु वा यौन व्यवसाय वा काममा लगााउनु,मुख वा हस्तमैथुन गर्नु र बलात्कार जस्ता कार्यहरु छोएर गरिने यौन दुर्व्यहारहरु हुन ।

**यौन दुर्व्यवहार र यसका असरः**

बालयौन दुर्व्यवहारका कारण अनिश्चित गर्भ रहनु,कार्य संम्पादनमा ह्रास आउनु, मानसिक चिन्तामा पर्नु वा मानसिक आघात हुनु, हीनताबोध हुनु वा जीवनलाई बोझ थान्नु,यौनरोग र एचआईभीबाट संक्रमित हुनु,आवेगमा आएर ज्यान लिने,आत्महत्या गर्ने प्रयास गर्नु समाजमा बेइज्यती हुनु जस्ता थुप्रै समस्या तथा असरहरु हुन सक्छन् ।

**यौन दुर्व्यवहार हुने स्थान तथा समयः**

यौन दुर्व्यवहार सुनसान वातावरण भएको जुनसुकै बेला समय ठाँउ, अँध्यारो वा रातको समय, एक्लै परेको समय, धेरै भीडभाडको बेला, गाडी तथा सार्वजनिक यातायात, कपडा सिलाउने तथा नाप लिदां, फोटो स्टुडियो, ब्युटीपार्लर,होटेल, रेष्टुरेन्ट, बसपार्क वा प्रतिक्षालय, मेला, सिनेमा हल, बजार, जंगल, आदि ।

**यौन दुर्व्यवहार कसले गर्छ ?**

यौन दुर्व्यवहार जो कसैले पनि जहा कही पनि गर्न सक्छ । यौन दुर्व्यवहार गर्नेहरु केवल नचिनेका र टाढाका मान्छेमात्र हुन्छन भने धारणा गलत हो । इष्टमित्र नजिकको नातेदार पसले एउटै घरमा बस्ने मान्छे चिन्दै नचिनेका मान्छे छिमेकी, शिक्षक, पुरुष वा महिला जो कसैले पनि यौन दुर्व्हार गर्ने सक्छन् । तर सबै शिक्षक नातेदार छिमेकीहरु खराव नै हुन्छन् भन्ने चाहिं होइन । यौन दुर्व्यवहार गर्नेलाई उसको अनुहार भन्दा पनि व्यवहारले चिन्नुपर्छ ।

**कसरी थाहा पाउने ?**

➢ सबै भन्दा राम्रो उपाय त आफ्ना बालबालिकाहरुलाई आफुलाई परेको समस्या भन्न लगाउनु नै हो । तर बालबालिकाको कुरालाई तपाई गम्भीरतापूर्वक लिनुहुन्छ र तपाई उसलाई गालि गर्ने वा उसको कुरालाई हाँसोमा उडाउने गर्नुहुन्न भने मात्र उसले आफ्ना कुरा तपाईसँग भन्न सक्छ ।


➢ बालबालिकाको कुरा ठुला मान्छेहरुले सुनिदिदा उनीहरुले उनीहरु आफु सम्मानित भएको महसुस गर्दछन् । जसले गर्दा जतिसुकै डरलाग्दो र लुकाउनुपर्ने समस्या भएपनि उनीहरु ढुक्कसँग आफ्ना कुराहरु तपाई समक्ष राख्न सक्छन् ।

➢ तपाईको बालबालिका पढ्ने विद्यालय र बस्ने छात्राबासको नियमित अनुगमन गर्नुहोस र सम्बन्धित विद्यालय प्रशासनसँग नियमित छलफल गर्नुहोस् ।

➢ बालबालिकाहरु विद्यायल जान वा छात्राबासमा बस्न नचाहाने घटना स्वभाविक भए पनि कहिलेकाहिँ यसको पछाडि गम्भीर कारण लुकेको हुन सक्दछ । त्यसैले यस्ता विषयलाई गम्भीरतापूर्वक लिनुस र बालबालिका र विद्यालयसँग यस्ता विषयमा छलफल गर्नुहोस् ।

➢ विभिन्न भोज भतेर वा सभा समारोहमा जादाँ आफ्नो बालबालिकाको ख्याल राख्नुहोस् । उनिहरु कहाँ, कोसगँ भेट्छन् र उनीहरुमा आएको व्यवहारिक परिवर्तनलाई सदैव ख्याल गनुहोस् । कुनै पनि भोज भतेर भेटघाट वा सभा समारोहबाट फर्केपछि उनीहरुलाई कस्तो लाग्यो भन्ने बारेमा सोध्ने गर्नुहोस् ।

## यौन दुर्व्यवहारमा परेको कसरी चिन्ने ?



### शारीरिक परिवर्तनहरु

- अप्ठ्यारो गरि हिँडडुल गर्ने
- गुप्ताङ्गमा घाउ हुने, दुख्ने, चिलाउने, दिसा पिसाब गर्न गाह्रो हुने ।
- शरीरको कुनै पनि अङ्गहरुमा चोटपटकका चिन्हहरु देखिनु ।
- सानो उमेरमा नै सरुवा यौन रोगहरु लाग्ने

### व्यवहारमा परिवर्तन

- कुनै स्थान वा मानिससँग अत्याधिक डराउनु ।
- ज्यादै चिन्तित वा व्याकुल हुनु ।
- पढाइमा कमजोर हुँदै जानु वा पढ्न मन नलाग्नु । नैराश्यता, हिनताबोध हुनु ।
- एकान्तमा बस्न रुचाउनु ।
- खानामा रुचि कम हुनु, निन्द्रा कम लाग्नु
- उमेर अनुरुपको यौन व्यवहार नहुनु ।
- झस्किनु,डराउनु,ओछ्यानमा पिसाव गर्नु ।
- लाज लाग्नु, आफ्नो शरीरदेखि आफैलाई घृणा लाग्नु ।
- आत्मविश्वासमा कमी,आत्मसम्मानमा कमी हुनु ।
- आत्महत्या बारे सोच्नु वा आत्महत्या गर्ने प्रयास गर्नु ।



## यौन दुर्व्यवहारबाट कसरी बच्ने ?

- रातको समयमा एक्लै नहिड्ने ।
- नचिनको मानिससग एकान्तमा एक्लै नभट्ने या करा नगर्ने । बरु बाहिर खुला ठाउमँ भेट्ने प्रबन्ध मिलाउने ।
- आफू कतै हिडिरहेको बेला यदि तपाइलांई अज्ञात व्यक्तिले पछ्याउदै गरेको छ भने दिशा परिवतर्न गर्ने या अर्को व्यक्ति भएतिर गए जस्तो गर्ने या घरभित्र पस्ने ।
- कसैले आक्रमण गरेको खण्डमा आफू आक्रमक नबनी बच्ने उपाय गर्ने र मद्दतका लागि ठूलो स्वरले चिच्याएर मान्छे बोलाउने ।
- नचिनेको मान्छेलाई छिट्टै विश्वास नगर्ने तथा कुनै पनि प्रलोभनमा नफस्ने ।

## बाल यौन दुर्व्यवहारको संवोधनः

१. सम्वन्धित सरोकारवालाहरुको कार्य क्षमताको अभिबृद्धि
२. कानूनी सहयोग
३. मनोसामाजिक सहयोग
४. स्वास्थ उपचारको सहयोग
५. पुर्नस्थापन र पुर्नमिलनमा सहयोग

## यदि तपाईलाई कुनै बालबालिका यौन दुर्व्यवहारबाट पीडित भएको शङ्का लाग्यो भने के गर्ने ?

- सम्बन्धित बालबालिकासँग नम्रतापूर्वक उसलाई सहज हुने वातावरणमा कुराकानी गर्नुहोस् । उसप्रति रिस, शङ्का वा दोष नदेखाउनुहोस् ।
- साना बालबालिकाहरुको सवालमा अभिभावकहरुसँग सम्पर्क राख्नुहोस् र उनीहरुलाई जानकारी गराउनुहोस् ।
- बालबालिकाहरुलाई आफ्ना कुराहरु राख्न प्रोत्साहित गर्नुस् तर दबाव भने नदिनुहोस् ।
- उसको परिवारलाई इन्द्रेणी समाज केन्द्र जस्ता उपयूक्त स्थानबाट सहयोग लिन प्रोत्साहित गर्नुहोस् ।

**बालबालिकालाई दुर्व्यवहारको खतराबाट बचाउन र पीडित बालबालिकालाई राहत दिन हामीले के गर्ने ?**

- बालबालिकालाई उमेर अनुसारको बाल यौन दुर्व्यवहार यसबाट बच्ने उपायहरुको बारेमा ज्ञान दिने ।
- बालबालिकाप्रति सकारात्मक र सहयोगी धारणा देखाउने र उसप्रति विश्वास जगाउने ।
- बालबालिकालाई कक्षमा भईरहेका गतिविधिहरुको बारेमा आफ्ना भावना तथा विचारहरु राख्न लगाउने ।
- साना उमेरका बालबालिकाहरुलाई सदैव ध्यान दिने र उनिहरुको भावना बुझ्ने प्रयास गर्ने ।
- अभिभावकहरुसँग बालबालिकाको बारेमा छलफल गर्ने र राय लिने ।
- यदि बालबालिकाले यौन दुर्व्यवहारको बारेमा बताए भने उनीहरुलाई समर्थन गर्ने ।
- बाल यौन दुर्व्यवहारको बारेमा अझ धेरै अध्ययन गर्न थाल्ने ।
- बालबालिकाहरुले देखाउने व्यवहार र लक्षणहरुलाई ख्याल गर्ने ।
- उपयूक्त सुझाव,सल्लाह प्राप्त गर्न सकिने ठाउँहरुमा सम्पर्क राख्ने ।

**बाल यौन दुर्व्यवहारको बारेमा हाम्रो कानुन**

- ➢ बालबालिका सम्बन्धि ऐन २०४८ ले बालबालिका-हरुलाई कुनै पनि अनैतिक पेशामा संलग्न गराउने र अनैतिक ढंगले बालबालिकाको तस्बिर खिच्ने र प्रदर्शन तथा वितरण गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ ।
- ➢ मुलुकी ऐन ले ११ वर्ष भन्दा माथिको महिलालाई शिरदेखि पाउ सम्म समातेमा एक वर्ष कैद र ५०० जरिवानाको व्यवस्था गरेको छ ।
- ➢ १० वर्ष भन्दा कम उमेरको बालिकालाई जवर्जस्ती करणी गरेको भएमा १० वर्षदेखि १५ वर्ष सम्म कैद सजाय, १० वर्ष वा सो भन्दा माथि १६ वर्ष मुनिको भएमा ७ वर्ष देखि १० वर्ष सम्म कैद सजाय र १६ वर्ष वा सो भन्दा माथिको महिला भएमा ५ वर्ष देखि ७ वर्ष सम्म कैद सजायको व्यवस्था गरेको. छ ।
- ➢ सामुहिक जवर्जस्ती करणी, गर्भवती असक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गरेमा थप ५ वर्ष सजायको व्यवस्था गरेको छ ।
- ➢ कसैले कुनै पनि नाबालकसँग अप्राकृतिक मैथुन गरे गराएमा जवरजस्ती करणी गरे सरह मानी जबरजस्ती करणीमा उमेर अनुसार हुने सजायमा थप १ वर्ष सजाय थप गरि सजाय हुने व्यवस्था गरेको छ । साथै नाबालकलाई क्षेतीपूर्ति भराई दिनुपर्ने व्यवस्था समेत गरेको छ ।
- ➢ यौन सम्बन्धि मुद्दाको सुनुवाईमा सम्बन्धित कानुन व्यवसायी, अभियुक्त,पिडित स्वास्नी मानिस र निजको संरक्षक, अड्डाले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धित कर्मचारी मात्र मुद्दाको कारवाही भइरहेको इजलासमा उपस्थित हुन सक्ने व्यवस्था गरेको छ ।
- ➢ जबरजस्ती करणीको मुद्दामा पिडितको बयान गराउँदा महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रहोवरमा अन्य प्रहरी कर्मचारीले पनि बयान गराउन सक्छ ।
- ➢ त्यसैगरी हाडनाता करणीको सवालमा १० वर्ष सम्म कैद सजायको व्यवस्था गरेको छ ।

**जबरजस्ती करणी**

❖ कसैले कुनै पुरुष वा महिलालाई निजको मंजुरी नलिई करणी गरेमा वा १६ बर्षभन्दा कम उमेरका बालक वा बालिकालाई निजको मंजुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ ।

**सजाय :**

जबरजस्ती करणी गर्नेलाई देहाय बमोजिम सजाय हुने छ :

१. १० बर्षभन्दा मुनिको बालक वा बालिका भए १० देखि १५ बर्ष कैद
२. १० बर्ष वा सो भन्दा बढी १४ बर्षभन्दा कम उमेरको बालक वा बालिका भए ८ देखि १२ बर्ष सम्म कैद
३. १४ बर्ष वा सो भन्दा बढी १६ बर्षभन्दा कम उमेरको बालक वा बालिका भए ६ बर्ष देखि १० बर्ष सम्म कैद ।
४. १६ बर्ष वा सो भन्दा बढी बीस बर्षभन्दा कम उमेरको पुरुष वा महिला भए ५ बर्ष देखि ८ बर्षसम्म कैद
५. बिस बर्ष वा सो भन्दा बढी उमरको पुरुष वा महिला भए ५ देखि ७ बर्ष सम्म कैद ।
६. लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा ३ महिना देखि ६ महिना सम्म कैद ।
७. जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ ।

# इन्द्रेणी समाज केन्द्र, नेपालबाट सन् २०१२ मा बालबालिकाहरूद्वारा मञ्चित सडक नाटकः 'छोरीको जीवन'

**१. पहिलो दृश्य**

(लालेको बिरामी आमा, टाउको दुख्यो भन्दै टाउकोमा रुमाल बेरेर आँगन बढार्न थाल्छिन् र आफै एक्लै एक्लै बर्बराउँछिन्)
गौथली : हैन, यो घाम पनि कत्ति चर्केको, टाउको दुखेर फुट्ला भै भैसक्यो। आँगन पनि यस्तो फोहोर भाछ सफा गर्नैपर्‍यो। लालेको विहा गर्दिन पाए नी कति जाती हुन्थ्यो, कमसे कम बुहारीले चिसोलाई तातो बनाएर र त दिन्थी, यस्तो बिरामी भई भई पनि काम गर्न पर्ने..........उफ..........
(यत्तिकैमा लालेका बा घर आईपुग्छन्)

लालेका बा: हैन किन एक्लै बर्बराएकी गौथली ? के भयो र ?
गौथली : किन बर्बराउनु नी, टाउको दुखेर फुट्ला भै भैसक्यो। अब बुढेसकालले छोयो हेर बुढा , लालेको विहा गर्दिए कमसे कम बिरामी भको बेला त काम गर्न पर्थेन। अरु मलाई केही थाहा छैन हेर बुढा, जसरी भएपनि लालेको बिहा छिटै गर्नपर्‍यो। (यत्तिकैमा विरे आईपुग्छन्,...चिरिप्प पारेर. उनको थेगो हो)

बिरे : दाई भाउजुको के को गन्थन हो ? चिरिप्प पारेर ..........
गौथली : के को गन्थन हुनु नी, लालेको विहा गर्दिने भनेको ..........गतिलो केटी खोज्न परो.....त्यैभएर लालेको बासंग कुरा गरेको नी
विरे : ल.. म हुदा हुँदै के को चिन्ता लिनुहुन्छ, चिरिप्प पारेर ! तपाई आदेश मात्र दिनुस्, भनेजस्तो केटी खोज्ने जिम्मा मेरो। ......मेरो त जागिर भनेनी, पेशा भनेनी यही हो, यसो अलि अलि चाहिन्छ नी .....

गौथली : ल....त्यसको चिन्तै नलिनु न.........हामी जति सक्दो गरिहाल्छौं नी बरु केटी चाहिँ भनेजस्तो चाहिन्छ।
विरे : त्यसको चिन्तै नलिनु न भाउजु, म चाहिँ लागे हैं अब। केटी खाजेपछि मैले फोन गर्छु नी, चिरिप्प पारेर......

गौथली : ल ल ........राम्ररी जानु है बाबु, काम चाहिँ छिटो गर्नुहोला........... (लालेको बातिर फर्किंदै)...ल खाना खान जाउँ भित्र

लालेका बा : खोई त लाले ?
गौथली : अघि सम्म त यही थियो क्यारे, आज स्कुल छुट्टि, खान दिए, खेल्न गयो होला नी .......
(दुबै जना खाना खान भान्छा तीर लाग्छन् )

**दोश्रो दृश्य**
(काईला बा अर्थात रितुको बुवा एक्लै केही बोल्दै बाटोमा हिडिरहेका हुन्छन्)

काईला बा : वर्षा पनि सिद्धिन लाईसक्यो, भनेजस्तो पानी नी परेन, खोई यसपाली त खेतीपातीले त घर खाना मात्रै नी पुग्दैन जस्तो छ
(यत्तिकैमा विरे आफ्नै तालमा गित गाउँदै आउँछन्)

विरे : वेनीको बजार....जता माया उतै छ नजर...किरेमिरे...(बाटोमा अचानक काईला बा संग ठोक्किन पुग्छन्)

काईला बा: हैन को हो ? एक सुरमा हिनेको मान्छेलाई घचेट्न पो आउँछ बा !
विरे : ए.....काईला बा पो, ल...मलाई चिन्नु भएन म विरे क्या.......
काईला बा : किन नचिन्नि तलाइँ, के भयो ? अझै त जवानै छस् त, हैन अहिल्यै आखाँ देख्न छोडिस् क्याहो ...........

विरे : हा.....काईला बा नी मजाक नगर्नु न, बरु कता ड आउनुभा हो, एक्लै बर्बराउँदै ?

काईला बा : कताबाट हुनुनी, त्यही खेतसम्म पुगेर आको, यसपाली त खेतको फसलले परिवार धान्न नी गारो होला जस्तो छ ....
विरे : खेतीपातीको कुरो त त्यस्तै हो काईला बा........हेर्नु मैले एउटा गज्जबको खबर ल्याको छु......

काईला बा : के भन्छ यो ?
विरे : रितुको विहा गर्दिनी हैन भन्या.......अहिले भर्खरै पल्लो गाउँको गौथली काकी संग कुरा गरेर आउँदैछु। छोरो विहा गर्न लायकको भा र छ .....त्यही भर केटी खोज्नी जिम्मा मलाई दिकी छन् .....अब त्यस्तो राम्रो केटो पाउँदा पाउँदै अरुलाई किन पार्निहो ? रितुलाई नै पार्न पर्छ त्यो केटो त ..........
काईला बा : कुरो त तेरो ठिकै हो हेर....आजभोलिका जमानामा भनेको जस्तो केटो पाउननी गाह्रो छ........तैले भनेको केटो राम्रो छ भने त मैलेनी आँट्छु हेर.....
बिरे : ल.....त्यसो भने कुरो मिल्यो चिरिप्प पारेर !, अब म पनि आफ्नो बाटो लाग्छु यसो अरु अरु पनि मेसो मिलाउन पर्‍यो, केटा पक्षकोलाई लिएर अब छिट्टै रितुलाई हेर्न आउनी हो, आउनी बेलामा फोन गर्छु है मैले................
काईला बा : ल..ल..हुन्छ।

(दुबै जना आ आफ्नो बाटोतिर लाग्छन्)

**तेश्रो दृश्य**

(साँझको बेला..लालेका बा पिढींमा बसेर अखबार पढ्दै गरेका हुन्छन्, यत्तिकैमा लाले बुवासंग डराउने हुनाले टाढैंबाााट केही भन्छ..)

लाले : बा..म खेल्न गए है ? अैले एकैछिनमा आउँछु
लालेका बा : हैन, यो साँझको बेला किन जानु पर्याछ तँलाई, यहाँ आइज, तँ संग एउटा कुरा गर्नु छ

लाले : के हो र बुवा ? (भन्दै बुवाको छेउमा आएर बस्छ)
लालेका बा : हेर, छोरा.....तेरी आमा पनि सधैं बिरामी हुन्छे, अब आमालाई सघाउने बुहारी चाहियो भनेर दिक्क पारिछे...अब तैले नी विहा गर्न पर्छ, यसरी अब खेल्नी रल्लीनी बेला गए तेरो , बुझिस्......
लाले :(बुवाको कुरा काट्न नसकी), हुन्छ बुवा भन्दै लुरुक्क भित्र पस्छ

**चौथो दृश्य**

भोलीपल्ट विहान........(बिरेले रितुको बुवालाई फोन गर्दै....
विरे : (हसाउने पारामा)..नाईन..एट..फोर.........हिलो......काईला बा हो? म विरे क्या काईला बा, मैले केटा पक्षको बुवा आमा र केटोलाई लिएर भोलि विहान आउँदैछु, रितुलाई चट्ट पारेर राख्नुहोला है.....ल अैले राख्छु है त .......
विरे : (एक्लै खुसी हुँदै) यताबाट नी चिरिप्पै, उताबाट नी चिरिप्पै ..........यसपाली केटोले दरो फाइदा गर्ने भयो .......

**पाँचौ दृश्य**

(विरेसंग फोनमा कुरा गरेपछि खुसी हुँदै...
काईला बा/रितुका बा : मैना.....ए मैना......., हैन कता गई यो, झन् या कस्तो खुसीको कुरो लिएर आईराछु....., ए मैना.........

मैना : हैन के भयो, किन यस्तो चिच्चाको ? के खुसीको कुरा हो ?

रितुका बा : भोली रितुलाई केटा हेर्न आउँदैछन्, त्या चिटिक्क पारेर राख्नी नी रितुलाई ।
मैना : (अचम्म मान्दै) हैन ! के भन्छन् यिनले ? तेती सानी छोरीको अहिलै त विहा गर्दिनी हैन भन्या..अझै छोरी बल्ल त ७ मा पढ्दै छे..

रितुका बा : सानी छे रे ! १४ वर्षकी भैसकी, ७ किलासमा पढ्दै छे, के को सानी हुनु ? बढेकी छोरीलाई धेरै समय घर राख्न हुन्न, अब तेलाई उम्काईदिनी हो ....

मैना : अ.ह.. हुन्न, म त छोरीको विहा गर्दिने पक्षमा छैन्न हेर्नु ....

रितुका बा : (रिसाउँदै) तँ धेरै नकरा ! घरको मुली तँ की म ? अरु मलाई केही था छैन, भोली रितुलाई हेर्न आउँदा तेलाई चिटिक्क पारेर राख्ने........बुझिस् । म सामान किनमेल गर्न बजार तिर गए ...

मैना : (डराउँदै) हुन्छ हजुर.......
(रितुको आमा चिन्ता मान्दै आँगनमा बसेर मकै छोडाउन थाल्छिन् , यत्तिकैमा रितु र उनको भाइ हर्क स्कुल जान भन्दै घरबाट निस्कन थाल्छन्)

रितु : आमा, हामी स्कुल गयौं है..........
मैना : छोरी, एकैछिन यहाँ आउत...तिमी संग एउटा कुरा गर्नु छ ........
हर्क : ह्या आमा पनि स्कुल जान अबेला भयो के ! फर्केपछि कुरा गरे हुन्न ?
मैना : तँ धेरै नकरा, त पनि आईजा यहाँ बस ।

(रितु र हर्क दुबैजना आमाको छेउमा बस्छन्)
मैना : हेर, छोरी तेरा बाले भनेको, भोली तँलाई विहा गर्नलाई केटा हेर्न आउनी अरे ! अब त स्कुल नजा है.........बरु घरै बस्, तँलाई अब घरको काम सिकाउन पऱ्यो.........फेरी पराई घर ग.र. दुःख पाउलिस्.........

रितु : (अचम्म मान्दै) के अरे ! के भन्नुहुन्छ यो आमाले, (रुन्चे पारामा) म त अहिलै विहा गर्दिन ....मेरो अझै धेरै पढ्ने ईच्छा छ, धेरै पढ्छु, जागिर खान्छु, अनि बल्ल विहा गर्छु.......

हर्क : का......दिदीको अहिलै विहा गर्दिनी ? दिदीको विहा गर्दिनु भयो भने त म पनि एक्लै स्कुल जान्न.....अहिलै विहा नगर्दिम न आमा ...........

मैना : मैले चाहेर हुनीभको भए तेरो दिदीको विहा गर्दिन्थिन, तर के गर्ने तेरा बा ले एकचोटि भनेसी पुग्यो....जति सम्झाएनी मानेनन्..........

रितु : (रुदै ) नाई ...आमा म त विहा गर्दिन ........
मैना : नरोउ छोरी...के गर्नी ? छोरीको कर्मै यस्तो, अब एक न एक दिन अर्काको घर जानै पर्थ्यो............(तीनै जना घर भित्र जानछन्,रितु र हर्क दुबैजना त्यो दिन स्कुल जान्नन्)

**सातौ दृश्य**

(भोलि पल्ट)
बालक्लबको मिटिङ्गको दिन हुन्छ ........
बिनी : (बाटोमा देखिन्छिन्, हातको घडि हेर्दै ) ओहो !, आज त अबेला भईसकेछ, छिटो छिटो हिड्नु पऱ्यो (यत्तिकैमा पालै पालो गर्दै पवित्रा, अनुप र विपना पनि बाटोमै भेट हुन्छन् र जम्मा भएर बैठक गाउँकै चौरमा बस्छन्)

विपना : खोई त , हर्क र रितु त अझै आइपुगेनन् त...
पवित्रा : हो त नी, अरुबेला त सबैभन्दा पहिला आएर बस्थे......
(यत्तिकैमा हर्क हतार हतार गर्दै आइपुग्छ)
हर्क : सबैलाई नमस्कार है

बिनी, विपना, पवित्रा र अनुप : (एकैपटक) नमस्कार ...नमस्कार....
पवित्रा : हामीले भखरै तिमीहरुलाई नै सम्झिदैं थियौं.......अनि खै त रितु....बाटोमा आउँदैछिन् ?

हर्क : के को आउनु नी , आज त दिदीलाई घर केटा हेर्न आउनी अरे, बा ले नजा भन्नुभथ्यो म त बल्ल बल्ल बालाई छलेर मिटिङ्गमा आको नी

अनुप : के रे !, अहिलै देखि रितुको विहाको कुरा चलाउन लाको.....
विपना : ओ हो, यो त भएन, रितु बल्ल १४ वर्षकी त छिन् अहिले विहा गर्ने बेलै भाछैन....

बिनी : यो विहा त हुन दिन हुन्न हेर, रितुका बा आमालाई रोक्नुपर्छ हामीले....

पवित्रा : हो, हो आजको बैठक यही स्थगित गरौं, हामीचाहिँ अब रितुको घरतिर लाग्नुपर्छ।
(हर्क सहित सबै जना रिसाउँदै र चिन्ता मान्दै रितुको घरतिर लाग्छन्)

**अन्तिम दृश्य**

(बिरे संगै लालेका बा, आमा र लाले रितुको घर आइपुग्छन्)
विरे : (घरको मुल ढोका तिर हेर्दै) काइला बा...ए काइला बा...
काइला बा : (भित्रबाट निस्कदै सबैलाई हेरेर.....) ए .....आईपुग्नु भयो ! सबैलाई नमस्कार हैं..

सबैजना एकैचोटी : नमस्कार...
काइला बा : म सुकुल ओछ्याउँछु यही पिढिमा बसौं हैं....
बिरे : (केटो पक्षका सबैलाई एक एक गर्दै देखाउँदै) काइला बा, केटो यिनै हुन् , उहाँ चाहिँ लालेको बा, उनी उहाँ चाहिँ लालेको आमा , अनि (केटा पक्षतिर हेरेर....काइलाबाको परिचय दिदैं उहाँचाहिँ केटीका बा
गौथली : ल, चिनजान त भइहाल्यो, मलाई त केटी हेर्न सारै हतार भयो भन्या, केटीलाई बाहिर बोलाउन पऱ्यो।

रितुका बा : ल ल म बोलाईहाले ..........भित्र तिर हेरेर....मैना, रितुलाई लिएर बाहिर आईजा त,
(मैनाले छोरीलाई लिएर बाहिर आउँछिन्)

मैना : सबैलाई नमस्कार है।
केटा पक्षका बुवा आमा : नमस्कार ........
रितुका बा : (रितुतिर हात देखाउँदै) यी यिनै हुन्, मेरी छोरी, ७ किलास सम्म पढिछे, घरको काम काज सबै गर्न जानिछे यल्ले।

गौथली : रितुको बारेमा त जम्मै विरे बाबुले भन्नुभाथ्यो। आज प्रत्यक्ष देख्न पाईयो, रुपकी पनि अति राम्री, मलाई त रितु मन पऱ्यो ......बरु पण्डितलाई पनि सँगै ल्याउन पाको भए चिना हेरार लगन जुराउन हुन्थ्यो ..........
(यत्तिकैमा रितुको भाई हर्क सहित बालक्लबका सबै सदस्य रितुको घर आइपुग्छन्)

बिनी : हैन, कसको लगन जुराउने कुरो हुदैंछ ?
(अचानक बालक्लबका सबै सदस्यलाई देखेर रितुको घरमा भएका सबैले अचम्म मान्छन्)

रितुको बा : (आफ्नो बसेको ठाउँबाट उठेर (आज कताबाट बाटो बिरार आए यी केटाकेटी, के भयो? के काम छ र ?
विपना : अझै के भयो भन्नुहुन्छ ?

विरे : हैन......हाम्रा गाउँका केटीहरु किन पङ्केका हुन् यसरी ?
अनुप : हामी बालक्लबबाट आएको, तपाईहरुले रितुको यति सानो उमेरमा विहा गर्दिन कसरी आँट गर्नुभयो ? पक्कै यो विरे दाईले भड्काको हुनुपर्छ।

विरे : के गरे र मैलै ?

हर्क (रितुको भाई) : (रिसाउँदै) अझै के गरे भन्नुहुन्छ ? तपाइँले नै हैन दिदीलाई अहिलै विहा गर्दिनी भनेर बा संग कुरा गरेको ?
बिनी :(विहा गर्दिन आँटिका सबैजनालाई राम्रोसंग सम्झाउने कोशिस गर्दै) रितु अहिले बल्ल १४ वर्षकी भईन्, यीनको अहिलै विहा गर्दिनु भयो भने उनको पढाई पनि अधुरै हुन्छ, आमा बुवाको माया पाएर घरमा बसेर पढ्ने बेलामा अर्काको घरमा चुलो चौका गर्न पठाउन खोज्नु हुन्छ, हजुरहरु !

अनि था छ , सानै उमेरमा बच्चा पाउन नसकेर अथवा सानै उमेरमा धेरै बच्चा पाउनुपऱ्यो भने पाठेघर खस्ने र अकालमै मृत्यु समेत हुन सक्छ रितुको ! उनले पाउनु पर्ने बालअधिकार पनि हनन हुन्छ।

विपना : हो त नी, यति मात्रै कहाँ हुनु ? १८ वर्ष नपुगी विवाह गराएमा बालविवाह गराएको भनेर कानुन पनि लाग्छ ।
(रितुका बा आमा, लालेका बा आमा र विरेको कान ठाडो हुन्छ )
रितुका बा : हैन के भन्छन् यिनीहरु ?

पवित्रा : हो काइला बा, १० वर्ष भन्दा माथी र १४ वर्ष सम्मको बालबालिकाको विवाह गरे गराएमा ३ महिनादेखि १ वर्षसम्म कैद र १ हजार देखि पाँच हजार सम्म जरिमाना पनि लाग्छ ॥
विपना :१४ वर्षदेखि १८ वर्षसम्मको बालबालिकाको विवाह गरे गराएमा ६ महिना कैद वा १० हजार रुपैया सम्म जरिमाना लाग्न सक्छ।

अनुप : कानुनको कुरा त छदैंछ, बालविवाह गराएर जेल जान पर्‍यो भने तपाईंहरुको ईज्जत समाजमा कहाँ पुग्छ ? सोच्नुभाको छ ? रितुको बा : ओ हो ! मैले त अपराध पो गर्न लाको रैछु है । मैना : हो त नी , मैलै तपाईलाई अहिलै छोरीको विहा नगर्दिउँ भनेको हैन ! मैले भनेको मान्नुभएन , सुन्नुभयो त के हुँदो रैछ । ( बालक्लबका सदस्यहरुलाई हेर्दै) अनि नानी बाबुले कहाँबाट थाहा पाउनु भयो त यस्ता कुराहरु ?

बिपना : हाम्रो बालक्लब गठन गर्न इन्द्रेणी समाज केन्द्रबाट सामाजिक परिचालक आउनुभएको थियो, उहाँले नै भन्नुभएको यी सबै कुराहरु ।

रितुको बा : (बालक्लबका सदस्यहरु तिर हेर्दै) आज तिमीहरु नआको भए मैले रितुको विहा आटिँसक्याथे । अब चाहिँ छोरीलाई पढाएर लेखाएर ठुली भएपछि मात्रै विहे गरिदिन्छु ।

अनुप : काईला बा, ठुली भएपछि भनेको चाहिँ २० वर्ष पुरा भएपछि मात्रै भन्ने सम्भिनु है । किनकी २० वर्ष पछि विवाह गर्दा रितु शारीरिक र मानसिक रुपमा परिपक्क भइसकेकी हुन्छिन् ।

रितुको बा : ल बाबु हुन्छ, मैले त्यसै गर्छु ।

लालेको बा : गौथली तिर हेर्दै, तैले गनगन गनगन गरिथिस् नी , अब के भन्छेस् ?

गौथली : मलाई पहिला कहाँ था थियो र यी सब कुरा, हाम्रो बाबु पनि त सानै छ यसलाई पनि राम्ररी पढाएर उमेर पुगेपछि मात्रै विवाह गर्दिनुपर्ला अब ...........

बिनी : ल .......दुई घरमा हुन लागेको बालविवाह त आज रोकियो । तर गाउँमा अरु पनि घरमा यसरी वाल विवाह हुन लागेको छ भने हामी सबै मिलेर सम्भाउनुपर्छ र वालविवाह हुन दिनुहुँदैन, वालविवाहलाई घर, गाउँ र समाजबाटै हटाउनुपर्छ, बुभ्नुभयो ?

सबै जनाले : बुभ्यौ नानी ।

सबै जना : (आ आफ्नो ठाउँबाट उठेर) विवाहवारी २० वर्ष पारी, बालविवाह नगरौं र नगराउँ भन्दै एकै पटक बालविवाह रोक्न हामी प्रतिवद्ध छौं भनेर एक आवाजमा भन्छन् । समाप्त

---

## बालगीत

**सगरमाथा बालक्लब**
**दुम्किबास, ज्यामिरे**

सगरमाथा रेलिमै बाल क्लब ज्यामिरे
सवलाई स्वागत रेलिमै गर्दछौ हामीले

हे अन्तराष्ट्रिय बालदिवस परेको छ आज
मनको कुरा खोलौ सवले नमानेर लाज

बुभिदिनु रेलिमै ए आमा बुबा
बालबालिका रेलिमै हुन साना बिरुवा

हे गास, वास, कपास र शिक्षा स्वास्थ्य अनि
चाहिन्छ है माया ममता मनोरञ्जन पनि

घरपरिवार रेलिमै समाज सरकार
बुभि दिनु रेलिमै बालकको अधिकार

हे हेर कति बालबालिका शिक्षाका भोका छन्
बेसाहारा बनि कति सडकमै रोका छन् ।

कति छन् है रेलिमै अनाथ र टुहुरा
कसले हो त रेलिमै बुभिदिने यो कुरा

हे नगर्नु है बालबिबाह हाम्रो इन्छा मारी
यौन शोषण र श्रम शोषणको नर्कमा पारी
नबर्सिनु रेलिमै आ आफ्नो कर्तब्य
बनाई दिनु रेलि मै उज्यालो भबिश्य ।
हे अन्याय गर्छन बालकलाई बेच बिखन गरी
अंग भंग भाछन कति द्वन्द्वमा परि

बन्दुक होइन रेलिमै कलम देऊ हातमा
नरुवाउनु रेलिमै यो हाम्रो दिल आत्मा
हे...नगर्नु है भेदभाव छोरा छोरी बिच
कोही पनि हुँदैन है सानो ठुलो निच

दिनुपर्छ रेलिमै शिक्षा र ज्ञान
छोराछोरी रेलिमै दुबैलाई समान
हे....कार्यक्रम निति निर्माण बनाउँदा अनि
बुभ्नुपर्छ बाल विचार भावनाको पनि

पाउनुपर्छ रेलिमै सबकुरा जान्नलाई
दिनुपर्छ रेलिमै सहभागी बन्नलाई
हे....दिनु सबले बालबच्चालाई उचित मार्ग दर्शन
अनि मात्र भविष्यमा देशको विकास गर्छन

बाल अधिकार रेलिमै गरौं है संरक्षण
देशमा ल्याऔं है रेलिमै शान्ती र संवर्द्धन

## चुट्कीला

भिखारीले पैसा मागेछ, दाताले दिने विचार गरेछ,
भिखारी : रु १४ दिनु न है ।
दाता : किन रु.१४ नै ।
भिखारी : मेरी प्रेमीका पनि छे ।
दाता : तँ भिखारीले पनि प्रेमीका बनायौ ?
भिखारी : हैन हजुर प्रमीकाले मलाई भिखारी बनायो ।

# पत्रपत्रिकामा इन्द्रेणी समाज केन्द्र, नेपाल



२०६९।४।११ बिहीबार — लुम्बिनी

## सनई र पाल्ही गाविसमा बालविवाह घट्यो

गौरीशंकर जयसवाल

## बालबालिकाको क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड

गौरीशंकर जयसवाल

अधिकारी परशुराम अर्यालले बाल अत्याचार र शोषणविरुद्ध बालबालिकालेनै आवाज उठाउनु पर्ने बताए । बालबालिकाको क्षेत्रमा संवेदनशिल भएर कलम चलाउन संचारकर्मीलाई आग्रह गरे । राजनैतिकदलले गाविसमा रहेको १० प्रतिशत बजेट बालबालिकाको नाउँमा छुट्टिने भएकाले त्यसको सदुपयोग हुनु पर्ने बताए । संस्थाले बालयौन दुर्व्यवहार र बालविवाह न्यूनीकरणका लागि जिल्लाका ६ गाविसमा कार्यक्रम संचालन गरिएको इन्द्रेणीका कार्यक्रमका व्यवस्थापक रुद्र मसाङ्गले बताए । कम ढिलो भर्ना भएका र बहिर्गमनमा ... लडाकुको शिक्षाको क्षेत्रमा

स्वाधिन दैनिक २०६६ कार्तिक २६ — रुपन्देही जि.हु.का. प्र.का.द.नं.:-४१/०५३/०५४

## क्षमता वृद्धिका लागि हाजिरिजवाफ

बालबालिकाहरुको चौतफी रुपमा क्षमता विकास गर्ने उद्देश्यका साथ ... बाल क्लबस्तरीय हाजिरी ... तृतीय र बिहानी बाल क्लब सुनवल-५ सान्त्वना भएका थिए । गाउँ बाल संरक्षण तथा समन्वय उप-समितिका संयोजक नेत्रम शर्माको प्रमुख आतिथ्यता र जेनिथ अनुप न्यौपानेको ...

## पन्जीकारीहरुलाई विवाह दर्ता र जन्म दर्ता गर्न समस्या

केशव पराजुली

नवलपरासी । समाजले बुढो भयो भनेका कारण विवाह गर्ने उमेर नहुँदै विवाह गर्ने प्रचलनका कारण र उमेर नपुगि बच्चा पाउने समस्याका कारण नवलपरासीका पन्जिकारीहरुलाई विवाह दर्ता र जन्म दर्ता गर्न समस्या भएको छ ।

नवलपरासीका १७ पहाडी गाउँ विकास समिति र मगर बस्तीमा यस्तो प्रचलन भएका कारण त्यस क्षेत्रमा रहेका गाउँ विकास समितिका पन्जिकारीहरुलाई यस्तो समस्या आएको हो । २०५९ सालको राष्ट्रिय जनगणनामा समेत नवलपरासी जिल्लाको जन संख्या हेर्ने हो भने मगर समुदायको जनसंख्या सबै भन्दा बढी रहेको छ ।

सम्शेर ढेगा मगर समाजका कारण र शिक्षाका कारण पनि मगर समुदायमा यस्तो प्रचलन रहेकोमा अहिले आएर यस्तो प्रचलनको अन्त्य भनि हुँदै गएको संसेरको भनाई रहेको छ । नवलपरासीमा विगत छ महिना देखि इन्द्रेणी समाज केन्द्र नेपालले नवलपरासीका दुईवटा गाउँ विकास समितिमा बालयौन दुर्व्यवहार र बाल विवाह विरुद्धको अभियान सन्चालन गरेपछि नवलपरासीको सुनवल र दुम्किबास गाविसमा बालयौन दुर्व्यवहार र बाल विवाह विरुद्धको अभियान ... कमी आउन थालेको ... शर्मीला पौडेल ...

विश्वदीप साप्ताहिक

## बाल पदाधिकारी सम्मानित

इन्द्रेणी समाज केन्द्रको आयोजना र सेभ द चिल्ड्रेन ... भि.सि.पि.डि.को सहयोगमा ३ दिवसिय वाल विवाह तथा बाल ... दुर्व्यवहार, खुला दिशा मुक्त क्षेत्र, दाइजो प्रथा सम्वन्धि सडक ... हाजिरि जवाफ प्रतियोगिता भव्यताका साथ सम्पन्न भयो । ... मनोज चौधरीको नेतृत्वमा ...

## ३ दिनमा ३ सय बढीको जन्मदर्ता

राजेश साहनी

नवलपरासी नवलपरासीको दुम्किबास गाउँ विकास समितिमा पछिल्लो तीन दिनमा मात्रै ३ सय २५ जनाले जन्मदर्ता गराएका छन् । इन्द्रेणी समाज केन्द्रको सहयोगमा संचालन गरिएको व्यक्तिगत घटना दर्ताको ३ दिने अभियान ...

१६ वर्षसम्म रहेको गाविस सचिव कृष्ण प्रसाद अर्यालले बताए । दुम्किबास गाउँ विकास समितिको अधिकांश भू-भाग पहाडी क्षेत्रमा पर्ने भएकोले उनीहरु गाविस कार्यालयमा नआउने गरेको र जन्मदर्ता गराउनु पर्छ भनेर चेतना र यसको फाइदा बेफाईदा बारे जानकारी पनि नभएकाले ... अधिकांश बालबालिकाहरु अझै पनि जन्म ... विहिन रहेको सचिव अर्यालको भनाई ...

## उमेर पुगेपछि विवाह गरिदिने प्रतिवद्धता

राजेश साहनी

नवलपरासी नवलपरासीको दुम्कीबास ७ बगुवनका स्थानीयबासीहरुले आफ्नो छोरा छोरीको विवाह २० वर्ष पुगेपछि मात्रै गरिदिने प्रतिवद्धता जनाएका छन् । सानो उमेरमा छोरा छोरीको विवाह गरिदिदा उनिहरुमा शारिरीक तथा मानसिक समस्या देखिने गरेको थाहा पाएपछि अब देखि उमेर पुगेपछि मात्रै विवाह गरिदिने अभिभावकहरुले बताएका हुन् ।

इन्द्रेणी समाज केन्द्र नवलपरासीले आयोजना गरेको स्थानीय सरोकारवालाहरु विचको अर्न्तक्रिया कार्यक्रमका अभिभावकहरु ...

रुपमा रोगी समेत बनेको बताउदै अभिभावकहरुलाई आफ्ना छोरा छोरीको उमेर पुगेपछि मात्रै विवाह गरिदिएर उनिहरुको भविश्य उज्जवल बनाउन आग्रह गर्नुभयो । साथै उहाले उमेर पुगेपछी गरेको विवाह मात्र दिगो हुने दाबी समेत गर्नुभयो । नवलपरासीको दुम्कीबास गाउ विकाश समितिका ३० प्रतिशत बालबालिकाले सानै उमेरमा विवाह गरिसकेका छन् ।

चेतनाको स्तर कम भएकोले यहाका अधिकाश बालबालिकाहरु सानै उमेरमा विवाह गर्ने गरेको गाविस सचिव कृष्ण प्रसाद अर्यालले बताउनुभयो ।

NBSM

NBSM & Associates
Chartered Accountants

5th Floor, 1838, Ramshah Path, Putalisadak Kathmandu, Nepal
P. O. Box : 8357, Phone / Fax : 977-1-4433069
E-mail : info@nbsm.com.np, URL : www.nbsm.com.np

# Auditors Report
## To the members of
## Indreni Samaj Kendra (ISK) - Nepal

We have audited the attached Balance Sheet of **Indreni Samaj Kendra (ISK)- Nepal** as on Ashad 31, 2069, [July 15, 2012] together with Income and Expenditure Account and Fund Accountability Statement for the year ended on that date, annexed thereto. The financial statements are the responsibility of the management of the organization. Our responsibility is to express an opinion on these financial statements based on our audit.

Our examinations were made in accordance with Generally Accepted Auditing Standards and consequently included such tests of the Books and Accounting records and other auditing procedure as we considered necessary under the circumstance, and we report that:

1. We have obtained all information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
2. In our opinion, proper books of account as required by law have been kept by the organization in so for as it appear from our examination of those books of account.
3. The Balance Sheet and Profit and Loss Account and Fund Accountability Statement dealt with by this report are in agreement with the books of account of the organization.
4. In our opinion and to the best of our information and according to the explanations given to us, the said Statement of Accounts read with the notes give true and fair view:
   a) In the case of the Balance Sheet, of the state of affair of the organization as at Ashad 31, 2069 [July 15, 2012];
   b) In the case of Income and Expenditure Account, the surplus for the year ended on that date;
   c) In the case of Fund Accountability statement, the inflows and outflows of fund for the year ended on that date.
5. In our opinion and to the best of our information and according to the explanation given to us and from our examination of the books of account of the organization, we have not come across the cases where the directors or any employees of the organization has acted in contravention of the existing laws, neither have they misappropriated fund nor caused any loss to the organization so far as it appears from our audit.

For NBSM & Associates
Chartered Accountants

NBSM & Associates * Kathmandu * Chartered Accountants

CA. Nil Bahadur Saru Magar
Partner

Date : Aswin 25, 2069
Place : Kathmandu Nepal

Independent Member of GENEVA GROUP INTERNATIONAL

**Indreni Samaj Kendra (ISK)-Nepal**
**Balance Sheet**
**As on Asad 31, 2069 (July 15, 2012)**

Amount in Rs.

| Particulars | Schedules | Current year | Previous Year |
|---|---|---|---|
| **Source of funds** | | | |
| Opening Fund balance | 1 | 20,090.38 | 578,988.07 |
| Add: Surplus/Deficit During the Year | | 864,483.51 | (558,897.69) |
| Less: Fund Returned to SC | | (13,491.00) | - |
| **Total Sources of Fund** | | **871,082.89** | **20,090.38** |
| **Application of funds** | | | |
| **Fixed Assets** | | - | - |
| **Current Assets, Loans & Advances** | | | |
| Cash in hand | | 15,773.00 | 341.00 |
| **Bank** | | | |
| Nepal Bank Ltd Tansen A/C No 1228 | | 3,041.00 | 3,196.00 |
| Nepal Investment Bank Ltd Tansen A/c No 02605050257206 | | 86,218.67 | 52,672.21 |
| Nepal Bank Ltd Tansen A/C num 1367 | | 11,316.17 | 3,001.11 |
| Lumbini Bank Parasi 08100037 CAAFAG | | 11,920.00 | 13,491.00 |
| Lumbini bank Parasi (SPEC) 08100038 | | 739,529.00 | 117,061.00 |
| Rastriya Banijya Bank Tansen Acc Num 4773 | | 111,129.15 | 139,547.06 |
| Advance/Receivable | 4 | 288,593.90 | 39,161.00 |
| Total | | **1,267,520.89** | **368,470.38** |
| **Less: Current Liabilities** | | | |
| Payable | 5 | 396,438.00 | 348,380.00 |
| **Net Current Assets** | | **871,082.89** | **20,090.38** |
| **Total Application of Funds** | | **871,082.89** | **20,090.38** |

Notes to Accounts forming part of Financial statements

**Income Statement**
**For the Fiscal year 2068/69 (July 17, 2011 to July 15, 2012)**

Amount in Rs.

| Particulars | Schedules | Current Year | Previous year |
|---|---|---|---|
| **Income:** | 2 | | |
| 1. ISK Programme | | 1,130,077.39 | 1,446,180.69 |
| 2. CAAFAG Programme | | 1,429,370.00 | 1,491,609.00 |
| 3. SPEC Programme | | 2,222,892.00 | - |
| 4. ODW Programme | | 1,765,389.00 | 2,755,631.00 |
| 5. SSP Programme | | 1,949,467.75 | - |
| 6. EAP programme | | 1,000,000.00 | - |
| 7.Other Save the children Fund &HPP Income | | - | 2,216,393.00 |
| **Total Income (A)** | | **9,497,196.14** | **7,909,813.69** |
| **Expenditure** | 3 | | |
| 1.ISK Programme Expenditure | | 1,479,041.93 | 1,569,838.24 |
| 2.CAAFAG programme Expenditure | | 1,500,393.00 | 1,478,118.00 |
| 3.SPEC Programme Expenditure | | 1,378,363.00 | - |
| 4.ODW Programme Expenditure | | 1,591,701.00 | 3,207,607.14 |
| 5.SSP Programme Expenditure | | 1,683,213.70 | - |
| 6.EAP programme Expenditure | | 1,000,000.00 | - |
| 7.Other Save the children Fund &HPP Exp | | - | 2,213,148.00 |
| **Total Programme Expenditure (B)** | | **8,632,712.63** | **8,468,711.38** |
| **Surplus/ ( Deficiet ) during the Year (A-B)** | | **864,483.51** | **(558,897.69)** |

Notes to Accounts forming part of Financial statements 6

As per Our Report on even Date

| Radha Ale<br>Account Officer | Rudra Masarangi<br>Programme Manager | Nabindra Thapa Soti<br>Chair Person | Iman Singh Rana<br>Treasurer | CA. Nil Bahadur Saru Magar<br>NBSM & Associates<br>Chartered Accountants<br>Date: Aswin 25,2069<br>Kathmandu, Nepal |
|---|---|---|---|---|

**Indreni Samaj Kendra (ISK)-Nepal**
**Fund Accountability statement**
**For the Fiscal year 2068/69 (July 17, 2011 to July 15, 2012)**

Amount in Rs.

| Particulars | | Schedules | Current Year | Previous Year |
|---|---|---|---|---|
| **Sources of Funds:** | | | | |
| Opening Fund Balance | | 1 | 20,090.38 | 578,988.07 |
| Fund Received during the year | | 2 | 9,497,196.14 | 7,909,813.69 |
| Less: Fund returned to SC | | | (13,491.00) | - |
| **Total Sources of Funds** | **( A )** | | **9,503,795.52** | **8,488,801.76** |
| **Application of Funds:** | | | | |
| **Programme Expenditure:** | | 3 | | |
| 1.ISK Programme Expenditure | | | 1,479,041.93 | 1,569,838.24 |
| 2.CAAFAG programme Expenditure | | | 1,500,393.00 | 1,478,118.00 |
| 3.SPEC Programme Expenditure | | | 1,378,363.00 | - |
| 4.ODW Programme Expenditure | | | 1,591,701.00 | 3,207,607.14 |
| 5.SSP Programme Expenditure | | | 1,683,213.70 | - |
| 6.EAP programme Expenditure | | | 1,000,000.00 | - |
| 7.Other Save the children Fund & HPP Exp | | | | 2,213,148.00 |
| **Total Applications of Funds** | **( B )** | | **8,632,712.63** | **8,468,711.38** |
| **Balance of Funds Surplus / ( Deficit )** | **( A - B )** | | **871,082.89** | **20,090.38** |
| **Balance of Funds Represented by** | | | | |
| Cash in hand | | | 15,773.00 | 341.00 |
| **Bank** | | | | |
| Nepal Bank Ltd Tansen A/C num 1228 | | | 3,041.00 | 3,196.00 |
| Nepal Investment Bank Ltd Tansen A/c Number 02605050257206 | | | 86,218.67 | 52,672.21 |
| Nepal Bank Ltd Tansen A/C num 1367 | | | 11,316.17 | 3,001.11 |
| Lumbini Bank Parasi 08100037 CAAFAG | | | 11,920.00 | 13,491.00 |
| Lumbini bank Parasi (SPEC) 08100038 | | | 739,529.00 | 117,061.00 |
| Rastriya Banijya Bank Tansen Acc Num 4773 | | | 111,129.15 | 139,547.06 |
| Advance/Receivable | | 4 | 288,593.90 | 39,161.00 |
| Payables | | 5 | (396,438.00) | (348,380.00) |
| **Total** | | | **871,082.89** | **20,090.38** |

As per Our Report on even Date

Radha Ale, Account Officer

Rudra Masarangi, Programme Manager

Nabindra Thapa Soti, Chair Person

Iman Singh Rana, Treasurer

CA. Nil Bahadur Saru Magar
NBSM & Associates
Chartered Accountants

Date: Aswin 25,2069
Kathmandu, Nepal

# वार्षिक समिक्षा गोष्ठी सम्पन्न

इन्द्रेणी समाज केन्द्र, नेपालको सन् २०१२ मा नवलपरासी जिल्लामा संचालित कार्यक्रमहरुको बार्षिक समिक्षा गोष्ठी जिल्ला सदरमुकाम परासीमा एक औपचारिक कार्यक्रमको साथ सम्पन्न भएको छ । कार्यक्रम संस्थाका कार्यक्रम ब्यवस्थापक रुद्र मस्राङ्गीको अध्यक्षता र जिल्ला बाल कल्याण समिती नवलपरासीका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी श्री परशुराम अर्याल ज्यूको प्रमुख आथित्यतामा सम्पन्न भएको थियो । जिल्ला तथा स्थानिय तहका अधिकारवालाहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरु, बिषयगत सरकारी कार्यालय, बालकल्याण समितीका सदस्यहरु, गैरसरकारी संस्थाहरुका प्रमुख तथा प्रतिनिधीहरु र पत्रकारहरुको उपस्थिती रहेको थियो । संस्थाद्धारा नवलपरासी जिल्लामा संचालित बालबालिकाको लागि सहयोगी तथा सुरक्षित वातावरण कार्यक्रम, सशस्त्र फौज तथा समुहमा आबद्ध भएका बालबालिकाहरु र बर्हिगमनमा परेका सहभागीहरुका लागि शैक्षिक सहयोग कार्यक्रम र एच.आई.भी. र एड्स रोकथाम कार्यक्रम अर्न्तगतको बीउ पुँजी कोष संचालन कार्यक्रमहरुको बार्षिक प्रगति विवरण संस्थाका कार्यक्रम संयोजक बिरेन्द्र कुमार थापाले प्रस्तुत गर्नु भएको थियो । प्रस्तुती पश्चात सहभागीहरुले कार्यक्रमको बारेमा बिभिन्न जिज्ञासाहरु राख्दै र ती जिज्ञासाहरुको बारेमा छलफल गर्दै सम्पन्न भएको थियो ।




यसै कार्यक्रमको बीचमा संस्थाले नवलपरासी जिल्लामा बालअधिकारको सवालमा बिभिन्न बिद्युतिय तथा छापा माध्यममा पत्रकारिता गर्ने पत्रकार द्धय श्री केशव पराजुली र कल्पना भट्टराईलाई जनही नगद रु ४,५००।- र प्रमाण पत्र सहित पुरस्कृत गरिएको थियो । समारोहमा पुरस्कृत पत्रकारहरुलाई प्रमख जिल्ला अधिकारी तथा प्रमुख अतिथि श्री परशुराम अर्याल ज्यूद्धारा पुरस्कार र प्रमाण पत्र प्रदान गर्न भएको थियो । साथै बालबालिकाको लागि सहयोगी तथा सुरक्षित वातावरण कार्यक्रम अर्न्तगत १९ जना किशोरकिशोरी अर्न्तक्रियात्मक सिकाई सहजकर्ताहरुलाई पनि प्रोहत्सान सामाग्री (झोला) प्रदान गरिएको थियो ।

कार्यक्रम इन्द्रेणी समाज, केन्द्र नेपालका सामाजिक परिचालक शर्मिला पौडेलको सञ्चालन तथा राकेश गुप्ताको स्वागत मन्तव्यबाट संचालन भएको थियो । कार्यक्रममा गा.वि.स. स्तरीय बालक्लब संजाल सनईका अध्यक्ष श्री ग्रीजेस कुमार शर्मा, गाँउ बाल संक्षरण तथा सम्बर्द्धन उपसमिती रमपुँरवाका संयोजक श्री पारसाथ बर्मा, जिल्ला प्रहरी कार्यालयका नवलपरासीका इन्स्पेिक्टर श्री बिष्णुबर सिं थापा, गैरसरकारी संस्था महासंघ नवलपरासीका अध्यक्ष श्री बद्री नेपाल, पुरस्कृत पत्रकार श्री केशव पराजुली, सेभ द चिल्ड्रेनका कार्यक्रम संयोजक श्री हाजरा शवनम, बालअधिकार अधिकृत श्री रवि गौतम, जिल्ला शिक्षा कार्यालय नवलपरासीका उपसचिव श्री बुद्धराज बस्याल, त.म.लो.पा.का जिल्ला सचिव श्री पुरन चौधरी लगायतले कार्यक्रमको सफलताको कामना गर्दै संस्थाले गरेका बिभिन्न कार्यक्रमहरु प्रशंसनीय भएको र अझै यसलाई बिभिन्न गा.बि.स.हरुमा विस्तार गर्न पर्ने कुरामा जोड दिनु भएको थियो । साथै कार्यक्रमका प्रमुख अतिथि, अर्यालले महिला तथा बालबालिकाको सवाल संबेदनशिल हुने भएकोले सबै कार्यरत सरकारी, गैरसरकारी संघसंस्थाहरु र अन्य पक्षहरुलाई संबेदनशिल भएर लाग्नु पर्ने कुरामा जोड दिनु भएको थियो ।

अन्त्यमा संस्थाका कार्यक्रम ब्यवस्थापक तथा कार्यक्रमका अध्यक्ष रुद्र मस्राङ्गीद्धारा आगामी दिनहरुमा आवश्यकता अनुसार कार्यक्रमको बिस्तार गर्दै जाने र त्यसको लागि सम्पूर्ण सबै सरोकारवालाहरुको सहयोग आवश्यक रहेको कुरा बताउनु भएको थियो । कार्यक्रम कार्यन्वयनको सिलशिलामा संस्थाको कार्यसञ्चलान पद्धतिमा परिवर्तन आवश्यक भएमा थप सल्लाह र सुझावको लागि अनुरोध गर्दै बालबालिकाको अधिकारको सुनिश्चतताको लागि संस्था कतिवद्ध रहने प्रतिवद्धता सहित समिक्षा कार्यक्रममा सहभागी हुनुभएका सम्पुर्ण सहभागीहरुलाई सक्रिय सहभागिताको लागि धन्यवाद सहित कार्यक्रमको औपचारीक समापन गर्नु भएको थियो ।

# बालविवाहलाई सामाजिक रुपमा वहिष्कार गरौं बालअधिकार प्रवर्द्धनमा सहयोग पुऱ्याऔं ।



दक्षिण एशियाको प्रायः मुलुकमा बालविवाह हुने गरेको पाइन्छ । यस क्षेत्र मध्ये नेपालमा तीन बालबालिका मध्ये कम्तिमा एक जना वा ३४ प्रतिशत विवाह १८ वर्ष नपुग्दै भएको पाइन्छ । उमेरले १८ (अठार) वर्ष नपुगेका बालक वा बालिकाबीच हुने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा प्रायः जसो बाबुआमा वा परिवारका वयस्क मानिसले मागेर वा दिएर गरिने मागी विवाह, उमेरै नपुगी केटा र केटीबीचको राजीखुशीले गरिने प्रेम विवाह र विवाह गर्ने केटा वा केटी मध्ये एक वा दुवै जनाको स्वीकृति वा इच्छा वेगर गरिने जर्बजस्ती वा बाध्यात्मक विवाह प्रचलनमा पाइन्छन् । यी खालका विवाह हुनका लागि समाजमा शैक्षिक, सांस्कृतिक एवं आर्थिक अवस्था र परिवेशले साथ दिएको देखिन्छन् । तसर्थ अठार (१८) वर्ष उमेर नपुगेका बालक र बालिका आफैंले राजीखुसीले अथवा आमाबुबा वा अभिभावकको स्वीकृतिमा विवाह गरे भने पनि त्यस्तो विवाहलाई बालविवाह नै मानिन्छ तसर्थ यी विवाहहरु सामाजिक अपराध हो भने यो कानुनी रुपमा दण्डनीय एवं बालअधिकार उलंघनको एक प्राकाष्ठ पनि हो त्यसैले हामी सबैले बालअधिकारको उच्च सम्मान र सभ्य र सुसुचित समाज निर्माणका लागि असल नागरिकको भूमिका निर्वाह गर्न यस प्रति सचेत र सजग रहौं र बालअधिकारको प्रवर्द्धन गरौं ।

**भविष्यका सम्भावना र प्रगति प्रतिको बाधक नबनौः** बाल्यअवस्थामा व्यक्तिको शारीरिक तथा मानसिक विकास पूर्ण रुपमा भई सकेको हुदैन । यो उमेरमा बालबालिकाको उज्जवल भविष्य र सफलताका लागि आमाबाबुको उचित मायाममता, मार्गदर्शन र आवश्यक शिक्षा र स्वास्थ्यमा ख्याल गर्नु पर्छ तसर्थ यी सम्भावना प्रति वेवास्ता गरी बाधक नबनौं ।

**बालापनलाई नगुमाऔं र मजाले रमौं** : बाल्यअवस्था हाँस्ने, खेल्ने, पढ्ने र अभिभावकबाट मायाममता र हेरचाह पाउने उमेर हो साथै बालापन जीवनको स्वींणिम् क्षण हो र यो फर्केर पनि आउदैन । यसर्थ यसको महत्वलाई बुझौं र सही सदुपयोग गरौं । कम उमेरमै वैवाहिक बन्धनमा फँसी पारिवारीक जिम्मेवारी र सामाजिक एवं सास्कृतिक दवावमा नपरौं र नपारौं ।

**शारीरिक तथा मानसिक पीडा र बोझ नथुपारौंः** बाल्यअवस्था शारिरीक तथा मानसिक रुपमा तीव्र विकास हुने अवस्था भएकोले यस अवस्थामा पारिवारीक झमेला, व्यक्तिगत बृद्धि विकासमा अवरोध लगायत समस्यामा परि शारीरिक तथा मानसिक पीडा र बोझमा नफसौं ।

**स्वास्थ्यलाई प्रतिकुलतामा नधकेलौंः** बालविवाह भई कम उमेरमै गर्भवती भई बच्चा जन्माउने, हुर्काउने समस्यामा फँस्ने र जसका कारण स्वास्थ्यमा प्रतिकूल असर परेका र कतिपयलाई यौनजन्य रोग लगायत महिलाहरुको आङ्ग खस्ने जस्ता समस्या देखिएकाले बुद्धिमानीपूर्वक यसबाट छुटकारा पाउन बालविवाह गरी जीवनलाई स्वास्थ्यको प्रतिकूलतामा नधकेलौं ।

**यौन तथा घरेलु हिंसाको शिकार नबनौंः** नेपाली परिवेश, विद्यमान् परम्परा र संस्कृति अनुसार महिलाहरुलाई श्रीमान्‌को घर गई सके पछि दाइजो, सन्तान लगायत विभिन्न वहानामा शारीरिक तथा मानसिक यातना र हत्या समेत भएको तथ्यहरु बाहिर आएको पाइन्छ यी तथ्यका अगाडि बालविवाह एक प्रमुख कारक समेत भएको सन्दर्भमा यसबाट बँच्न परिपक्व र आत्मनिर्भर भई वैवाहिक जीवन बिताऔं र यौन तथा घरेलु हिंसाबाट बचौं र बचाऔं ।

**बहुविवाह तथा सम्बन्ध विच्छेदको शिकार नबनौंः** हालैको अध्ययनले बहु विवाह तथा सम्बन्ध विच्छेदका मुख्य कारकहरु मध्ये बालविवाह एउटा प्रमुख कारक हो भन्ने तथ्य सार्वजनिक गरेको अवस्था छ । तसर्थ हाम्रो वैवाहिक सम्बन्धले पनि यस्ता समस्यालाई ननिम्त्याउने गरी परिपक्व वैवाहिक जीवनको सुनिश्चिता गरौं बहु विवाह तथा सम्बन्ध विच्छेदको शिकार नवनौं ।

**सामाजिक, लैंगिक तथा आर्थिक भेदभाव र दुर्व्यवहारमा नपरौंः** सानै उमेरमा बालविवाह गरि दिनु लैगिक आधारमा गरिने हिंसाको रुपमा लिइन्छ । यसका साथै बालविवाहका कारण हुने सामाजिक तथा आर्थिक भेदभाव र दुर्व्यवहार पनि एक जटिल रुपमा विकास हुदै गएको अवस्था छ तसर्थ यस्ता समस्यालाई वेलैमा चिनौं, बुझौं र यसको शिकार हुनबाट बचौं ।

**के तपाईलाई थाहा छ बालविवाह गरेमा कति सजाय हुन्छ ?**

- १० वर्ष उमेर नपुगेकी बालिकाको विवाह गरे-गराएमा ६ महिनादेखि ३ वर्षसम्म कैद र १ हजार रुपैयाँदेखि १० हजार रुपैयाँसम्म जरिवाना
- १० वर्षभन्दा माथि र १४ वर्ष नपुगेकी बालिकाको विवाह गरे-गराएमा ३ महिनादेखि १ वर्षसम्म कैद र ५ हजार रुपैयाँसम्म जरिवाना ।
- १४ वर्षभन्दा माथि १८ वर्ष नपुगेकी किशोरीको विवाह गरे-गराएमा ६ महिनासम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय
- संरक्षकको मन्जुरीबिना २० वर्ष उमेर नपुगेका पुरुष बा महिलाको विवाह गरे-गराएमा ६ महिनासम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

# तस्बिर आफै बोल्छ



जिल्ला सरोकारवालाहरुबीच
वार्षिक समिक्षा कार्यक्रम
रामग्राम-३, नवलपरासी
२०६९ पौष ३ गते
सहयोग
Save the Children
आयोजक:
इन्द्रेणी समाज केन्द्र (ISK) नेपाल
फिल्ड कार्यालय: परासी, न.प.




नवलपरासीका बालबालिकाका लागि
५ वर्षे दीर्घकालिन रणनितिक योजना सम्बन्धि
कार्यशाला गोष्ठी
आयोजक
जिल्ला बाल कल्याण समिति
नवलपरासी











# बालबालिकामाथि हुने दुर्व्यवहार बारे जानौं र सुरक्षित हुन सिकौं

**बालयौन दुर्व्यवहारजन्य केही क्रियाकलापहरु**

**यौन दुर्व्यवहारबाट बच्ने केही उपायहरु**




"बालबालिकामाथि हुने यौनदुर्व्यवहार अक्षम्य अपराध हो, यस्ता अपराधीलाई कानुनी दायरामा ल्याई कार्वाही गरौं ।"

## बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।





बालविवाह कानूनी रुपमा दण्डनीय छ, कानूनको पालना गरौं/गराऔं ।



बालविवाहका कारण कम उमेरमा गर्भवती भई स्वास्थ्यलाई जोखिममा नपारौ ।



बालविवाह गरी घरेलु हिसांमा नफसौ ।



बालविवाह गरी शिक्षाबाट बञ्चित नहौं ।



बालविवाह अन्त्य गरौं ।


**मुख्य कार्यालय :**
झिरूबास, पाल्पा
फोन : ०७५-६९१४४२

**सम्पर्क कार्यालय :**
तानसेन, पाल्पा
फोन : ०७५-५२००९१
E-mail: iskpalpa@yahoo.com

**फिल्ड कार्यालय :**
रामग्राम (परासी), नवलपरासी
फोन : ०७८-५२०६८५
E-mail: isknawalparasi@gmail.com